# वार्षिक प्रतिवेदन

## २०७८/०७९



WORKING TOGETHER FOR CHANGE THROUGH EMPOWERMENT

SAHAKARMI SAMAJ

सहकर्मी समाज

# दुई शब्द



नेपालमा यस वर्ष संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछिको दोश्रो स्थानीय तहको निर्वाचन २०७९ वैशाख ३० गते सम्पन्न भई स्थानीय सरकारले आफ्नो कामहरु सुरु गरेका छन् । संघीय संसद् प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन मंसिर ४ गते सम्पन्न भएको छ । लामो संघर्ष, त्याग र बलिदानबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको संस्थागत विकासका लागि आवधिक निर्वाचन प्रकृयामा आम मतदाताहरुको सक्रिय सहभागिताको अपेक्षा गरिएको हुन्छ । नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तहका ब्यवस्थापिका, कार्यपालिका र न्यायपालिका स्थापित गरी राज्यशक्तिको बांडफांट गरिएको राज्यको संरचना चलायमान भई आम नागरिकहरुको जीवन सहज र समृद्ध हुने सपनालाई साकार पार्नका लागि राजनीतिक नेतृत्व गम्भीर बन्नु आवश्यक छ ।

नेपालका राजनीतिक दलहरु र ती दलका अगुवाहरुले गम्भीर ढंगले आत्म समीक्षा गरी राजनीतिक दलभित्रको लोकतान्त्रिक विधि, प्रणाली र प्रकृयालाई पुनपर्रिभाषित गर्दै सीमान्तिकृत, अल्पसंख्यक तथा लोपन्मुख समुदायलाई राज्यको मूल प्रवाहीकरणमा ल्याई उनीहरुको जीवन सहज बनाउने, श्रमको सम्मान गर्ने वातावरण निर्माण गर्ने र देशको युवा जनशक्तिलाई आफ्नै देशभित्र रोजगारीको सुनिश्चतता मार्फत आधारभूत मानवअधिकार र सामाजिक न्यायको प्रत्याभूति आजको आवश्यकता हो ।

समुदायलाई एकआपसमा मिलेर काम गर्ने, शान्ति तथा सामाजिक न्याय प्राप्तिका लागि उच्च मनोबलको वातावरण निर्माण गर्दै सहकर्मी समाजले आफ्नो स्थापनाकालदेखि नै विकासलाई सहभागीमूलक तथा जनकेन्द्रित बनाउन प्रयत्नशील छ । सहकर्मी समाजले बितेको २५ वर्षसम्म निरन्तर रुपमा स-शक्तीकरण र सामाजिक रुपान्तरणका लागि सहजीकरण (फेष्ट)प्रकृयाको अवलम्बन गर्दै आइरहेको छ ।

स-शक्तीकरण तथा सामाजिक रुपान्तरणका लागि सहजीकरण अभियानलाई मियो बनाउँदै विकास प्रकृयामा समुदाय र ब्यक्तिको भूमिकालाई क्रियाशील बनाउन एवं सहकर्मी समाजका सिकाइहरुलाई आदान-प्रदान गर्ने क्रममा २०७८/०७९ मा सम्पन्न क्रियाकलापहरु र त्यसको प्रभावलाई वार्षिक प्रतिवेदनको रुपमा यहाँहरुको बीचमा ल्याउन पाउँदा मलाई अत्यन्त खुशीको अनुभूति भैरहेको छ ।

सहकर्मी समाजले अवलम्बन गर्दै आएको स-शक्तीकरण तथा सामाजिक रुपान्तरणका लागि सहजीकरण (फेष्ट) प्रकृयालाई अगाडि बढाउनका लागि हातेमालो गर्ने सहयोगी साझेदार संस्थाहरुको निरन्तरको भूमिका महत्वपूर्ण रहेको छ । यस अवसरमा सहकर्मी समाजलाई आर्थिक तथा प्राविधिक रुपमा सहयोग गर्ने साझेदार संस्थाहरु क्रमशः आईरिसएड तथा सेफ आयरल्याण्ड, ईको कोपरेशन नेपाल, विकास कोष नर्वे, युरोपियन युनियन, वास एलाइन्स, वाइल्डगेज फाउण्डेशन, कोड एड, फास्ट एन , भेरी नगरपालिका, जगन्ननाथ गाउँपालिका र जुनीचाँदी गाउँपालिकालाई विशेष धन्यवाद दिन चाहान्छु ।

फेष्ट अवधारणा विकास तथा विस्तारका क्षेत्रमा विशेष योगदान दिनु हुने रोजर, डा.अमिना सिंह, डा. पल डोहर्टी, स्कट स्मिथ, हैंक पिटर, जीम सेम्सन, विद्यानाथ भूर्तेल  र योगी कायस्थ सरलाई विशेष धन्यवाद दिन चाहान्छु ।

समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरु, अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघसंस्थाहरु तथा स्थानीय तथा प्रदेश सरकारहरुलाई धन्यवाद दिँदै आगामी दिनहरुमा हाम्रो सहकार्यको यात्रा जारी रहने विश्वास लिएको छु । सहकर्मी समाजका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, प्रतिबद्ध कर्मचारीहरु जसको सहयोग बिना यो काम सम्भव थिएन, सहकर्मी समाजको निरन्तरको यात्रालाई सँगठित, क्रियाशील  तथा ब्यावसायिक दक्षता प्रदान गर्ने सबै सहकर्मीहरुको प्रशंसा गर्न चाहान्छु ।  सहकर्मी समाजको नेतृत्वलाई जीवन्त बनाउँदै संयोजनकारी तथा नेतृत्वदायी भूमिका निर्वाह गर्ने कार्यक्रम ब्यवस्थापन समितिका सदस्यहरु र कार्यकारी निर्देशक अम्मरबहादुर ऐरलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

मिठ्ठु कार्की
का.वा. अध्यक्ष

# विषय सूची


## कार्यकारी सारांश ४-८

क. सहकर्मी समाजको बारेमा ......... ९

ग. संक्षेपमा वार्षिक गतिविधिहरु ९

## सामुदायिक सु-शासन सवलीकरण १५-३७

क. समस्या विश्लेषण, कार्ययोजना तथा कार्यान्वयन १६

ख. सामुदायिक सुशासनका लागि क्षमता विकास १८

ग. सरकारी सेवा सुविधामाथिको पहुँच २१

घ. जीविकोपार्जन सुधार २३

ङ. सामुदायिक सुविधा निर्माण २५

च. सामुदायिक स्वास्थ्य तथा सरसफाइ २७

छ. शैक्षिक गुणस्तर विकास ३०

ज. वन तथा वातावरण संरक्षण ३१

झ. शान्ति तथा पुनर्मिलन ३३

ञ. स्थानीय सरकारसँग सम्वन्ध विस्तार तथा क्षमता विकास ३४

ट. कोभिड-१९ आपतकालीन प्रतिकार्य नेपाल कार्यक्रम ३६

## संस्थागत क्षमता विकास ४१-४९

क. संस्थागत सुशासन सवलीकरण ४२

ख. संस्थागत सिकाई तथा सञ्जाल विस्तार ४५

ग. साझेदारी विकास ४७

घ. श्रोतमाथिको पँहुच वृद्धि तथा दिगोपना ४८

ङ पैरवी क्षमता विकास ४९

## फेष्ट अवधारणा विकास तथा विस्तार ५१-४०

क. नीति तथा कार्यप्रकृया विकास तथा विस्तार ५२

ख. क्षमता विकास तालिम ५३

ग. कोचिंग तथा परामर्श ५३

घ. प्रकाशन तथा सूचना सम्प्रेषण ५३

## सहकर्मी समाजका संस्थागत विकास तथा गतिविधि ५५

## सहकर्मीबारे जनप्रतिनिधिहरु ५६

आय व्यय २०७८/७९ एकीकृत वासलास ५९-६०



# कार्यकारी सारांश

समुदायको विकास प्रक्रियामा उनीहरुको पहुँच र नियन्त्रण बढाई अर्थपूर्ण सहभागितामा परिवर्तन ल्याउन विगत २५ वर्ष देखि सहकर्मी समाजले विकास प्रक्रियाको सहजीकरण गर्ने वातावरण निर्माण गर्दै आइरहेकोछ । सहकर्मी समाजका कार्यक्रहरुमा सामुदायिक सु-शासन सवलीकरणमा केन्द्रित छन। समुदायको रुपान्तरणका लागि स्वयं समुदायकै मानिसले अग्रसरता र नेतृत्व लिने र उनीहरुको आवश्यकता, योजना र मागका आधारमा सेवा प्रदायक संस्थाहरुले सहयोगका हात बढाउने विधि र पद्धतिको विकासले मात्र दिगो विकास सम्भव छ भन्ने कुरामा सहकर्मी समाजको दृढ विश्वास रहेको छ । समुदायको परिवर्तन अरुले गरी दिने होइन, परिवर्तनको स्वामित्व स्वयं समुदायले नै लिने वातावरण निर्माण गर्नु आवश्यक छ।

कोशेली कार्यक्रम तथा टोल विकास संस्था परिचालन कार्यक्रम अन्तर्गत जाजरकोटमा अस्तित्वमा रहेका १ सय ६० समूहको यो वर्ष १ हजार ९ सय ६ वटा बैठकहरु सम्पन्न भएका छन् । समूहहरुको बैठकमा पोषण तथा स्वास्थ्य सफाइ, खाद्य सुरक्षा, जलवायु परिवर्तन, आर्थिक सशक्तीकरण, सामुदायिक सुशासन र लैंगिक समता तथा सामाजिक समावेशीकरण, शैक्षिक गुणस्तर सुधार सम्बन्धी १ हजार २ सय ५३ समस्या विश्लेषण गरी १ हजार २ सय ६० कार्ययोजना निर्माण भई १ हजार १ सय ५३ कार्ययोजना कार्यान्वयन भएका छन् ।

विकास कोष नर्वेको आर्थिक सहयोग र सहकर्मी समाजको साझेदारीमा संचालित कोशेली कार्यक्रम अन्तर्गत दंगीशरण गाउँपालिकाको समृद्ध समाजमा समुदायका विभिन्न साझा समस्यामा छलफल तथा विश्लेषण गरी सरल र सहज तरिकाले सम्पन्न गर्न सकिने उपयुक्त विकल्पको खोजी गरी समुदायकै अग्रसरतामा विभिन्न कार्ययोजना निर्माण तथा कार्यान्वयन र मूल्याकंन गर्दै आइरहेका छन् । जसमा समूह, मूलसमिति र संस्थाको नियमित वैठक ७ सय ८९ वटा ७ सय ४१ वटा सामुदायिक समूह बैठकमा साझा समस्या माथि विश्लेषण गरिएको छ र ५ सय ८९ वटा कार्ययोजना निर्माण गरी कार्यान्वयन तथा मूल्याकंन गरिएको छ।



समाज विकास सञ्जालका २१ वटा समूहले बैठकघर मर्मत गरेका छन् । ६८ वटा समूहले १ सय ३० वटा खानेपानीका

धारा, पधेरा र कुवाहरु निर्माण तथा मर्मत गरेका छन् । ४६ वटा समूहले समुदायको करिब २३ कि.मि. गोरेटो बाटो मर्मत कार्य सम्पन्न गरेका छन् । ७ वटा समूहले विभिन्न ठाउँका ११ कि.मि. मोटरबाटो मर्मत तथा सरसफाइ गरेका छन् । विभिन्न समूह शिक्षक, विद्यार्थी अभिभावकबीच शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरक्रिया सम्पन्न गरेका छन् ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रम ओगटेका चारवटा पालिकामा निर्मित ९५ वटा समूहका १ हजार ९ सय ५१ महिला र ३ सय २० पुरुष गरी २ हजार २ सय ७१ जना सदस्य प्रत्यक्ष रुपमा लाभान्वित छन् । युवा सहभागिता बढेको छ । युवाहरु सरोकारवाला निकायमा गएर आफ्ना समस्या राख्न थालेका छन । अन्य महिला, दलित, बालबालिका अपांग लगायत पिछडिएको वर्ग र लिंगका मानिसको हरेक क्षेत्रमा सहभागिता बढदै गएको छ । यस परियोजनाको प्रभावले गर्दा जुनीचाँदे गाउँपालिकामा ९ लाख बजेट प्राप्त गरी २४ वटा टोल विकास संस्था क्रियाशील रहेका छन् ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा नियमित समस्या विश्लेषणले समुदायका समस्या समाधान गर्ने एक साधन भएको छ । समुदायका मानिसहरुले भोगिरहेका समस्या  समाधान गर्न सहज भएको छ । यो वर्ष विभिन्न विषयमा विश्लेषण गरिएको समस्या विश्लेषणहरु १ सय ८५ वटा गरिएको छ कार्ययोजना निर्माण १ सय ९५ भएका छन् ।

भेरी सामुदायिक विकास मञ्चको १३ वटा मूल समिति र ९५ वटा समूह र पश्चिम जाजरकोट विकास समाजको ९ वटा मूल समिति र र ६५ वटा समूहको वार्षिक साधारणसभा तथा सामाजिक लेखापरीक्षण  सम्पन्न भएको छ ।

दंगीशरण गाउँपालिकामा सीमान्तकृत समुदायका मानिसको जीवनस्तर सुधार गर्नका लागि, उनीहरुको हकअधिकार सुनिश्चित गर्नका लागि कार्ययोजना, निर्णय सुनुवाइ गर्नका लागि ३ वटा वडामा सरकारी सेवासुविधा प्रवाह तथा गुणस्तरमापन अन्तरक्रिया कार्यशाला सम्पन्न गरिएको छ । स्थानीय सरकारबाट उपलब्ध हुने सेवासुविधा प्राप्तका लागि ५१ वटा समूहका सदस्यलाई विभिन्न कार्यक्रममा निवेदन पेश गर्नका लागि सहयोग र समर्थन गर्दै आएको छ ।

मैनापोखर बर्दियामा पालिकास्तरीय पोषण मेला १ वटा ५७ महिला र २२ पुरुष, ८९ अवधारणा तालिम २ वटा ४२ महिला ९ पुरुष गरी ५१ जना, तिज विशेष कार्यक्रम १ वटा ४२ जना, उद्यमशीलता विकास तालिम १ वटा १७ महिला ३ पुरुष गरी २० जना, तरकारी नर्सरी स्थापना तालिम १ वटा १५ महिला ९ पुरुष गरी २४ जना सहभागी भएका छन् ।

कोशेली कार्यक्रमअन्तर्गत त्रिवेणी विकास समाजअन्तर्गत आबद्ध रहेका ५ वटा मूल समितिको अगुवाइमा कुपोषण, सरसफाइ, स्वस्थ्य, शिक्षा, कोभिड-१९ बालविवाह, घरेलु हिंसा, प्रकोप, जीविकोपार्जनसम्बन्धी वैकल्पिक आयस्रोत, पशुपालनमा देखिने रोग, तरकारी खेती, विवादजस्ता २७ वटा समस्यामा विश्लेषण तथा कार्ययोजना निर्माण गरिएको थियो । जसमा २३ वटा योजनालाई कायन्वयन गरिएको छ ।



कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजालले स्थानीय सरकारको योजना निर्माण तथा कार्यान्वयन प्रकृयामा सीमान्तकृत समुदायका मानिसको पहुँचमा वृद्धि गर्न उनीहरुको सहभागितामा वृद्धि गर्न, समुदायका नागरिकहरुको अधिकार र कर्तव्यका बारेमा सचेतना बढाउन स्थानीय सेवा सुविधा पहुँचमा वृद्धि गर्नका लागि समाज विकास विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको छ ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत वडा पालिकामा नियमित भेटघाट गरेर १ हजार १ सय  फलफूलका विरुवा, २ वटा समूहले बाखापालन एउटा समूहले ६० केजी गहुँको बीउ, एकवटा समूहले खानेपानी मर्मत, २ वटा समूहले विद्यालय घेरबार, एक जनाले मिलको मर्मत, ७ वटा समूहका ५६ जना सदस्यले कृषि शाखाबाट अनुदानमा प्याज, मूला, धनियाँ भाजी लगायत तरकारीको बीउ पाएका छन् । २ वटा समूहले घाँसको बीउ पाएका छन । २ वटा समूहका ३७ जनाले ५० प्रतिशत अनुदानमा गहुँको बीउ पाएका छन ।

जाजरकोटमा अस्तित्वमा आएका कार्यसञ्जाल संस्था पश्चिम जाजरकोट विकास समाज र भेरी सामुदायक विकास मञ्चमा आबद्ध १ सय ६० समूह मध्ये १ सय ४० वटा समूहले बचत कोषको स्थापना गरी गरिएको बचत २ करोड २२ लाख ५५ हजार ५ सय ६५ पुगेको छ ।

जुनीचांदे गाउँपालिका जाजरकोटको ३ वटा वडामा खाद्य सम्प्रभूताका लागि समुदायमा आधारित वातावरण अनुकूलन दिगो कृषि अभ्यास कार्यक्रमअन्तर्गत २४ वटा सामुदायिक समूहमा ५ सय ९४ घरधुरी समेटिएकोछ। २४ वटा सामुदायिक समूहमा ४ सय ४५ महिला र १ सय ४९ पुरुष गरी ५ सय ९४ जना सहभागी रहेका छन्।

जगन्नाथ गाँउपालिका बाजुरामा कोशेली कार्यक्रममा गठन भई सक्रिय रहेका सामुदायिक समूहहरुले खानेपानी तथा सरसफाइ, वन तथा वातावरण, शौचालय निर्माण तथा प्रयोग, बाटोघाटो निर्माण, करेसाबारी निर्माणलगायतका क्षेत्रमा विभिन्न योजना बनाई कार्यान्वयन गर्दै आइरहेका छन्।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत सामुदायिक समूहहरुले समस्या विश्लेषणपछि बाटो २ किलोमिटर निर्माण, ६ कि.मि. बाटो मर्मत, ३३ वटा धारा मर्मत, २३ वटा चर्पी निर्माण तथा मर्मत गरेका छन्। समूह तथा टोलविकास संस्थाहरुले चलाएका सरसफाइ अभियानले अहिले समुदायमा सरसफाइ भएको छ। मानिसहरु नियमित साबुन पानीले हात धुने नुहाइ धुवाइमा ख्याल गर्ने, स्वास्थ्यका लागि आवश्यक वस्तुको प्रयोग गर्ने, आनी बानीमा सुधार गर्ने जस्ता परिवर्तन भएका छन्।

खानेपानी, स्वास्थ्य तथा सरसफाइ दिगो विकास लक्ष्य प्राप्तिको लागि संचालित खानेपानी, स्वास्थ्य तथा सरसफाइ परियोजनाअर्न्तगत सिमाबि नेदरलेण्डको आर्थिक सहयोग लुमन्ती आवासका लागि सहयोग समूहको प्राविधिक सहयोग र सहकर्मी समाजको सहयोग तथा सहजीकरणमा बाँकेका २ वटा पालिका र सुर्खेतको २ वटा पालिका रहेका छन्। बाँकेको कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिका र सुर्खेतको भेरीगंगा नगरपालिका र बरहाताल गाउँपालिकामा संचालित "दिगो विकास लक्ष्य प्राप्तिका लागि खानेपानी, स्वास्थ्य तथा सरसफाइ" (WASH SDG) कार्यक्रमलाई दिगो तथा प्रभावकारी बनाउनको निमित्त कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिकाहरुको समन्वयमा विभिन्न वडामा वास समन्वय समिति गठन, टोल विकास संस्था गठन, आमा समूह, सरसफाइ समूह जम्मा ९५ वटा गठन गरी टोलहरुमा सरसफाइ अभियान सन्चालन गर्नका लागि मासिक बैठक बस्ने गरेको छ।

समाज विकास संजालले समुदायको विकास समुदायकै अग्रसरताबाट हुनुपर्दछ, भन्ने मान्यताबाट यहाँका सीमान्तकृत समुदायको विकासमा टेवा पुग्ने खालका काममा समूहका मानिसले विभिन्न योजना निर्माण गर्ने र उक्त योजना कार्यान्वयन गर्दै आएका छन्। एउटा मूलसमिति भवनमा शौचालय तथा पर्खाल निर्माण गरिएको छ। ७ वटा समूह घर निर्माण तथा मर्मत भएको छ। १ सय ३० वटा खानेपानीका मुहान कुवा मर्मत तथा निर्माण गरिएको छ। खानेपानीको मुहान वरिपरि करिब ८ हजार बिरुवा वृक्षारोपण गरिएको छ र ७ वटा मुहानमा तारबार गरिएको छ।



दंगीशरण गाउँपालिकाको वडा नं २,३, ६ र ७ मा ४ जना विपन्न परिवारका विद्यार्थीलाई छात्रवृत्ति कोष वितरण, एक वटा मूलसमितिमा एकजना विपन्न परिवारको विद्यार्थीलाई २/२ दर्जन कापी र कलम सहयोग गरिएको छ। ११ जना विद्यालयको संचालक समितिमा बसेका छन् भने २ सय ४४ जना विद्यालयको अभिभावक भेलामा सहभागी भएर विद्यालयको गतिविधिको बारेमा जानकारी लिएका छन्।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत ५४ वटा समूहले विद्यालयमा आउने सेवा सुविधा तथा छोराछोरीको पढाइका बारेमा बुझेका छन्, नियमित विद्यालयमा नआउने शिक्षक तथा विद्यार्थीलाई नियमित आउन दबाब सृजना गरेका छन्।

वातावरण संरक्षण तथा प्रवर्द्धनका लागि समाज विकास संजालको, मूलसमिति तथा समूहको प्रत्येक कार्यक्रम, अन्तरक्रिया, अभियान, साधारणसभामा प्लाष्टिकको प्रयोग शून्य गरिएको छ। प्लाष्टिकको प्लेटको ठाउँमा पातको दुनाटपरी, प्लाष्टिकको ब्यानरको ठाउँमा कपडा तथा कागजको ब्यानर, ब्याचको ठाउँमा पिपलको पातको ब्याच, फूलका मालाको प्रयोग गरिएको छ।

कोसेली कार्यक्रमअन्तर्गत दंगीशरण गाउँपालिकामा सामुदायिक मेलमिलापबाट १८ समूहले सामूहिक रुपमा धान रोप्ने गहुँ, तोरी, मसुरो काट्ने मल फाल्ने, पराल बोक्ने मिलेर काम गर्ने नियमित रुपमा गर्दै आएका छन्। कोसेली कार्यक्रमअन्तर्गत दंगीशरण गाउँपालिकामा ४ समूहले वडाबाट ११ लाख ४९

हजार बजेट प्राप्त गरी सामुदायिक भवन निर्माण गरेका छन् । एउटा समूहले कृषि ज्ञानकेन्द्रबाट ५० हजार बजेट प्राप्त गरी सामूहिक तरकारी खेती गरेका छन् ३७ समूहले कृषिशाखाबाट २ सय ५९ केजी घाँसको बीउ प्राप्त गरेका छन् । श्रोत प्राप्तिका लागि २२ वटा समूह तथा मूलसमितिले विभिन्न ४० वटा कार्यक्रम बनाई पेश गरेका छन् । वडा तथा गाउँपालिका र अन्य संघसंस्थासँगको नियमित भेटघाट भएको छ । ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत सहकर्मी समाजको कार्यप्रकृया र सामुदायिक समूहहरुको काम गर्ने तरिकाले गर्दा दिनप्रतिदिन सामुदायिक समूह, मूलसमिति र साझेदार संस्थाहरुले सरकारी सेवा सुविधामाथिको पहुँचमा वृद्धि गरेका छन् । यो वर्षमात्र १ करोड बराबरका ४६ वटा योजनाहरु प्राप्त गरेका छन् ।

सीमान्तिकृत समुदायमा सामुदायिक समूहहरुको स-शक्तिकरणपछि समुदायमा आधारित कार्यसञ्जाल संस्था निर्माण गरी त्यस्ता संस्थाहरुको क्षमता विकास गरी सामुदायिक समूहहरुलाई सँगठित र दिगो रुपमा अगाडि बढाउँदै लैजाने रणनीति लिँदै आएकोछ। सहकर्मी समाजले बांके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर, दाङ र जाजरकोटमा २० वटा समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको संस्थागत विकासका लागि विभिन्न किसिमका तालिम, अन्तरक्रियाहरुको सहजीकरण तथा परामर्श प्रदान गर्दै संस्थागत विकासमा समर्थन गरिरहेको छ ।

कोशेली कार्यक्रमअन्तर्गत नेपाल गन्धर्व समाज सोरहवा, बर्दियामा ज्योति समूहका २५ घरमध्ये १७ घर परिवारमा आयआर्जनका कामहरुले परिवारको आर्थिक र सामाजिक अवस्था सुधार भएको छ। १३ घर बाख्रापालन, १ घर, बंगुरपालन २ घर, भैसीपालन एकघरले खुद्रापसल गरेर आयआर्जन गरेका छन् । अन्य ८ घरले करेसाबारी तरकारीखेती र मजदुरी गरेर जीविकोपार्जन गरेका छन् । छोरा छोरीहरुलाई स्कुल पठाउने, सरसफाइ गर्ने, मौसमअनुसारका कपडा लगाउने अवस्थामा सुधार भएको छ। समूहमा बचत गरेर महिलाहरुले आवश्यकता अनुसार पालोपालो ऋण लिएर घर धन्दा चलाएका छन् ।

त्रिवेणी विकास समाजले कोहलपुर नगरपालिकासँग महिला, बालबालिका, अपांग तथा ज्येष्ठ नागरिक सशक्तीकरण कार्यक्रम र कोरोना भाइरसविरुद्ध जनचेतनामूलक कार्यक्रम गरी २ वटा कार्यक्रममा जम्मा २ लाख ५० हजारको कार्यक्रमका लागि साझेदारी गरी कार्यक्रम सम्पन्न गरेको छ ।

संस्थामा तयार गरिएका नीति नियम, विधानहरुको दस्तावेजीकरण गरिएको छ । संस्थाको वार्षिक रुपमा अवस्था विश्लेषण गरी कमजोर रहेका क्षेत्र पत्ता लगाउने र योजना बनाइ कार्यान्वयन गरिएको छ । मूलसमिति तथा संस्थामा लेखा व्यवस्थापन तालिम सञ्चालन गरिएको छ ।

सीमान्तकृत समुदायका मानिसहरुको सीप क्षमताको विकासका लागि नियमित समर्थन गर्दै आएको छ । समुदायमा रहेका विद्यमान समस्याहरुको छलफल तथा विश्लेषण गर्ने र समाधानका लागि स्थानीय श्रोत साधनको प्रयोग तथा संरक्षणमा वृद्धि भएको छ, समाधान गर्न जटिल समस्या समाधानका लागि सम्बन्धित निकायमा पेश गर्ने, पहल गर्ने कार्य नियमित भएको छ । श्रोतमाथि पहुँच वृद्धि तथा दिगोपनाका लागि स्थानीय सरोकारवाला र समुदायबीच नियमित अन्तरक्रिया, सहकार्य, भेटघाट संवाद गर्ने आफ्ना योजनाहरु पेश गर्ने कार्य नियमित हुँदै गएको छ ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा सामुदायिक समूहहरुले भोगिरहेका साझा सवाल तथा समस्याको पहिचान गरी समाधानका लागि बहस छलफल तथा पैरवी गरी समुदायको क्षमता विकास गरिरहेकोछ । साझा सवाल र समस्याको विषयमा अगुवाई समुदायका अगुवा नेतृहरु तयार गरी जनशक्ति विकास समाजले सहजीकरण गर्ने काम गर्दै आएको र भविष्यमा निरन्तर वकालत र पैरवी गर्ने योजना बनेको छ ।

शिवालय गाउँपालिका र पश्चिम जाजरकोट विकास समाजवीच घुम्तीकोष परिचालन कार्यक्रमका लागि गाउँपालिकासँग कुराकानी भई कार्यक्रम निर्माण र सम्झौताका लागि प्रकृया अगाडि बढिरहेको छ । शिवालय कृषि विकास शाखा र पश्चिम जाजरकोट विकास समाजबीच साझेदारी विकास गरी समुदायका मानिसलाई फलफूल खेती, तरकारी खेती, खाद्यवाली उत्पादन वृद्धिका लागि आवश्यक समर्थन तथा कृषि तालिमहरु उपलव्ध गराएको छ ।

मानिसहरुमा सकारात्मक सोच र धारणाको विकास तथा व्यवहारमा परिवर्तनका लागि सहजीकरण गर्दै उनीहरुमा विकास भनेको आफ्नो जीवन सहज बनाउनका लागि आवश्यक रहेको धारणा ल्याउँदै विकास अभियानमा सहभागिता बढाउँदै सरकारी सेवा सुविधाहरुको प्रकृया बुझ्ने र श्रोत प्राप्तिका लागि आवश्यक चासो राख्ने वातावरण निर्माण गर्दै आईरहेको छ ।

सहकर्मी समाजको समर्थनमा निर्माण भएका बांके, बर्दिया, दाङ, जाजरकोट, कैलाली, कञ्चनपुर र बाजुरामा सञ्चालनमा

रहेका समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरु, मूलसमिति र सामुदायिक समूहहरुको संस्थागत विकासका लागि नियमित रुपमा कोचिङ तथा परामर्श सेवा सञ्चालन गरिएको थियो ।

सहकर्मी समाजले स्थापना कालदेखि नै उपेक्षित तथा सीमान्तकृत समुदायको सामुदायिक सशक्तीकरण, सामुदायिक सुशासन सवलीकरण, जीविकोपार्जन सुधार, संस्थागत विकास, मानव अधिकार र कर्तब्य प्रवर्द्धन, शान्ति तथा मेलमिलाप, स्वास्थ्य तथा सरसफाइ आदि क्षेत्रमा काम गर्दै आएकोछ । सहकर्मी समाज सशक्तीकरण र सामाजिक रुपान्तरणका लागि सहजीकरण (फेष्ट) अवधारणामा विश्वास गर्ने गैरसरकारी संस्था हो ।

आर्थिक वर्ष २०७८/०७९ मा बेमौसमी अत्यधिक वर्षात्का कारण आएको बाढी, पहिरो, डुबान तथा कटानले देशब्यापी रुपमा ठूलो जनधनको क्षति र पाकेको धानबालीमा क्षति भयो । देशको न्यायपालिका सर्वोच्च अदालतमा बार र बेञ्चबीचको द्वन्द्व र सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराविरुद्ध प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव पेश भयो । देशका प्रमुख राजनीतिक दलहरु नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी र राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका दलहरुको राष्ट्रिय महाधिवेशनहरु सम्पन्न भएका छन् ।

रुस-युक्रेन युद्धका कारण विश्वब्यापी रुपमा पेट्रोलियम पदार्थको अत्यधिक मूल्यवृद्धि र नेपालमा त्यसको ब्यापक प्रभाव देखियो । राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको निस्कासन तथा सर्वोच्चद्वारा पुनर्बहाली भयो । देशमा लोकतान्त्रिक गणतन्त्र स्थापनापछिको स्थानीय तहको दोश्रो आवधिक निर्वाचन सम्पन्न भयो । कोरोना महामारीको दोश्रो र तेश्रो लहर, कोभिड खोप अभियान सम्पन्न भयो । अमेरिकी सहयोग मिलिनियम च्यालेन्ज कोपरेशन (एमसीसी) संसदबाट ब्याख्यात्मक घोषणासहित अनुमोदन गरिएकोछ । नेपालको आर्थिक सामाजिक तथा राजनीतिक रुपमा सकारात्मक र नकारात्मक दुवै प्रभाव देखा परेको छ ।

सफलताको कथा

## रुपान्तरणको अर्थ बल्ल बुझेँ

तरकारी खेती राम्रो हुँदै गएपछि विनिता चौधरीले आजभोलि चारकठ्ठा जग्गामा बाह्रैमास तरकारी खेती गर्दै आएकी छन् । उनले समयअनुसार खोलामा खोलेसाग फलाएर आम्दानी गर्छिन् । पहिले एक हप्तामा एक छिट्वा बराबर तरकारी हुन्थ्यो । अहिले उनले दिनहुँ बेच्ने तरकारी फलाउँछिन् । एकै सिजनमा विनिताले ६० हजार कमाइन् । घरमै कमाइ सुरु भएपछि उनका श्रीमान मजदुरी गर्न कम हिँड्छन् । तरकारीको आम्दानीले छोरा छोरीलाई क्याम्पस पढाएकी छन् । फुर्सदको समयमा छोराछोरीले घरको काममा सघाउने गर्दछन् ।

विनिता दंगीशरण गाउँपालिका-५ कुमलगडीमा गठित लालीगुराँस समूहकी अध्यक्ष हुन् । उनका श्रीमान्ले गाउँमै पाए मजदुरी गर्थे नपाए घरमै खाली बस्थे । अहिले उनलाई घरमै स्वरोजगार भेटिएको छ । परिवार पाल्ने आम्दानीको श्रोत तरकारी भएको छ । तरकारी बेचेर नुन तेल, रासन र बालवच्चाको पढाइ खर्च चलाउँदै आएका छन् ।

समूहबाट पाएको प्रेरणाले गर्दा उनी सफल हुँदै गएको बताउँछिन । उनले तरकारी र धानको बीउ घरमै राख्छिन् । स्थानीय सुक्खा २ धानको बीउ र तरकारी बीउ क्रमश:



टिपेस आलु, खुर्सानी, टमाटर, मेथी, रायो, चमसुर, केराउ, भिन्डी र मूलाको बीउ घरमै संरक्षण गर्छिन् र प्रयोगमा ल्याउँछिन् । वर्षेनी बीउ किन्ने पैसा बचत भएको छ ।

तरकारीले रोजगारी प्रदान गरी जीवन सार्थक र सहज भएको छ । अर्गानिक वस्तुको प्रयोगले स्वास्थ्यमा सुधार आएको छ । उनी अरुका अनुभव सुन्छिन् र आईडिया लिन्छिन् । तरकारीलाई व्यावसायिक उत्पादन गर्ने उनको रुची छ । उनले २ वटा बंगुर पनि पालेकी छन् । सहकर्मी समाजले सुरु सुरुमा व्यक्ति र समाजमा रुपान्तरण ल्याउने कुरा गरेको थियो । रुपान्तरणको अर्थ मैले बल्ल बुझे, विनिताले भनिन् ।

# सहकर्मी समाजको वारेमा

**परिकल्पना (Vision):**

'नेपालका उपेक्षित तथा सीमान्तकृत मानिसहरू एक समावेशी, अन्तरनिर्भरतापूर्ण, सु-शासित र दिगो समाजको समान र सक्रिय नागरिकका रुपमा न्यायिक तथा अधिकतम गुणस्तरीय जीवनको प्रत्याभूति गर्न सक्षम भएका हुनेछन् ।'

**ध्येय (Mission):**

'उपेक्षित तथा सीमान्तकृत मानिसहरू तथा त्यस्ता मानिसहरूको सेवामा समर्पित संघ-संस्थाहरूको क्षमता विकासलाई सुनिश्चित गर्नका लागि हक, अधिकार, अवसरहरू तथा श्रोतको न्यायिक वितरण र सबैका लागि अधिकतम गुणस्तरीय जीवन उन्मुख समावेशी सु-शासन प्रकृयाका लागि अग्रसरता लिनु तथा त्यसलाई दिगो बनाउँदै लैजानु सहकर्मी समाजको ध्येय हुनेछ ।'

**रणनीतिहरू (Strategies):**

- सँगठन निर्माण तथा समस्या विश्लेषण समर्थन
- अधिकारमा आधारित विकासका लागि प्रकृया सहजीकरण
- सरोकारवाला पक्षका लागि तालिम तथा परामर्श
- तालिम तथा सिकाइ सामाग्रीको उत्पादन तथा वितरण

**सहयोगी साझेदार संस्थाहरू :**

- विकास कोष नर्वे
- आइरिस एड्/सामाजिक स्वास्थ्य शिक्षा परियोजना (सेफ) आयरल्याण्ड
- युरोपियन युनियन
- वास एलाइन्स/सिमाभि
- फाष्टेन एक्सन स्वीजरल्याण्ड
- भेरी नगरपालिका, जाजरकोट
- जगन्नाथ गाउँपालिका बाजुरा
- गौमुल गाउँपालिका, बाजुरा
- द एशिया फाउण्डेसन
- एलर्ट इण्टरनेसनल
- यूएनडीपी
- वाइल्ड ग्यान्जिन फाउण्डेसन
- कोर्डएड

## संक्षेपमा वार्षिक गतिविधि

- सहकर्मी समाजले विकास कोष नर्वेको सहयोगमा दाङ, जाजरकोट, बर्दिया र बाजुरामा कोसेली कार्यक्रम-२ (सन २०२१-०२५) सम्झौता सम्पन्न भई सञ्चालनमा रहेको छ ।
- सेफ/आईरिस एडको सहयोगमा सेफ/आईरिस एडको आर्थिक सहयोगमा बर्दिया, कैलाली र कञ्चनपुरमा सञ्चालनमा रहेको नेपाल सामुदायिक सशक्तीकरणका लागि स्थानीय सुशासन कार्यक्रम गत डिसेम्बर अन्तिम देखि फेजआउट भएको छ।
- बांके र दाङमा सञ्चालनमा रहेको इको कोपरेसन नेपाल/युरोपियन युनियनको आर्थिक सहयोगमा बांच्नका लागि कमाउन पाउने अधिकार (रियल) कार्यक्रम फेजआउट भएको छ।
- युरोपियन युनियनको आर्थिक सहयोगमा कालिकोट, जाजरकोट र सल्यान जिल्लामा सुशासनमा नागरिक सहभागिता कार्यक्रम सञ्चालनमा रहेको छ।
- सिमावि र वास एलाइन्सको आर्थिक सहयोगमा सन २०२० अगस्ट देखि प्रदेश नं. ५ को बाँके जिल्लाको कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिका तथा कर्णाली प्रदेशको सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका र बराहताल गाउँपालिकामा वास एसडीसी कार्यक्रम सञ्चालनमा रहेको छ।

- कोर्डएड/इको नेदरल्याण्डको आर्थिक सहयोगमा कोभिड १९ आपतकालीन प्रतिकार्य नेपाल कार्यक्रम बाँके र बर्दिया जिल्लाका सबै पालिकामा सञ्चालनमा रहेको कार्यक्रम र एक्ट एलाइन्सको आर्थिक सहयोगमा बाँके र दाङमा सञ्चालनमा रहेको कोभिड प्रभावितका लागि आयआर्जन कार्यक्रम फेजआउट भएको छ।
- यूनडीपीको आर्थिक सहयोगमा कर्णाली प्रदेशमा सञ्चालित जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालनमा रहेको छ।
- द एसिया फाण्डेसनको सहयोगमा सुशासन सवलीकरणका लागि टोल विकास संस्था निर्माण तथा परिचालन कार्यक्रम कर्णाली प्रदेश सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका र सुदूरपश्चिम प्रदेश कैलाली जिल्लाको टिकापुर नगरपालिकामा सञ्चालनको चरणमा रहेको छ।
- संक्रमणकालीन न्यायसम्बन्धी कार्यक्रम कर्णाली प्रदेशको सुर्खेत जिल्ला र रुकुमपश्चिम तथा लुम्बिनी प्रदेशको रुकुमपूर्व जिल्लामा सञ्चालनको चरणमा रहेको छ।
- सेफ/आईरिस एडको आर्थिक सहयोगमा शक्ति कार्यक्रम सुदूरपश्चिम प्रदेश कञ्चनपुरको बेल्डाडी गाउँपालिका, कैलालीको गौरीगंगा नगरपालिका, बाजुरा जिल्लाको जगन्नाथ र गौमूल गाउँपालिकामा सञ्चालनको चरणमा रहेको छ।
- सहकर्मी समाजको सहयोगमा कञ्चनपुर जिल्लाको बेल्डाडी र कैलाली जिल्लाको गौरीगंगा नगरपालिकामा रहेका समुदायमा आधारित संस्थाहरुसँगको सँगठनात्मक सवलीकरण कार्यक्रम फेजआउट भएको छ।
- सहकर्मी तालिम तथा अनुसन्धान केन्द्रको सहकर्मी समाजको कार्यालय हाताभित्रै तालिम तथा अनुसन्धान केन्द्रको दुईतले सुविधा सम्पन्न आवाशीय भवनको निर्माण कार्य सम्पन्न भई तालिम अनुसन्धानको कार्य सुरु गरिएको छ।

**सफलताको कथा**

## सिलाइकटाइ तालिमपछि व्यवसाय सञ्चालन

सहकर्मी समाज सुशासनमा नागरिक सहभागिता कार्यक्रम अन्तर्गत २०७६ सालमा नरहरिनाथ गाउँपालिका ८ मा गठित सृजनशील समूहको पहलमा २०७९ असार पहिलो हप्ता ४५ दिने सिलाइकटाइ तालिम सम्पन्न भएको छ । तालिममा ५ जना दलित महिला र १५ जना महिलाको सहभागिता रहेको थियो भन्नुहुन्छ समूह उपाध्यक्ष धनसरी विष्ट ।

गाउँमा महिलाहरुको आर्थिक अवस्था कमजोर, घरपरिवारको खर्च चलाउन गाह्रो भएको अवस्था रहेको हुँदा योजना तर्जुमा गोष्ठीमा समूहमा महिलाहरु सीप सिक्न र आयआर्जन गर्नका लागि सिलाइकटाइको माग विषयमा छलफल चल्यो । तालिम मांग गर्ने निर्णय भयो । जसअनुसार समूहबाट निवेदन र समूहको निर्णय वडा कार्यालयमा पेश गर्न समूहबाट २ जना गयौं । नियमित भेटघाट र समन्वयले वडाले पालिका र जिल्लामा रहेको उपभोक्ता हित संरक्षण कार्यालयमा समन्वय गर्न सिफारिस गरियो । भेटघाट गर्दा पालिकाले १ लाख ५० हजार बराबरको सामग्री र प्रशिक्षक उपलब्ध गराउने निर्णय भएको थियो । तालिम २०७८ फागुनदेखि सञ्चालन गरिने जानकारी समूहमा आयो । उक्त



तालिममा को को सहभागी हुने भन्ने विषयमा छलफल चल्यो । गाउँमै व्यवसाय गरी वस्न सक्ने, सो पेशा गर्न रुचि भएका २० जना सहभागी छनौट गरी पठायौं ।

सामुदायिक बैठक घरमा २०७८ वैशाखमा तालिम सञ्चालन गरियो । तालिममा २० जना महिला सहभागी भएका, तालिमका सहभागीहरु तालिम सिक्न मेसिन, कैंचि, प्रेश उपलब्ध गराइयो । तालिममा सबै सक्रिय भएर सिकिरहेका थिए । तालिम सकिएपछि आजभोलि घरमै सिलाइकटाइ गरी दैनिक १ हजार आम्दानी गरिरहेका छन् ।

# संघर्षले खारिएकी दिलकुमारी

संघर्षशील जीवनको अर्को नाम हो दिलकुमारी विक । उनी आमाको गर्भमा थिईन । बुबाले गर्भवती आमालाई स्याहार्न नमानेपछि उनको जन्म आमाको मामा घरमा भयो । (उनी एक वर्षकी भएपछि आमाले मामाघरबाटै अर्केसँग बिहे गरिन ।) दिलकुमारी दुधे बच्चा थिइन । उनी त्यहाँ हुर्किँदै गईन् । त्यहाँ पनि परिवारको आर्थिक अवस्था कमजोर थियो । उनीनै त्यहाँको पहिलो सन्तान थिइन । ५ कक्षा पढ्दै गर्दा १४ वर्षको उमेरमा दंगीशरण ३ चितानपुरमा दिलकुमारीको मागी विहे भयो । उनको घरमा अहिले श्रीमान्, सासु, छोरा, छोरी र आफू गरी ५ जनाको परिवार छ ।

साविकको पुरन्धारा गाविसको छिटापुर भन्ने गाउँमा आमाको मामा घरमा जन्मेर दाङको शान्तिनगर गाउँपालिका-४ भलानिटी गाउँमा हुर्केकी दिलकुमारी अहिले दंगीशरण गाउँपालिका-३, चितानपुरमा बस्छिन् । उनको बाल्यकालको कहानी निकै कहाली लाग्दो छ ।

उनको बिहे भएको घरमा पनि आर्थिक अवस्था निकै कमजोर थियो । अरुको घरमा मजदुरी गरेर घरखर्च चलाउनुपर्ने अवस्था थियो । अरुको घरमा काम गर्दा दिलकुमारीले शोषण सहिन् । धेरै दु:ख खेपिन । शोषण र दमन सहन नसक्ने उनको बानी थियो तर उनलाई त्यही अवस्था आइलाग्थ्यो । उनी आफू हेपिएको चेपिएको मन पराउँदैनथिन् । अन्यायको विरुद्धमा आवाज उठाई हाल्ने उनको स्वभाव थियो । हक्की कुरा गरेको सुन्दा "यो वडा नेता बन्न खोज्छे ।" भनेर अरुले गिज्याउन खोज्थे । पटक पटक नेताको शब्दले गर्दा आफूलाई राजनीतिप्रति चासो बढेको दिलकुमारीले बताईन ।

पछि उनी राजनीतिक प्रशिक्षणहरुमा पनि भाग लिन थालिन् । उनले पहिलेदेखि नै समूह, सँगठन र सामाजिक संस्थामा आबद्ध भएर काम गर्न रुचि गर्थिन्, सासू र जेठानीले घर बाहिर जान दिँदैनथे । रोकछेक र बाधा अड्चनलाई तोडेर उनी सामाजिक काममा संलग्न हुन्थिन् । उनी महिला संजालमा आबद्ध थिइन । दंगीशरण महिला संजालको नेतृत्व चयन गर्दा धेरै प्रतिस्पर्धीलाई पछिपार्दै अध्यक्षमा चुनिंइन । त्यो खुशी नै उनको जीवनको पहिलो र ठूलो खुशी थियो । त्यसले गर्दा अघि बढ्ने ढोका खुलेको उनी महसुस गर्छिन् । घरको चुलोचौकामा सीमित नभएर विस्तारै विभिन्न समूहमा आबद्ध हुने, राजनीतिक कार्यक्रममा जाने क्रम चल्दै गयो ।

२०७४ सालको स्थानीय तह चुनावमा दंगीशरण गाउँपालिका-३ नं. वडाको दलित महिला सदस्य पदमा भारी मतले निर्वाचित भइन् । कार्यपालिकाको सदस्य पदमा पनि उनैले जितिन् । आफ्नो कार्यकालमा उनले समुदायमा थुप्रै विकासका काम गरेकी छन् । तालिममा खाजाको पैसा बचाएर विपन्न परिवारको महिलालाई भेंडाको पाठो किनेर दिएको उनी बताउँछिन् । दलित र विपन्न बस्तीका मानिसहरुको दु:ख र पीडालाई नजिकबाट छामेकी छन् । उनकै अगुवाइमा गाउँमा बाटाघाटा खुले । गोरेटा बाटोमा हिँड्ने चितानपुरमा मोटरबाटो वनाउन पहल गरिन् । घडेरी किनेर सामुदायिक भवन निर्माणको काममा नेतृत्व गरिन् । भवन बनेपछि समूह बैठक तालिम र चेतनामूलक अन्तरक्रिया सञ्चालन गर्न सजिलो भएको छ ।



गाउँका महिला युवा र बालबालिकाहरुको क्षमता वृद्धिमा टेवा पुगेको छ । यो कामले गर्दा एकातर्फ समाज रुपान्तरणमा मद्दत पुगेको छ भने अर्कोतर्फ उनको सामाजिक इज्जत र मानप्रतिष्ठा पनि बढेको दिलकुमारीको महसुस छ । हरेक काममा सक्रिय रहने काम आँट्ने र पूरा गरी हाल्ने उनको विशेषता छ । पाएको जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्ने उनको प्रखर स्वभाव छ ।

दिलकुमारी अन्य संघ संस्था र संजालमा पनि आबद्ध छिन् । उनको निश्पक्ष व्यवहार, सहयोगी भावना, र लगनशीलतालाई देखेर परिवर्तनशील समूहबाट वडा नं ३ स्तरको पन्चकन्या मूलसमितिमा चुनिँदै समृद्ध समाज दाङको अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित भएकी छन । संजालमा जोडिएर सामाजिक अभियन्ताका रुपमा सबैको हकहितका लागि खट्ने र जुट्ने उनको आदत छ । विभिन्न कार्यक्रममा सहभागी भएर अर्थपूर्ण मन्तव्य राख्ने गर्छिन् । उनको सालिन, सौम्य, शिष्ट र भद्र स्वभावले गर्दा समृद्ध समाजमा उनी सबैकी प्रिय छन् । कार्यक्रमहरुमा सक्रिय रुपले सहभागी भइरहँदा उनको नेतृत्व र व्यक्तित्व विकास भइरहेको छ ।

दिलकुमारी बिहान बेलुका घरको काममा व्यस्त हुन्छिन् । उनले पालेको भैसी भर्खरै रु १ लाख २२ हजारमा बिक्री भएको छ । घरमा भैंसी, बंगुर र हाँसपालेकी छन् । घरको चुलोचौको नछोडेर पनि सामाजिक जिम्मेवारी पूरा गर्न सकिने गतिलो उदाहरण बनेकी छिन् दिलकुमारी । वडा कार्यालय, कार्यपालिका, सामाजिक संस्थाको अध्यक्ष र राजनीतिक दलको महत्वपूर्ण जिम्मेवारीमा छन् । काम प्रतिको लगनशीलता र निरन्तरको संघर्षले गर्दा सामान्य घरकी बुहारी अहिले वहुआयामिक भूमिकामा छिन् । उनको विगतभन्दा भविष्य झन फराकिलो र सुखद बन्दै गएको छ ।

-पुनाराम पन्थी,
संस्थागत विकास अधिकृत, सहकर्मी समाज नेपाल

# घुम्तीकोषबाट व्यावसायिक बंगुरपालन



सहकर्मी समाजबाट पाएको घुम्तीकोष रकमले आफूलाई व्यवसायी बन्न सहयोग पुगेको बताउँछिन् सुन्दरनगरी समूहकी अध्यक्ष सोबत चौधरी । २०७७ मंसिर १९ गते सहकर्मी समाजको कोशेली कार्यक्रमबाट घुम्तीकोष वितरण गर्ने कार्यक्रममा दंगीशरण-४, बैबाङमा रहेको सुन्दरनगरी समूह छनौटमा परेको थियो ।

घुम्तीकोष आफूले पाए बँगुरपालन गर्नेकुरा समूहमा सोबत चौधरीले ईच्छा व्यक्त गरिन् । आर्थिक अवस्था कमजोर भएको सदस्यलाई छनोट गर्ने क्रममा समूहले सोबतलाई दिने निर्णय गऱ्यो । सबैको सहमतिमा सोबत चौधरीलाई छनोट गरी घुम्ती कोष दिइयो । सुरुमा घुम्तीकोष १५ हजार र समूहको कोषबाट १५ हजार ऋण थपि ३० हजारमा खोर निर्माण गरिन् । खोर तयार भएपछि ४ वटा बंगुरका पाठा खरिद गरी व्यवसाय सुरु गरिन् ।

चारवटा बंगुर मासुका लागि बेचेर ५० हजार आम्दानी गरिन । पहिलो लटमै ५० हजार बुझ्न पाउँदा आफूलाई एकदमै खुसी लागेको सोबतले बताइन् । पहिले बंगुरपालन गर्ने सोच थिएन । थारु समुदायमा सबैले एउटा भए पनि बंगुर पाल्ने चलन थियो । मैले पनि एउटा मात्रै पाल्ने गर्थे । धेरै बंगुर पालेपछि दाना कसरी पुऱ्याउने, पालन पोषण कसरी गर्ने भन्ने लाग्थ्यो । घुम्तीकोष पाएपछि उनलाई हौसला वढ्यो । बंगुर बेचेको पैसाले बंगुरलाई दाना पिस्ने घरेलु कम्वाइन मिल ल्याएकी छिन् । वडा कार्यालयको आधा अनुदानमा २२ हजार खर्च गरेर सो मिल ल्याएकी हुन । बंगुरपालनमा उनी व्यावसायिक वन्दै गएकी छन् ।

उनले दोश्रो लटमा बंगुरका दुईमाउ र चार पाठा थपिन । अहिले दुई माउले ११/११ पाठापाठी जन्माएका छन् । हाल उनको खोरमा २८ वटा बंगुर छन् । उनले सुशीला बहुद्देश्यीय कृषि तथा बंगुर फर्म दर्ता गरिसकेकी छन् । खोरभित्र बंगुरका पाठापाठी भरिभराउ देख्दा सोवतलाई आनन्द लाग्ने गर्छ । उनले यस व्यवसायलाई सजिलो व्यवसायको रुपमा लिएकी छन् । दानापानी दिएर घरको अरु काम पनि भ्याउन सकिने उनको भनाई छ । बंगुरपालनबाट लाभ लिएकी सोवतको बंगुरपालनमै व्यावसायिक बन्ने योजना छ ।

सोबतको विगत त्यति सजिलो थिएन । वर्षभरी खान पुग्दैन थियो । जग्गा जमिन थिएन । अधिया लगाएर खानु पर्ने थियो । श्रीमानले अरुको घरमा काम गर्नुभयो । घरखर्च चलाउन गाह्रो थियो । त्यही बेला सहकर्मी समाजको सहयोगमा गाउँमा समूह गठन भयो । समूहले सामूहिक काम गर्न थाल्यो, बचत संकलन सुरु भयो । समूहको कोषबाट सस्तो व्याजमा ऋण चलाउन पाईने भयो । समूहकै कारणले घुम्तीकोष पाएर सोवतलाई बंगुर व्यवसायी बन्न सहयोग पुग्यो । उनी अहिले ४१ वर्षकी भइन् । उनी बंगुरपालनमा मात्रै हैन, विभिन्न उपभोक्ता समितिहरुमा बसेर विकासका काम गर्न सक्रिय हुन्छिन् । उनका श्रीमान्, २ छोरी र १ छोरा गरी ५ जनाको परिवार छ । उनको लगनशीलता र इमान्दारिताले गर्दा उनलाई सबैले विश्वास गर्छन् ।

– **सुनिता चौधरी**, सामुदायिक प्रशिक्षक, दंगीशरण-१, दाङ

# विमलाको खुद्रापसल



भेरी नगरपालिका वडा नं. ९ बान्नी जाजरकोटमा सहकर्मी समाजद्वारा निर्मित नवज्योति समूहकी सदस्य बिमला कार्कीले भेरी सामुदायिक विकास मञ्च, कोसेली कार्यक्रम जाजरकोटबाट लिएको घुम्तीकोष २५ हजार र थप आफ्नो ५ हजार त्यसैमा थपि ३० हजारको किराना पसल सुरु गरेकी छन् ।

नवज्योति समूह २०७५ चैत २९ गते स्थापित एक सामुदायिक समूह हो । जसमा महिला २१ र पुरुष १ जना गरी जम्मा २२ जना सदस्य छन् । विमला कार्की पनि सोही समूहकै एक सदस्य हुन् । उनले समूहका हरेक छलफलका विषयमा विश्लेषण गर्ने, भाग लिने र सामाजिक कामहरु जस्त पानीको मुहान सरसफाइ,

बाटो मर्मत गर्ने, चौतारा निर्माण गर्ने, सामूहिक रुपमा तरकारी व्याड निर्माण जस्ता कार्यमा सहभागी भई आफ्नो समूहप्रतिको सक्रिय सहभागिता जनाउने, उनको इमानदारिता र आफ्नो जिम्मेवारीलाई जहिले पनि आफ्नो कर्तव्य ठानी सहज रुपमा भूमिका निर्वाह गरेका हुँदा नवज्योती समूहका सबै सदस्यले भेरी सामुदायिक विकास मञ्च कोसेली २ कार्यक्रम जाजरकोटबाट आएको घुम्तीकोषको पैसा विमला कार्कीलाई दिने निर्णय गरियो ।

उनको घरमा १३ जनाको ठूलो परिवार छ, जसमा ६ जना पुरुष र ७ जना महिला गरी जम्मा १३ जनाको सयुक्त परिवार अनि सुखी परिवार रहेको छ । जेठाजु र देवरहरु सवै सरकारी जागिरे छन् । उनको श्रीमान् मात्र बेरोजगार भएकाले उनलाई घरको अरु सदस्यहरुले उनलाई गर्ने व्यवहार फरक नै छ । बाहिरी नजर र अरुले देख्दा राम्रै लाग्छ खुसी नै देखिन्छ । अहिले त सवैजना सँगैछौ, भोलि अलग हुने नै हो । परिवार सुखिनै भए पनि उनलाई छोरी पढाउन, कलम कापि, किताब, लत्ता कपडा किन्न र दैनिक रुपमा उपभोग गर्ने दाल चामल,र नुन तेल किन्न सारै गाह्रो भएको छ ।

उनका श्रीमान् भारतमा पसिना बगाइराख्नु भएको छ । भारतबाट कमाएको पैसा कतिनै हुन्छ र ? श्रीमान्ले एक्लै रगत पसिना बगाएर कमाए पनि घरखर्च टार्न निकै अप्ठ्यारो परिरहेको बताउँछिन् । कमाएको पैसा उहाँ आउन्जेलसम्म छोराहरुको कापि किताब, लत्ता कपडा, नुन तेल, विवाह पूजा गर्दैमा सबै पैसा सकिन्छ । एक्लैको कमाइले खै के पुगोस ? अहिले त छोरी पनि सानी छ । भोलि अरु नी जन्मेलान, पछि पढाउनुपर्ने होला, सम्झँदा मन आतिन्छ । श्रीमान् उता भारतमा आफ्नो ज्यान जोखिममा राखी काम गरिरहँदा पनि हामीलाई आफ्ना दु:ख लुकाएर हाँसो र खुसी दिन प्रयास गरी राख्नु हुन्छ ।

म पनि सोच्थे मैले नी केही गर्नुपर्छ भन्ने । यसैक्रममा भेरी सामुदायिक विकास मञ्चमार्फत मैले २५ हजार घुम्तीकोष स्वरुप पाए र त्यसमा आफ्नो लगानी थपेर किराना पसल सुरु गरें । स्कुल नजिक भएकोले होला व्यापार राम्रै हुन्छ । दिनमा त्यस्तै १ हजार जतिको व्यवसाय भइरहेको छ । अब नास्ता पसल गर्ने सोच बनाएकी छन् । अहिले सानो तिनो खर्च अरुसँग माग्नु परेको छैन । छोरीलाई कपडा, कापी कलम, समूहमा बचत, नुनतेलको लागी घर परिवारसँग माग्नु नपरेको बताउँछीन ।

विमलाको पसल सबैको लागि हौसला बनेको छ । त्यही देखेर सो समूहकी सचिव संगिता केसीले पनि घोरनेटामा खाद्य पसलको सुरुवात गरेकी छन् । नवज्योति समूहकी सचिव संगिता केसी भन्छिन् "विमलाको प्रयासले र मेहनतले भएको यो परिवर्तन अरुको आस गर्नु भन्दा आफ्नै श्रोत र साधनले धेरै गर्न सकिन्छ । भन्ने पाठ सिक्दै आफ्नो श्रीमान्ले पनि साथ दिनुपर्छ भन्ने लागेको कुरा समूहका सदस्यहरुलाई बताउँछिन्" । पौरख र मेहनतले विमला कार्कीको जीवनमा खुसी आएको छ ।

– **दिपेन्द्रराज कार्की**, भेरी सामुदायिक विकास मञ्च, जाजरकोट

## छविकलाको पेशा बाख्रापालन

दाङ जिल्ला बंगलाचुली गाउँपालिका वडा नं. १, स्यूजा जरुवा बस्ने छविकला घर्ती अहिले ४५ वर्षकी भइन् । उनको ५ जनाको परिवार छ । छविकलाका श्रीमान्ले चाँडै संसार छोडे । छोरा छोरीलाई पढाउन लेखाउन संकट आइलाग्यो । छविकलाले बुबा र आमाको मायाँ दिएर बच्चा हुर्काईन ।

२०७१ सालमा सहकर्मी समाज नेपाल संस्थाले गठन गरेको जनचेतना समूहमा छविकला पनि आबद्ध भइन् । समूहले उनलाई अध्यक्षको जिम्मेवारी दियो । समूहमार्फत् उनले तालिम, गोष्ठी, सभा र अन्तरकृयामा सहभागी हुने मौका पाइन् । जसका कारण तरकारी खेती, बाख्रापालन, भैसी पालन गर्ने आइडिया थाहा पाइन । उनी उत्पादनमा जोडिदै गइन् । छविकलाको पेशालाई वृद्धि र व्यवस्थापन गर्न समाज विकास संजालले बाख्रापालनका लागि रु २० हजार घुम्तीकोष उपलव्ध गरायो । उनलाई "के खोज्छस् काना आँखो" भने झैं भयो । घुम्तीकोषमा थप २० हजार लगानी थपेर ४० हजारका ८ वटा बाख्रा खरिद गरिन । उनको बाख्रापालन ब्यावसायिक वन्दै गयो । अहिले छविकलाले वार्षिक ८० हजारसम्मका खसी बोका बेच्दै आएकी छिन र उक्त



आम्दानीबाट घर खर्च चलाउने र छोराछोरीलाई पढाउने काम गर्दै आएकी छिन् ।

उनलाई अहिले खर्च चलाउन ज्यादै सजिलो भएको छ । पहिले विश्वास नगर्ने मान्छेहरु अहिले विश्वास गर्न थालेका छन् । अहिले छविकलाको मिहिनेत र परिश्रम देखेर समूहका अन्य सदस्यहरु पनि प्रभावित भएका छन् । गाउँमै काम गरेर पैसा कमाउन सकिन्छ भन्ने उदाहरण वनेकी छिन् उनी । बाख्रा पालनसँगै भैसीपालन गर्ने छविकलाको योजना छ ।

– **पवित्रा रिजाल**, सामुदायिक प्रशिक्षक, समाज विकास संजाल, दाङ

# सिकाइ पाठशाला बन्यो सञ्जालको सभा

समाज विकास संजाल बंगलाचुली दाङको आयोजना तथा सहकर्मी समाजको सहयोगमा सञ्जालको आठौँ वार्षिक साधारणसभा तथा सामाजिक लेखा परीक्षण कार्यक्रम सम्पन्न गरिएको छ । समाज विकास सञ्जालको अध्यक्ष  भीमबहादुर रानाको अध्यक्षतामा तथा बंगलाचुली गाउँपालिकाका अध्यक्ष तुल्सीराम पुनमगर सुभाषको प्रमुख आतिथ्यमा भएको यो कार्यक्रम वातावरणमैत्री ढंगले सिकाइ पाठशालाको रूपमा सम्पन्न गरिएको छ । कार्यक्रममा समाज विकास संजालका ९२ वटा समूह, ४ वटा मूलसमिति, संस्थाका कर्मचारी तथा कार्यसमिति, विभिन्न संघ संस्थाका प्रतिनिधि, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, विभिन्न वडाका वडाअध्यक्ष, कार्यपालिका सदस्य, निर्वाचित सदस्य, संचारकर्मी, सुरक्षाकर्मी लगायतको उल्लेखनीय सहभागिता रहेको थियो ।

जलवायु तथा वातावरणमैत्री रुपमा सञ्चालन भएको यस कार्यक्रममा स्थानीयस्तरमा पाइने श्रोतसाधनको अधिकतम प्रयोग गरिएको थियो । टेबल कुर्सीको ठाउँमा दरि र कुसनमा आसन ग्रहण गराइएको थियो । कपडाको ब्यानर, प्रिन्ट ब्याचको ठाउँमा पिपलको पातको ब्याच, स्थानीय खाना दालभात, फर्सी र पिडालुको तरकारी, प्लास्टिक प्लेटको ठाउँमा दुनाटपरीको प्रयोग गरिएको थियो । खादाको ठाउँमा स्थानीय फूलमालाले अतिथिहरुलाई सम्मान गरिएको थियो । अतिथिहरुमा महिला र पुरुषको सहभागिता बराबर देखिन्थ्यो । मन्तव्य राख्ने क्रममा ज्यू-ज्यू र सम्बोधनको कम प्रयोग गरी विचार र विकासका बहसहरु धेरै भए ।



समाज विकास संजालको आफ्नै प्राङ्गणमा सञ्चालन भएको उक्त कार्यक्रमबाट संस्थाभित्र वर्षभरिमा मृत्यु भएका ७ जना दिवंगत साधारण सदस्यहरुलगायत ज्ञातअज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरिएको थियो । कार्यक्रममा समाज विकास संजालका उत्कृष्ट ४ समूह र ४ जना उत्कृष्ट कृषकलाई फूलमाला टिकाले सम्मान गरिएको थियो । कार्यक्रममा स्थानीय स्तरमा रहेका संस्कृति र कलालाई बचाउनका लागि लोक भाका, साँस्कृतिक नाच गुन्यो र चोलीमा सजिएका बालबालिकाको नाचले सबैमा उत्साह र उमङ्ग थपेको थियो ।

संस्थाका सचिव जुद्धबहादुर मिजारले उद्घोषण गरेको कार्यक्रममा संस्थाका सदस्य पोवित्रा जिसीले स्वागत मन्तब्य राख्नु भएको थियो । कार्यक्रममा संस्थाले गरेको प्रगति प्रतिवेदन संस्थाको कार्यक्रम ब्यवस्थापक वासुदेव भण्डारी, आर्थिक प्रतिवेदन लेखा तथा प्रशासन सहायक मुनाल घर्तीमगर र आगामी योजना र नीति तथा कार्यक्रम संस्थाका अध्यक्ष भीमबहादुर रानाले वाचन गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि तुल्सीराम पुन मगर, विशिष्ठ अतिथि गाउँपालिका उपाध्यक्ष भक्तबहादुर जिसी, सहकर्मी समाज दाङका संस्थागत विकास अधिकृत पुनाराम पन्थी, वडा अध्यक्ष डाँसबहादुर डाँगी, विभिन्न संघ संस्थाका प्रतिनिधिले शुभकामना मन्तव्य राखेका थिए ।



समाज विकास सञ्जालले बंगलाचुली गाउँपालिकाको मानवीय विकासमा खेलेको भूमिका उल्लेखनीय रहेकाले यस संस्थासग आगामी दिनमा सहकार्य गरेर काम गर्ने प्रतिबद्धता समेत गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षले सम्बोधनमा राख्नु भएको थियो ।  अन्य वक्ताहरुले सहकर्मी समाजको सहयोगमा स्थापना भएको समाज विकास सञ्जालले गरेको कार्यप्रति सबैको चासो बढेकाले यो संस्थाले आगामी दिनमा अन्य थुप्रै असल अभ्यास गर्ने विश्वास व्यक्त गर्दै यो संस्थालाई सदैव साथ सहयोग र समर्थन रहने विचार व्यक्त गरेका थिए ।

**- वासुदेब भण्डारी**

कार्यक्रम व्यवस्थापक, समाज विकास संजाल बंगलाचुली दाङ ।



# सामुदायिक सु-शासन सवलीकरण

समुदायको विकास प्रक्रियामा उनीहरुहरुको पहुँच र नियन्त्रण बढाई अर्थपूर्ण सहभागितामा परिवर्तन ल्याउन विगत २५ वर्ष देखि सहकर्मी समाजले विकास प्रक्रियाको सहजीकरण गर्ने वातावरण निर्माण गर्दै आइरहेकोछ। सहकर्मी समाजका कार्यक्रममा सामुदायिक सु-शासन सवलीकरणका लागि परिलक्षित छन्। समुदायको रुपान्तरणका लागि स्वयं समुदायकै मानिसले अग्रसरता र नेतृत्व लिने र उनीहरुको आवश्यकता, योजना र मागका आधारमा सेवा प्रदायक संस्थाहरुले सहयोगका हात बढाउने विधि र पद्धतिको विकासले मात्र दिगो विकास सम्भव छ भन्ने कुरामा सहकर्मी समाजको दृढ विश्वास रहेको छ। समुदायको परिवर्तन अरुले गरी दिने होइन, परिवर्तनको स्वामित्व स्वयं समुदायले नै लिने वातावरण निर्माण गर्नु आवश्यक छ।

विकास प्रक्रियामा स्थानीय समुदायले नै अगुवाइ लिने वातावरण स्थापित हुनुपर्दछ, यसका लागि नागरिकको भूमिका क्रियाशील, सवल र सक्षम हुनुपर्दछ। मानिसहरु आफ्नो परिवर्तनका क्षेत्रहरु आफै पहिचान गर्न जबसम्म अग्रसर हुन सक्दैनन् अरुले परिवर्तन गर्न खोजेर दिगो समाधान तबसम्म हुन सक्दैन। मानिसहरु स्वयं बदलिने र बदलावका लागि अभियानहरु सञ्चालन गर्नुपर्दछ।

आफ्नो अवस्थाको पहिचान आफै गर्ने, विश्लेषण गर्ने र त्यसको समाधानका लागि विकल्पहरुको खोजी गरी कार्यान्वयन गर्दै जाने अभ्यासले मात्र समुदायका मानिसलाई विकासप्रति जिम्मेवार र जवाफदेही बनाउन योगदान गर्दछ। सहकर्मी समाजले स्थानीय मानिसलाई सँगठित गर्ने, उनीहरुको क्षमता विकासका लागि नियमित बैठक सहजीकरण, संकेतहरुको विश्लेषण, योजना निर्माण तथा कार्यान्वयनमा प्रोत्साहन र समर्थन दिँदै विकास प्रकृयालाई आम नागरिकको जीवन उपयोगी बनाउने प्रयास र प्रयत्नहरु गर्दै आइरहेको छ।

समुदायमा जे आवश्यक छन्, आवश्यकतामा आधारित योजनाहरु कार्यान्वयन गर्ने क्रममा उनीहरुलाई बाह्य स्रोतको आवश्यकता परेमा विभिन्न सेवा प्रदायक संस्थाहरुसँगको समन्वय, सम्बन्ध निर्माण र सहकार्यका लागि प्रेरित गर्दै व्यक्तिगत तथा संस्थागत परामर्श दिने कार्यलाई निरन्तरता दिँदै आइरहेको छ। सामुदायिक समूहहरुलाई समस्या समाधान प्रकृयामा सहजीकरण गर्न र उनीहरुको सवालहरुलाई अगुवाइ गर्न समूहका अगुवाहरुलाई नेतृत्व क्षमता तथा सहजीकरण सीप विकासका तालिम, कोचिङ तथा मेन्टोरिङ सेवा दिँदै विकास प्रकृयालाई दिगो बनाउनका लागि निरन्तर प्रयत्नशील रहेको छ।

दुर्गम गाउँबस्ती र टोलहरुमा रहेका सामुदायिक समूहहरुको शक्तिलाई सँगठित गर्दै समुदायका सवालहरुलाई प्रभावकारी रुपमा उठाउन र आपसी सिकाइ तथा सहकार्य विकास गर्नका लागि समूहहरुका बीचमा वडास्तरमा मूलसमिति र पालिका तहमा कार्यसंजाल संस्थाहरु स्थापना भई क्रियाशील रहेका छन्। मानिसहरुको अर्थपूर्ण सहभागिता र कर्तव्यको पालनाले मात्र स्थानीयस्तरको सुशासन प्रभावकारी बनाउन योगदान गर्दछ। नागरिक स्वयं सुशासित नभएसम्म राज्यका निकायलाई प्रभावकारी सुशासनका लागि खबरदारी गर्न सकिँदैन। यो प्रक्रियाले राज्यको तल्लोदेखि माथिल्लो संरचनासम्मको सुशासन प्रक्रियालाई सुदृढ बनाउन नागरिकहरुको सँगठित शक्तिको निरन्तरको प्रयास आवश्यक छ।

सुशासनलाई आम नागरिहकहरुको संस्कृतिका रुपमा विकास गर्दै बलियो गराउनका लागि सहकर्मी समाजले सुरुदेखि नै नागरिक सशक्तीकरण तथा सहभागिमूलक कार्यप्रक्रियाको अवलम्बन गर्दै आइरहेकोछ। सामुदायिकस्तरमा रहेको स्रोतको पहिचान, परिचालन तथा संरक्षण गर्ने काममा नागरिकहरुको भूमिका प्रभावकारी बनाउँदै सहकर्मी समाजले सामुदायिक सुशासन सवलीकरणका लागि गरेका मुख्य कृयाकलाप तथा उपलब्धिहरू निम्नानुसार रहेका छन्।

### क) समस्या विश्लेषण, कार्ययोजना निर्माण र कार्यान्वयन मूल्यांकन

सहकर्मी समाजले जाजरकोटको शिवालय गाउँपालिका, भेरी नगरपालिका र छेडागाढ नगरपालिकाको १ र २ नं वडामा विकास कोष नर्वेको सहयोगमा कोशेली कार्यक्रम तथा भेरी नगरपालिकाको सहयोगमा टोल विकास संस्था परिचालन कार्यक्रम सञ्चालन गर्दै आएको छ। सहकर्मी समाजको मूल मान्यता सामुदायिक समस्याहरू पहिचान गर्ने, विश्लेषण गर्ने, समस्या समाधानका लागि कार्ययोजना निर्माण र कार्यान्वयनका लागि स्वयं समुदायलाई अग्रसर गराउने कार्य निरन्तर गर्दै आएको छ।



कोशेली कार्यक्रम तथा टोल विकास संस्था परिचालन कार्यक्रम अन्तर्गत जाजरकोटमा अस्तित्वमा रहेका १ सय ६० समूहको यो वर्ष १ हजार ९ सय ६ वटा बैठकहरू सम्पन्न भएका छन्। समूहहरुको वैठकमा पोषण तथा स्वास्थ्य सफाइ, खाद्य सुरक्षा, जलवायु परिवर्तन, आर्थिक सशक्तीकरण, सामुदायिक सुशासन र लैंगिक समता तथा सामाजिक समावेशीकरण सम्बन्धी १ हजार २ सय ५३ समस्या विश्लेषण भई १ हजार २ सय ६० कार्ययोजना निर्माण भई १ हजार १ सय ५३ कार्ययोजना कार्यान्वयन भएका छन्।

समुदायको आफ्नै सक्रियता र अग्रसरताबाट सम्पन्न गरेका कार्यक्रमहरुबाट समुदायका मानिसहरू मानिसबाट स्थानीय सरकार प्रभावित भएको छ जसले समूह, मूलसमिति र कार्यसञ्जाल संस्था र स्थानीय सरकारको बीचमा समन्वय र सहकार्यको वातावारण श्रृजना भएको छ।



विकास कोष नर्वेको आर्थिक सहयोग र सहकर्मी समाजको साझेदारीमा संचालित कोशेली कार्यक्रमअन्तर्गत दंगीशरण गाउँपालिकाको समृद्ध समाजमा समुदायका विभिन्न साझा समस्याहरुमा छलफल तथा विश्लेषण गरी सरल र सहज तरिकाले सम्पन्न गर्न सकिने उपयुक्त विकल्पको खोजी गरी समुदायकै अग्रसरतामा विभिन्न कार्ययोजना निर्माण तथा कार्यान्वयन र मूल्याकंन गर्दै आइरहेका छन्। जसमा समूह, मूलसमिति, र संस्थाको नियमित बैठक ७ सय ८९ वटा ७ सय ४१ वटा सामुदायिक समूह वैठकमा साझा समस्याहरु माथि विश्लेषण गरिएको छ र ५ सय ८९ वटा कार्ययोजना निर्माण गरी कार्यान्वयन तथा मूल्याकंन गरिएको छ। जसले गर्दा समुदायमा एकता मेलमिलापमा वृद्धि भएको छ। विभिन्न समस्याहरुमाथि छलफल गरी स्थानीय सरोकारवालाहरूसँग समन्वय सम्बन्ध विस्तारमा वृद्धि भएको छ।



कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजालले समुदायमा रहेका साझा समस्याहरुको विश्लेषण, कार्ययोजना निर्माण र कार्यान्वयन समूह तथा मूलसमितिको मासिक बैठकमा विभिन्न छलफल अन्तरकृया तथा कोड विश्लेषणबाट सञ्चालन गर्दै आएको छ। स्थानीयस्तरमा रहेको श्रोत साधनको प्रयोग गर्ने

र अति आवश्यक कार्ययोजना कार्यान्वयनका लागि विभिन्न संघसस्था तथा स्थानीय सरकारसँग सहकार्य गरी बाह्य श्रोत परिचालन गरेका छन् । ९२ वटा समूहको १ हजार २ सय ४८ वटा, ४ वटा मूलसमितिको ४८ वटा र कर्मचारी तथा कार्यसमितिको १३ वटा मासिक बैठक सञ्चालन गरिएको छ । उक्त बैठक सञ्चालनपछि विभिन्न समस्या विश्लेषण, कार्ययोजना निर्माण तथा कार्यान्वयन हुँदै आएको छ। यस वर्ष पनि समस्या विश्लेषण ३ सय ५१ वटा, कार्ययोजना निर्माण ४ सय ४२ वटा र कार्ययोजना कार्यान्वयन ४ सय १२ वटा सम्पन्न भएको छ।

समाज विकास संजालका समूह, मूलसमितिको नियमित बैठकमा विभिन्न सामाजिक समस्याहरुमा छलफल हुँदै आएको छ। पखाला लागेको, खान नपुग्ने, खानेपानीको धारामा पानी नआउने, पाठेघर खस्ने, तीब्र बसाईसराई, लागुपदार्थको प्रयोग, श्रीमान श्रीमति बीचको झगडा, बालबालिकाहरु स्कूल नजाने, बैठकमा महिला आउने, पुरुष सहभागी नहुने, तरकारीमा रोग लागेको, जातिय छुवाछुत, बाटोको वरिपरी फोहोर भएको, बाटोमा पहिरो गएको आदी समस्यामा बिश्लेषण गरी विभिन्न कार्ययोजना निर्माण भएका छन्। १८ वटा समूहले आ-आफ्नो सामुदायिक बन छटान गरी बन व्यवस्थापन गरेका छन्।

कोसेली कार्यक्रम अन्तर्गत समाज विकास सञ्जालका ८४ समूहका सदस्यले पानीको मुहान वरिपरी र खाली ठाउँमा ११ हजार ३ सय ४० वटा बिरुवा रोपेका छन् । ३ सय ५ घरले आफ्नो घरमा २ हजार ५ सय ४६ फलफूलका बिरुवा लगाएका छन्। ३४ घरपरिवारको पारिवारिक कलह र झैझगडा समूहमै मिलाएका छन्। ४ समूहले सामूहिक तरकारीखेती गरेका छन्। २ वटा समूहले सामूहिक बेसार खेती गरी आयआर्जनमा वृद्धि गरेका छन् । विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक भेलामा सहभागी हुने काम भएको छ। १० वटा सामूदायिक समूहहरुलाइ कृषि शाखामा दर्ता गरी श्रोत प्राप्त गरिरहेका छन् । समूहका १ हजार ८ सय ३६ घर परिवारले घरआगन सरसफाइ, करेसाबारी निर्माण गर्ने र व्यक्तिगत सरसफाइमा सुधार ल्याएका छन्।

समाज विकास सञ्जालका २१ वटा समूहले बैठकघर मर्मत गरेका छन् । ६८ वटा समूहले १ सय ३० वटा खानेपानीका धारा, पधेरा र कुवाहरु निर्माण तथा मर्मत गरेका छन् । ४६ वटा समूहले समूदायको करिव २३ किमी गोरेटो बाटो मर्मत कार्य सम्पन्न गरेका छन् । ७ वटा समूहले विभिन्न ठाउँका ११ किमी मोटरबाटो मर्मत तथा सरसफाइ गरेका छन् । ७ सय ५ घरले भाँडा सुकाउने च्याङ निर्माण गरेका छन् । ६ सय २० घर परिवारले फाहोर फाल्ने खाडल निर्माण गरी त्यसको प्रयोग गर्दै आएका छन् । ७७ वटा समूहले पशुले पानी खाने ८० वटा पोखरी सरसफाइ तथा मर्मत गरेका छन् । ६ सय ४५ जना सदस्यले पशुपालनको लागि गोठ सुधार तथा मलखाद व्यवस्थापन गरेका छन् । ९ वटा समूहले १४ वटा मठ मन्दिर, विद्यालयको प्राङ्गण सरसफाइ गरेका छन् ।



कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा नियमित समस्या विश्लेषणले समुदायका समस्याहरु समाधान गर्ने एक साधन भएको छ । समुदायका मानिसहरुले भोगिरहेका समस्या समाधान गर्न सहज भएको छ । यो वर्ष विभिन्न विषयमा विश्लेषण गरिएको समस्या विश्लेषणहरु १ सय ८५ वटा गरिएकोछ कार्ययोजना निर्माण १ सय ९५ भएका छन् । कार्ययोजना मूल्यांकनपछि समुदायमा सरसफाइलाई निरन्तरता दिने, नियमित तरकारी लगाएर खाने, बचत नियमित गर्ने, ऋण लगानी असुली नियमित गर्ने, खानामा सन्तुलन मिलाउने, बजारका जंक फुड कम खाने, एक आपसमा सरसहयोग गर्ने, फलफूलका बिरुवा लगाउने, स्थानीय निकायमा गएर योजना माग गर्ने, आयआर्जनमा जोड दिने, समूह व्यवस्थापन गर्ने, तरकारी खेती गर्ने जस्ता बानीको विकास भएकोछ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रम ओगटेका चारवटा पालिकामा निर्मित ९५ वटा समूहका १ हजार ९ सय ५१ महिला र ३ सय २० पुरुष गरी २ हजार २ सय ७१ जना सदस्यहरु प्रत्यक्ष रुपमा लाभान्वित छन्। युवा सहभागिता बढेको छ। युवाहरु सरोकारवाला निकायमा गएर आफ्ना समस्याहरु राख्न थालेका छन् । अन्य महिला, दलित, बालबालिका अपांग लगायत पिछडिएको वर्ग र लिंगका मानिसहरुको हरेक क्षेत्रमा सहभागिता बढदै गएको छ। यस परियोजनाको प्रभावले गर्दा जुनीचाँदे गाउँपालिकामा ९ लाख बजेट प्राप्त गरी २४ वटा

टोल विकास संस्थाहरु क्रियाशील रहेका छन् ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत शिवालय, जुनीचाँदे, छेडागाड र भेरी नगरपालिकामा ३ सय १६ वटा विभिन्न समस्याहरु विश्लेषण गरिएका छन् भने २ सय ८० वटा कार्यायोजना निर्माण, २ सय १६ वटा कार्ययोजनाहरुको कार्यान्वयन गरिएको छ। यी कार्यहरुबाट समुदायका मानिसमा आलोचनात्मक क्षमताको विकास भई आफ्ना समस्याप्रति जिम्मेवार बन्ने र समाधानका उपाय खोज्ने क्षमतामा विकास भएको छ। समुदायमा समूहका मानिसहरू आफै पनि समुदायका विभिन्न सवालमा छलफल गर्ने योजना बनाउने कार्यान्वयन गर्ने, समस्या समाधान गर्नका लागि आफै स्थानीय सरकारसँग समन्वय गर्ने र सरकारी निकायबाट श्रोतहरु ल्याएर उपयोग गर्न थालेका छन् ।




कोशेली कार्यक्रम नेपाल गन्धर्व समाज सोरहवा, बर्दियामा सकर्मी समाजले कार्यक्रमसँग सम्बन्धित विभिन्न किसिमका छलफल, समुदायको जल्दोबल्दो समस्या माथि खुला छलफल तथा संकेतको माध्यमबाट समस्या विश्लेषण गर्ने, सम्भावित उपायमा योजना निर्माण गर्ने र कार्यान्वयनका लागि समेत समूह तथा समुदायलाई निरन्तर सहयोग गर्ने काम निरन्तर रुपमा भैरहेको छ । जसबाट आफ्ना समस्याप्रति जिम्मेवार बन्ने र समाधानका उपाय खोज्ने क्षमतामा विकास भएको छ। अहिले समुदायमा मानिसका नागरिक अधिकारका लागि विभिन्न संघ, संस्थाहरुसँग सम्पर्क गरिरहेका छन् ।

कोशेली कार्यक्रमअन्तर्गत त्रिवेणी विकास समाजअन्तर्गत आबद्ध रहेका ५ वटा मूल समितिहरुको अगुवाइमा कुपोषण, सरसफाइ, स्वस्थ्य, कोभिड-१९ बालविवाह, घरेलु हिंसा, प्रकोप, जीविकोपार्जनसम्बन्धी वैकल्पिक आयस्रोतहरु, पशुपालनमा देखिने रोगहरु, तरकारी खेती, विवाद जस्ता २७ वटा समस्यामा विश्लेषण तथा कार्ययोजना निर्माण गरिएको थियो। जसमा २३ वटा योजनाहरुलाई कार्यान्वयन गरिएको छ।

त्रिविसमा आबद्ध रहेका ७० वटा समूहमा बैठक तथा छलफलहरु सञ्चालन गरिएको छ । सामुदायिक समूहहरुमा कोष व्यवस्थापन, समुदायका विविध साझा मुद्दाहरुमा छलफल तथा योजना निर्माण र कार्यान्वयन भएका छन् । समूहहरुमा नियमित छलफल तथा बैठकहरु सञ्चालन पश्चात समस्या समाधान गर्न, सामूहिक निर्णयहरु गर्न सहज भई समुदायका सदस्यहरुमा एक–अर्काप्रति आदर सम्मान गर्ने, पारस्परिक सहयोग आदनप्रदान गर्ने सुमधुर सम्बन्धको विकास भएको छ।

### ख) सामुदायिक सु–शासनका लागि क्षमता विकास

कोसेली कार्यक्रमअन्तर्गत जाजरकोट जिल्लामा सामुदायिक सुशासन तथा क्षमता विकासका लागि जाजरकोटमा स्थापना भएका २ वटा कार्यसञ्जाल संस्था पश्चिम जाजरकोट विकास समाज र भेरी सामुदायिक विकास मञ्चमार्फत् विभिन्न तालिम, छलफल र अन्तरिक्रिया सम्पन्न भई २ वटा संस्थाका साधारणसभा सम्पन्न भएका छन् । सामुदायिक सुशासन क्षमता विकासका लागि जाजरकोटमा पश्चिम जाजरकोट विकास समाज( शिवालय र छेडागाढ) र भेरी सामुदायिक विकास मञ्च (भेरी) का गरी जम्मा १ सय ६४ समूहमा २ हजार ८ सय ७५ महिला र ५ सय ३३ पुरुष गरी जम्मा ३ हजार ४ सय ८ सदस्यहरु आबद्ध रहेका छन् भने ३ हजार ३ सय ९४ घर परिवारका २२ हजार ६१ जनसंख्या प्रत्यक्ष लाभान्वित भएका छन् ।




भेरी सामुदायिक विकास मञ्चको १३ वटा मूलसमिति र ९५ वटा समूह र पश्चिम जाजरकोट विकास समाजको ९ वटा मूलसमिति र र ६५ वटा समूहरुको वार्षिक साधारणसभा तथा समाजिक लेखापरीक्षण सम्पन्न भएको छ। पश्चिम जाजरकोट विकास समाज तथा भेरी सामुदायिक विकास मञ्चलगायत यी संस्थाहरुमा आबद्ध समूहरुले आवश्यक नीति नियमहरु निर्माण गर्ने र भएका नीतिहरुको पुनरावलोकन गर्ने कामहरु

सम्पन्न भएका छन् । पश्चिम जाजरकोट विकास समाज र भेरी सामुदायिक विकास मञ्चले बाल सुरक्षा नीति, भ्रष्टाचार विरुद्धको नीति, विपद् व्यवस्थापन नीति तयार गरी कार्यान्वयनमा ल्याएको छ। बचत गरेका समूहहरुमा बचत तथा लेखा हिसाब राख्ने खाता तथा पासबुकको व्यवस्था गरिएको छ। समूहहरुले बचत कोषलाई प्रभावकारी गराउन परिचालन भएको रकम तथा समूह सदस्यहरुले गरेका कामहरुको समूहद्वारा नै नियमित अनुगमन र सुधारका लागि आवश्यक पृष्ठपोषण दिने कार्य निरन्तर भइरहेको छ।

दंगीशरणको समृद्ध समाजमा सामुदायिक सु-शासनका लागि कुनै पनि क्षेत्र वा पक्षको दिगो विकासका लागि सामुदायिक सु-शासन एक महत्वपूर्ण र अपरिहार्य तत्व हो। यस संजालमा आबद्ध समूहहरुको सामुदायिक सु-शासनका लागि क्षमता विकासअन्तर्गत विकास आफ्नो लागि आफै गर्नुपर्छ, विकास अरुबाट नभई आफैबाट हुनेकुरा हो भन्ने मान्यतालाई आत्मसाथ गरी राज्यको आधिकारिक प्रक्रियाअनुसार क्षमता विकासका विभिन्न क्रियाकलापहरु गर्दै आएका छन्। ५१ वटा सामुदायिक समूह, ७ मूलसमिति र संस्थाको वैठक ८ सय ७७ पटक सम्पन्न भएको छ। ५१ वटै समूह, ७ मूलमिति र संस्थाको वार्षिक साधारणसभाको आयोजना तथा सम्पन्न भएको छ। ४७ समूहको कृषिमा नवीकरण, संस्थाको कर चुत्ता प्रमाणपत्र प्राप्त, संस्था नविकरण, सामाजिक लेखापरीक्षण गर्ने कार्य सम्पन्न भएको छ।

घुम्तीकोष परिचालनका लागि निर्देशिका निर्माण, ७ वटा मूलसमितिमा सामूहिक कोष व्यवस्थापन तथा लेखा तालिम प्रदान र ३४ जनालाई जनवकालत सीप विकास तालिम प्रदान, एक पटक लैगिंक समता तथा सामाजिक समावेशीकरण अन्तर्क्रिया सञ्चालन, १६ दिने लैगिंक हिंसाविरुद्धको अभियान चलाउने आदि क्रियाकलापहरु सम्पन्न भएको छ। जसको फलस्वरुप ५ सय ९४ जना (६५%) सदस्यहरुले कार्यक्रम सञ्चालन गर्ने, मन्तव्य दिने, कार्यक्रम तथा छलफलको नेतृत्व गर्ने, एक आपसमा सामुहिक वा व्यक्तिगत कला प्रतिभा प्रस्तुत गर्ने, आफ्ना हकअधिकार सुनिश्चित गर्ने पक्षहरुमा समुदायको अग्रसरतामा वृद्धि भएको छ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजालले सुशासनका लागि समूह तथा मूलसमितिहरुमा विभिन्न छलफल अन्तरकृया गर्दै आएको छ। समूह, मूलसमिति तथा संस्थाको काम तथा कोषको अभिलेख पारदर्शी रहेको र उत्पादित क्षेत्रमा परिचालन गरिएको छ। संस्थाले सञ्चालन गरेको कोशेली कार्यक्रमको सामाजिक लेखा परीक्षण तथा संचालित कामको नियमित अनुगमन गरिँदै आएको छ।



विभिन्न नीति नियम विधानहरु बनाउने र उक्त नियम विधान बमोजिम कार्यान्वयन भएको छ। सदस्य, कार्यसमिति तथा कर्मचारीहरु आफ्नो कामप्रति अनुशासित र उत्तरदायित्वमा रहेको छ। १ हजार २ सय ४८ वटा समूह, ४८ वटा मूलसमिति र १३ वटा कर्मचारी तथा कार्यसमितिको बैठक सञ्चालन भएका छन्। ९२ वटा समूह, ४ वटा मूलसमिति र संस्थाको वार्षिक साधारण सभा तथा सामाजिक लेखा परीक्षण कार्यशाला सञ्चालन भएको छ।



संस्थाको लेखापरीक्षण तथा सदस्यता तथा संस्था नवीकरण नियमित गरिँदै आएको छ। १९ समूहलाई गाउँपालिकाको कृषिमा दर्ता गरी विभिन्न कार्यक्रमका लागि पहल गरिदै आएको छ। विभिन्न ८१ वटा समूह तथा मूलसमितिमा महिला अध्यक्ष रहेका छन्। समूहका प्रतिनिधिहरु विभिन्न सामुदायिक विद्यालय, सामुदायिक वन, अस्पताल, विभिन्न संघ

संस्था, स्थानीय सरकारमा अगुवाइ गर्दै आएका छन् । समूह, मूलसमिति, सस्थाको कार्यसमितिमा समावेशी सहभागिता रहेको छ । सीमान्तकृत समुदायको समस्याको विश्लेषण गर्ने योजना निर्माण गर्ने र समुदायकै मानिसको अग्रसरतामा समाधान गर्ने संस्कृतिको विकास भएको छ। ९२ वटै समूहहरुमा सामुदायिक सुशासनको छलफल तथा अन्तरकृयाहरु सञ्चालन भएको छ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा सामुदायिक सु-शासनका लागि क्षमता विकास गर्न विभिन्न तालिम तथा अन्तरकृया सञ्चालन गरिएको थियो । जुन निम्न छन् । पोषणसम्बन्धी स्कुलमा अन्तरकृया ४ वटा १ सय ७४ जना, ८४ पुरुष र ९० महिला सरकारी तथा गैरसरकारी संस्थाहरु र सरोकारवालाहरुसँग सामाजिक उत्तरदायित्व सम्बन्धी अन्तरकृया एउटा सम्पन्न २५ महिला र १९ पुरुष गरी ४४ जना, सरकारी सेवासुविधा गुणस्तर मापन अन्तरकृया ९ वटा ९७ महिला, १ सय १३ पुरुष गरी २ सय १० जना, पशु उद्यमशीलता विकास तालिम १ वटा २३ महिला ११ पुरुष गरी ३४ जना, पशु रोग उपचार सम्बन्धी तालिम १ वटा २३ महिला ११ पुरुष गरी ३४ जना, सहकारी महिला २१ पुरुष गरी ६३ जना, संस्थाको नीति पुनरावलोकन १ वटा ९ महिला ७ पुरुष गरी १६ जना, संस्थाको अवस्था विश्लेषण १ वटा ९ महिला ७ पुरुष गरी १६ जना, दैवी प्रकोप न्यूनीकरणसम्बन्धी तालिम १ वटा १४ महिला ९ पुरुष गरी २३ जना सहभागी रहेका थिए।

बर्दियामा पोषण तथा खाद्य सुरक्षा नीति सम्बन्धि पालिकासँग अन्तरकृया १ वटा ४ महिला १२ पुरुष गरी १६ जना, अन्तरसमूह बचतकोष परिचालनसम्बन्धी अन्तरक्रिया ४ वटा ३३ महिला १५ पुरुष गरी ४८ जना, समूह बचतकोष परिचालनसम्बन्धी नीति निर्माण १ वटा १८ महिला ६ पुरुष गरी २४ जना, अर्ध वार्षिक सिकाइ आदान प्रदान कार्यशाला १ वटा ४० महिला १० पुरुष गरी ५२ जना, स्थानीय सरकार तथा सरोकारवालाहरुसँग अन्तरक्रिया १ वटा ६ महिला ११ पुरुष १७ जना, गर्भवती तथा सुत्केरीहरुसँग पोषणसम्बन्धी अन्तर्क्रिया ३० वटा ४ सय ११ महिला र ८९ पुरुष, ५ सय १० जना सहभागी थिए।

बर्दियामा पालिकास्तरीय पोषण मेला १ वटा ५७ महिला र २२ पुरुष, ८९ अवधारणा तालिम २ वटा ४२ महिला ९ पुरुष गरी ५१ जना, तिज विशेष कार्यक्रम १ वटा ४२ जना, उद्यम शीलता विकास तालिम १ वटा १७ महिला ३ पुरुष गरी २० जना, तरकारी नर्सरी स्थापना तालिम १ वटा १५ महिला ९ पुरुष गरी २४ जना, आईपीएम तालिम १ वटा १५ महिला ९ पुरुष गरी २४ जना, जेसी कार्यशाला १ वटा ९ महिला ५ पुरुष गरी १४ जना, फलफूलका विरुवा वितरण २ हजार ७० वटा ४ सय ५ घर, स्थानीय सरकारसँग सामाजिक उत्तरदायित्व उपकरणहरुमा अन्तरकृया १ वटा २३ महिला ७ पुरुष गरी ३० जना, घुम्तीकोष वितरण १२ जनालाई ३ लाख, तरकारीखेती गर्नका लागि ३ जनालाई २५ हजार वितरण, गोठ सुधार गर्नका लागि १० जनालाई ३५ हजार वितरण गरिएको छ।

त्रिवेणी विकास समाज बाँकेमा आबद्ध रहेका ५ वटा मूल समितिहरुमा एक वर्षको अवधिमा २७ पटक बैठक सञ्चालन गरिएको छ। समुदायका शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, पोषण, वातावरण संरक्षण, सिँचाइ जस्ता विविध साझा मुद्दाहरुमा सहजीकरण भई समूह तथा मूल समिति सु-व्यवस्थित रुपमा परिचालन, बैठक तथा समुदायको अगुवाई गर्नका लागि नेतृत्व लिने व्यक्तिहरुको विकास, समूह तथा मूलसमितिस्तरमा विभिन्न पदमा नेतृत्व लिएका २० जना स्रोत व्यक्तिहरु तयार भएका छन् ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत जाजरकोट जिल्लाका चारवटा पालिकामा गरिएका क्रियाकलापहरुले जनप्रतिधिहरु, कर्मचारी, नागरिक समाज लगायत आमनागरिकको क्षमता बढेको छ स्थानीय सरकारको नागरिकहरुप्रति जवाफदेहीतामा वृद्धि भएकोछ । लक्षित समुदायको आयआर्जनका क्रियाकलापहरु सम्पन्न भई आयआर्जनमा वृद्धि भई सहज जीवनयापनको शुरुवात भएकोछ। स्थानीय सरकारको योजना निर्माण प्रकृयामा नागरिक सहभागिता वृद्धि भएकोछ।

यस वर्षको स्थानीय सरकारको योजना तर्जुमामा १ सय ९८ पुरुष र १ हजार ५ सय २९ महिला गरी जम्मा १ हजार ७ सय २७ जनाले भाग लिएका थिए । सामुदायिक समूहहरुले चारवटै पालिकामा १६ वटा योजना प्राप्त गरेका छन् १९ लाख बराबरको रकम प्राप्त गरेका छन्।

कोशेली कार्यक्रम नेपाल गन्धर्व समाज सोरहवा, बर्दियामा स्थानीय सरकारसँगको सम्बन्धमा विस्तार सहकार्यको अवस्थामा सुधार आएको छ । समुदायमा रहेका समस्या पहिचान गर्ने र समाधानका लागि विकल्पको खोजी गरी समाधान गरिरहेका छन्। समूह सदस्यहरु योजनाको निर्माण गर्ने कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय सरकारसँग प्रस्तावपत्र पेश गर्न थालेको छन्।

समूह सदस्यहरु आयआर्जनका काम खोज्ने योजना बनाउने र कार्यान्वयन गर्न समूह बचत कोषलाई पनि परिचालनमा जोड दिईरहेका छन् । पोषणले मानव जीवनमा ठूलो महत्व राख्दछ भन्ने कुरा बुझि नियमित खाने खानामा सन्तुलन मिलाउने कोशिस गर्दै ताजा तरकारी लगाउने करेसाबारी निर्माण गर्ने काम भईरहेकोछ ।

### ग) सरकारी सेवा सुविधा माथिको पहुँच

कोसेली कार्यक्रमअन्तर्गत जाजरकोट जिल्लामा १ सय ६० वटा सामुदायिक समूहमा एक एक पटक स्थानीय तहको योजना छनौट तथा बजेट तर्जुमा प्रकृयाकाबारेमा सवै समूहहरुमा व्यापक छलफल र विश्लेषण गराउने काम सम्पन्न भयो जसको परिणाम स्वरुप समुदायको आवश्यक्ता पहिचान गरी माग गर्ने तरिकामा सबै समूह स्पष्ट भएका छन् । वडा योजना तर्जुमा बैठकमा सहभागी हुने र औचित्यतासहित योजना पेश गर्ने भन्ने बारेमा भएको सामूहिक तथा मूलसमिति स्तरिय छलफलबाट पश्चिम जाजरकोटका ३ वटा सामुदायिक समूहहरु र भेरी सामुदायिक विकास मञ्चका ३ वटा गरी जम्मा ६ समूहले आफ्नो वडास्तरीय योजना तर्जुमा बैठकमा आफ्ना मागहरु लिखित रुपमा पेश गरी खेत जोत्ने हाते ट्याक्टर, बैठक घर, बीउबिजन र खानेपानीमा बजेट विनियोजन गर्न सक्षम भएका छन् ।



सहकर्मी समाजको सहयोग तथा कार्यसञ्जाल संस्थाहरुको व्यवस्थापनमा यस वर्ष ६ वटा वडामा वडा अध्यक्ष, वडा स्थित कार्यालय प्रमुखसहित विभिन्न राजनैतिक दल, मूलसमिति सदस्यहरु, दलित, जनजाति महिला तथा पुरुषहरुको सहभागितामा शिवालय, छेडागाढ र भेरी नगरपालिकाका छनौटमा परेका केही वडाहरुमा सरकारी सेवासुविधा गुणस्तर मापन कार्यशाला सञ्चालन गरियो । जुन कार्यशालाको परिणाम स्वरुप वडामा समुदायका मानिसहरुको समस्याहरु सुन्ने, कार्यालय समयमा नियमित उपस्थित हुने र आगामी दिनमा कार्यालयको कामकाजलाई अझ व्यवस्थित र प्रभावकारी गराउन यस कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता सम्बन्धित पक्षहरुबाट आएको थियो ।

दंगीशरण गाउँपालिकामा सीमान्तकृत समुदायका मानिसहरुको जीवनस्तर सुधार गर्नका लागि, उनीहरुको हकअधिकारहरु सुनिश्चित गर्नका लागि कार्ययोजना, निर्णयहरु सुनुवाइ गर्नका लागि ३ वटा वडामा सरकारी सेवासुविधा प्रवाह तथा गुणस्तरमापन अन्तरक्रिया कार्यशाला सम्पन्न गरिएको छ । स्थानीय सरकारबाट उपलब्ध हुने सेवासुविधा प्राप्तका लागि ५१ वटा समूहका सदस्यहरुलाई विभिन्न कार्यक्रमहरुमा निवेदनहरु पेश गर्नका लागि सहयोग र समर्थन गर्दै आएको छ । वडा पालिकाको योजना तर्जुमा, बस्तिभेला, समीक्षा, अन्तरक्रिया जस्ता कार्यक्रममा सहभागिताका लागि जानकारी दिने, अभिप्रेरित गर्ने कार्य नियमित भइरहेको छ । जीविकोपार्जन सुधार, सामुदायिक भवन निर्माण, महिला क्षमता विकासका तालिमहरु माग गर्नका लागि ४ वटा वडामा ८ वटा प्रस्तावपत्र तयारगरी पेश गर्न सहयोग गरिएको छ । साझेदारी कार्यक्रम सञ्चालनका लागि संस्थामार्फत २ वटा प्रस्तावपत्र पेश गर्ने काम गरिएको छ । सेवा प्रवाह र सेवाग्राहीबीचको दोहोरो संचार हुन थालेको छ । एकअर्कामा विश्वास र सहयोगको भावना बढेको छ । समुदायका सदस्यहरुमा वडा, पालिकाको सूचना पाटी नियमित हेर्ने, नियमित भेटघाट गर्ने कुरामा वृद्धि भएको छ ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजालले स्थानीय सरकारको योजना निर्माण तथा कार्यान्वयन प्रकृयामा सीमान्तकृत समुदायका मानिसहरुको पहुँचमा वृद्धि गर्न उनीहरुको सहभागितामा वृद्धि गर्न, समुदायका नागरिकहरुको अधिकार र कर्तव्यको बारेमा सचेतना बढाउन स्थानीय सेवा सुविधा पहुँचमा वृद्धि गर्नका लागि समाज विकास विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ ।

सरकारी सेवा सुविधाहरुको गुणस्तरमापन अन्तरकृयाहरु सञ्चालन ४ वटा, सरकारी सेवा सुविधाको बारेमा समूहमा छलफल १ सय ४ वटा, स्थानीय सरकारको नीतिगत कुरामा समूहमा जानकारी गराउने १ सय ५० वटा, स्थानीय निकाय तथा कृषि शाखामा समूह दर्ता २० वटा स्थानीय सरकारले बनाएको नीतिका बारेमा समूहमा जानकारी गराउने ९२ वटा, यस वर्ष विभिन्न ३६ वटा समूहको विभिन्न कार्यक्रम बनाइ गाउँपालिकामा पेश गर्नमा समर्थन ४० वटा, समूहका सदस्यहरुको ब्यक्तिगत फर्मदर्ताको लागि पहल २२ वटा, स्थानीय

सरकारले सञ्चालन गरेका कामको सामाजिक लेखापरीक्षण तथा अनुगमनमा जनसहभागितामा वृद्धि भएको छ।



समाज विकास संजालले सहकर्मी समाजसँगको साझेदारीमा सञ्चालन गरेको कोशेली कार्यक्रमबाट विभिन्न तालिम तथा अन्तरकृयामा करिब २ हजार सदस्यहरुले लाभ पाएका छन् । सदस्यहरुले व्यक्तिगत तथा समूह, मूलसमितिबाट विभिन्न कार्यक्रम बनाई यस वर्ष करिब २५ लाख बराबरको स्थानीय सरकारसँगको साझेदारीमा काम सम्पन्न गरेका छन्। कार्यक्रमले सीमान्तकृत समुदायका मानिसहरुको सरकारी सेवा सुविधामा पहुँच वृद्धि हुँदै गएको छ। संस्थाले सञ्चालन गरेका कार्यक्रमहरुमा प्रशिक्षकको रुपमा गाउँपालिकाका प्राविधिकहरुको प्रयोगले सदस्यहरुलाई गाउँपालिकाका कार्यक्रमहरुमा समन्वय गर्न सहज बन्दै आएको छ। गाउँपालिकाले वितरण गर्ने बीउबिजन, बिरुवा, मल, विषादी, घाँसको बीउलगायतका सेवा सुविधाहरु सदस्यहरुले सहजै प्राप्त गर्दै आएका छन् । कृषि तथा पशु प्राविधिकहरुसँगको समन्वयले प्राविधिकहरुलाई घरमै बोलाई पशुरोग तथा तरकारी बालीमा लागेको रोगको उपचार गर्दै आएका छन् ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज बर्दियामा सरकारी सेवा सुविधामा सामुदायिक समूहहरुको पहुँचवृद्धि भएको छ। वडास्तरमा रहेका मूलसमितिहरुले वडामा भेटघाट गर्ने, आफ्नो बैठक कायक्रममा बोलाउने गर्छन्। यो वर्षमा मात्र समूह मूलसमितिले २२ वटा प्रस्तावपत्र पेश गरेका छन्। यसबाट समूहलाई चिन्ने योजना दिने प्रतिवद्धता वडा तथा पालिकाका जनप्रतिनिधिहरुले गरिरहेका छन् । वडा के वितरण हुन्छ भनेर चासो दिन्छन् । वडा तथा कृषिले वितरण गर्ने आलुको बीउ गँहुको बीउ, मसुरोको बीउ, तोरीको बीउ बर्सिम घाँसको बीउ च्याउको बीउ खोजेर वडाबाट पाएका छन् ।

त्रिवेणी विकास समाज बाँकेले कोहलपुर नगरपालिका वडा नं. १५ बाट महिला, बालबालिका, अपांग तथा ज्येष्ठ नागरिक सशक्तीकरण तथा कोरोना भाईरसविरुद्ध जनचेतनामूलक कार्यक्रमका लागि जम्मा रु. २ लाख ५० बराबरको कार्यक्रम सञ्चालन गरी सामुदायिक सचेतनामा वृद्धि गरेको छ।

त्रिवेणी विकास समाजमा आबद्ध रहेका विभिन्न २७ वटा समूहहरुले कोहलपुर नगरपालिकाको कृषि शाखाबाट बीउ विजन, हाते ट्र्याक्यटर, टलेन, प्लाष्टिक, जाली, विभ तथा तरकारीखेती सम्बन्धी तालिम गरी ९ लाख बराबरको सहयोग प्राप्त गरेका छन् । समूहहरुको आन्तरिक प्रयासबाट साझेदारी विकास र कार्यान्वयन भएको ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत वडा पालिकामा नियमित भेटघाट गरेर १ हजार १ सय फलफूलका विरुवा, २ वटा समूहले बाख्रापालन एउटा समूहले ६० केजी गहुँको बीउ, एक वटा समूहले खानेपानी मर्मत, २ वटा समूहले विद्यालय घेरबार, एक जनाले मिलको मर्मत, ७ वटा समूहका ५६ जना सदस्यहरुले कृषि शाखाबाट अनुदानमा प्याज, मूला, धनियाँ भाजी लगायत तरकारीको बीउ पाएका छन् । २ वटा समूहले घाँसको बीउ पाएका छन्। २ वटा समूहका ३७ जनाले ५० प्रतिशत अनुदानमा गहुँको बीउ पाएका छन् ।

२ वटा समूहका ३८ जनाले ५० प्रतिशत अनुदानमा अदुवाको बीउ पाएका छन् ।

२ वटा समूहका ३३ जनाले ५० प्रतिशत अनुदानमा प्याजको बीउ पाएका छन्। ३ वटा समूहले ३ वटा बेलान बोका पाएका छन् । १ वटा समूहका १ जनाले भेटनरीबाट ५० प्रतिशत अनुदानमा माछापालन पोखरी पाएका छन्। एक वटा समूहले गाउँपालिकाबाट ३ लाखपाई ३० वटा बाख्रा समूहमा वितरण गरेको छ , १ वटा समूहले ५० प्रतिशत अनुदान सहयोग पाई भट्मास पकेट क्षेत्रको लागी सम्झौता गरेको छ १ वटा समूहले कृषिबाट रु १० लाखको मकै व्लक कार्यक्रम, ५ लाखको धान पकेट कार्यक्रम पाएका छन्।

एक जनाले भेटनरी शाखाबाट १५ लाखको माछापालन पोखरी, २ वटा समूहले गाउँपालिकाबाट रु ६ लाखमा सीड विन कार्यक्रम प्राप्त, १५ वटा समूहले कृषिबाट बेमौसमी तरकारीको बीउ माग गरी लगाएका छन्, १ वटा समूहले गाउँपालिकाबाट १ लाख ५० हजारमा फलफूल खेती कार्यक्रम प्राप्त गरेको छ, एक वटा समूहले गाउँपालिकाबाट रु ३ लाख पाई ३० वटा बाख्रा समूहमा वितरण गरेको छ।

एकजनाले उद्यमशीलता तालिम लिएका सदस्यले प्रदेश कृषि

विकास शाखाको विज्ञापनमा प्रस्तावपत्र पेश गरी प्रदेश कृषिबाट २ लाख र स्वयं आफूबाट २ लाख गरी जम्मा ४ लाखमा ४ सयवटा हलुवावेदका विरुवा लगाएका छन् । एउटा समूहले १० वटा सिलाई मेसिन पाई सिलाईकटाई तालिम सञ्चालन गरेको छ ।

कोशेली कार्यक्रमअन्तर्गत नेपाल गन्धर्व समाज सोरहवा, बर्दियामा समुदायमा समूह वनेपछि व्यक्तिको क्षमता विकास भई उनीहरु पालिका, वडा, प्रदेश सरकारसँग गएर वजेट माग क्गरी काम गर्न थालेका छन् । समूहका सहभागीहरुले करेसावारी लगाएका छन् । निशुल्क औषधि उपचार, बीउविजन, शिक्षाबारे जानकारी पाएका छन् । योजना तर्जुमावारे समूहमा छलफल गरी विभिन्न समस्यामा प्रस्तावनापत्र तयार पारी वडा कार्यालयमा वुझाउन थालेका छन् । वडासँग सम्वन्ध विस्तार भएको छ ।

### घ) जीविकोपार्जन सुधार

जीविकोपार्जन सुधारका लागि सहकर्मी समाज जाजरकोटले कोशेली कार्यक्रम र टोल विकास संस्था परिचालन कार्यक्रममा आवद्ध सामुदायिक सदस्यहरुको जीविकोपार्जन सुधारका लागि उद्यमशिलता तालिम १ पटक २४ जनालाई, पशुपालन उद्यम व्यवसाय तालिम २ पटक ४८ जनालाई, करेसावारी खेति तालिम १ पटक २२ जना, आइपिएम तालिम १ पटक २१ जना, बचत व्यवस्थापन तालिम ४ पटक ८० जनालाई र १ सय ६० समूहमा जीविकोपार्जन सुधार सम्वन्धि समूह छलफल र विश्लेषण प्रति समूह २ पटकका दरले सहजीकरण गर्ने काम सम्पन्न भएको छ ।




भेरी सामुदायिक विकास मञ्च जाजरकोटका सदस्यहरुको जीविकोपार्जन सुधारको लागि टि.सि.पि ग्लोवल फन्डबाट प्राप्त १९ लाख ७३ हजार ४ सय ८० रुपैँयाँ ९६ जना सदस्यहरुलाई र पश्चिम जाजरकोट विकास समाजका ३५ जना सदस्यहरुलाई ५ लाख रुपैयाँ आयमुलक कामका लागि उपलव्ध गराईएको छ । सहकर्मी समाज कोशेली कार्यक्रम मार्फत दुवै संस्थाका ३२ जनालाई पनि आयमुलक कामका लागि रु ७ लाख ६० हजार उपलव्ध गराईएको छ जुन रकम परिचालन गरी रकम प्राप्त सदस्यहरुले बाख्रापालन, कुखुरापालन, पसल, नास्ता पसल, तरकारी खेति जस्ता कार्यहरु गरी आयआर्जन गरिरहेका छन् भने २ जनाले फलफूल नर्सरी उत्पादन गरी विरुवा विक्रि वितरण गरी आयआर्जन गर्न थालेका छन् ।



जाजरकोटमा अस्तित्वमा आएका कार्यसञ्जाल संस्था पश्चिम जाजरकोट विकास समाज र भेरी सामुदायक विकास मञ्चमा आवद्ध १ सय ६० समूहहरु मध्ये १ सय ४० वटा समूहहरुले बचत कोषको स्थापना गरी गरिएको बचत २ करोड २२ लाख ५५ हजार ५ सय पैसठ्ठी पुगेको छ । बचत कोष परिचालन मार्फत कुखुरा पालन ६५ जनाले, बाख्रापालन ६ सय ५० जना, तरकारी खेति २ सय ४५ जनाले, किराना पसल १ सय २०, नास्ता पसल १५ जनाले, भैसी पालन १८ जनाले जनाले, वोका खरिद विक्रि २० जनाले, तरकारी विरुवा उतपादन र विक्रि २० जना गरी जम्मा १ हजार १ सय ५३ जना आफ्नै कोषबाट आयआर्जन गरी लाभान्वित भएका छन् । कोषको ६० प्रतिशत रकम आयमुलक काममा लगानी भएको छ । ४० प्रतिशत रकम शिक्षा दिक्षा, उपचार खाद्य सामाग्री खरिद जस्ता क्रियाकलापमा खर्च गरी घर व्यवहार चलाएका छन् । भविष्यमा पनि जीविकोपार्जन सुधारका लागि ४ सय १५ जना सदस्यहरुलाई ३ हजार ३५ फलफूलका विरुवा जस्तै आँप, लिचि, कागति, अनार, वेलौति, अंगुर जातका विरुवा उपलव्ध गराइएको थियो ।

सहकर्मी समाजको समर्थन र समृद्ध समाजद्वारा संचालित समूह मूलसमितिका सदस्यहरुको कोष र स्थानीय स्रोत साधनहरुको परिचालनबाट जीविकोपार्जन सुधारका लागि विभिन्न आयमुलक व्यवसायहरु सञ्चालन गरी आफ्नो जीविकोपार्जन सुधार गर्दै आइरहेका छन् । १ सय ६५ जना पशुपंछि भैंसी, बाख्रा, वंगुर, भेडा, खरायो, कुखुरा, हाँस, टर्की पालन, ३८

जनाले व्यवसायिक तरकारी खेती, ३ जना चाट पानीपुरी पसल, एक जना दुध संकलन तथा विक्रि, २३ समूहले सामुहिक कामहरु धान रोप्ने, काट्ने, बोक्ने, मकै गोड्ने, तोरी मसुरो छिन्ने, मल फाल्ने, देउसी भैलो माघि नाच नाचेर सामुहिक कोषवृद्धि गर्ने, विभिन्न सांस्कृतिक बाजागाजा किन्ने, २ जनाले अटो सञ्चालन, ३ नास्ता पसल, ३ जनाले फ्रेसहाउस सञ्चालन, २६ घरले घरेलु मिल, कृषि औजारहरु खरिद र सञ्चालन, लघु उद्यमशिलता सीप विकास तालिम सम्पन्न गरी १७ जनालाई घुम्तीकोष वितरण गरी आयआर्जनका व्यवसायहरु सञ्चालन गरेका छन् । यसबाट समुदायका मानिसहरुको जीविकोपार्जनमा सहज भएको छ । एक आपसमा सीप क्षमताको विकास भएको छ ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजाल काभ्रे दाङमा आबद्ध रहेका विभिन्न समूह तथा मूलसमितिको बैठकमा विभिन्न आयआर्जनसम्बन्धी छलफल तथा अन्तरकृयापछि समुदायका मानिसहरुले समूहहरुमा संकलन गरेको बचत २ करोड ८९ लाख पुगेको छ । बचत रकमको ६० प्रतिशत रकम आयमूलक काममा लगानी गरेका छन् । ४० प्रतिशत रकम घर खर्चमा चलाएका छन् ।



उक्त रकम परिचालनबाट समूहका सदस्यहरुले गर्दै आएका आयमूलक कामहरुबाट १ हजार ५ सय ६० घरले खाद्यान्न बालिमा सुधार गरेका छन् । ७ घरले घरेलु मिल जडान गरेका छन् । ८ हजार ७ सय ७० वटा टिमुर २ हजार ५ सय ४० वटा फलफूलका बिरुवाहरु लगाएका छन् । १८ जना विपन्न महिलाहरुले सिलाइकटाइ व्यवसाय सञ्चालन गरेका छन् । ७० जनाले बंगुर पालन, ४० जनाले ब्रोइलर पालन, १ सय २४ घरले लोकल कुखुरा पालन, ५ सय २३ घरले बाख्रापालन, २ सय ५६ घरले भैंसीपालन गरी पशुपालनबाट मनग्य आम्दानी लिन सफल भएका छन् । किराना पसल २५ घरले, फेन्सी पसल ४ घरले, फ्रेसहाउस सञ्चालन ८ घरले, नास्ता पसल सञ्चालन १४ घरले र १ हजार ८६ घरले विभिन्न नगदेबाली जस्तै अदुवा, बेसार, खुर्सानी, लसुन, प्याज, आलु लगाइ आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सहजता आएको छ ।

समाज विकास संजालले विभिन्न व्यवसाय सञ्चालन गर्न नगदेबाली, पशुपालन, तरकारी बीउ नर्सरी निर्माणमा १६ जना सदस्यहरुलाई घुम्तीकोष रकम सहयोग गरेको छ । यसबाट आर्जनमा वृद्धि भई घर खर्च, पर्व खर्च, पढाइ खर्च, उपचार खर्चमा सहज हुँदै आएको छ । सदस्यहरु बाहिरी ऋण र चर्को ब्याजबाट जोगिएका छन् । १ सय ८२ जना सदस्यहरुलाई TCP Global fund रु ९ लाख ३० हजार वितरण गरी उनीहरुको व्यवसायहरु फस्टाउँदैं गएको छ । यसबाट सदस्यहरुले पशुपालन, नगदेबाली, तरकारीखेती जस्ता व्यवसाय सञ्चालन गरेका छन् ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज बर्दियामा समूह सदस्यहरुको जीवनयापनमा सुधार देखिन थालेकोछ । समूहको कोषलाई आयआर्जनमा लगानी लगाउन सुरु गरेका छन् । सामुदायिक समूहहरुले नियमित बचत लगानी असुली गरिरहेका छन् । सामुदायिक समूहहरुको कुलकोष रु १ करोड २० लाख ५२ हजार ५ सय ६१ रहेको छ । आयआर्जनका काम गरी घर व्यवहार चलाउन बालबच्चाको पढाइ खर्च टार्न सहज भएको छ । जीविकोपार्जन सुधारका लागि बाख्रापालन १८ जना, बंगुरपालन २७ जना, कुखुरापालन १४ जना, फलफूल तथा तरकारी पसल १ जना, तरकारीखेती ३५ जना, भैसी पालन ११ जना टेलर्समा कपडा पसल १ जना एग्रोभेट तथा पशु प्राविधिक १ जनाले गरिरहेका छन् ।

सहकर्मी समाजले फाष्टेन एक्सन स्वीजरल्याडको आर्थिक सहयोगमा कर्णाली प्रदेशको जाजरकोट जिल्ला जुनीचाँदे गाउँपालिकाको वडा नं. ७, ८ र ९ मा खाद्य सम्प्रभूताका लागि समुदायमा आधारित वातावरण अनुकूलन दिगो कृषि अभ्यास कार्यक्रम शुरु गरेको छ ।



जुनीचाँदे गाउँपालिका जाजरकोटको ३ वटा वडामा २४ वटा सामुदायिक समूहमा ५ सय ९४ घरधुरी समेटिएकोछ। २४ वटा सामुदायिक समूहहरुमा ४ सय ४५ महिला र १ सय ४९ पुरुष गरी ५ सय ९४ जना सहभागी रहेका छन् ।



३ वटा सामुदायिक बैठक, २४ वटा सामुदायिक समूह अवधारणा बैठकहरु सम्पन्न गरिएका छन् भने सामुदायिक समूहहरुमा विभिन्न ६ वटा विषयहरुमा १५ समूहमा एक एक समस्या विश्लेषण गरी ४ वटा सामुदायिक समूहहरुले कार्ययोजना बनाई कार्यान्वयन गरेका छन् ।

दुइटा सामुदायिक समूहले खानेपानीको धारा तथा बाटो मर्मत गरेका छन् भने एउटा समूहले चर्पी निर्माण गरेको छ भने ९ वटा सामुदायिक समूहहरुले सामुदायिक समूह बचतकोष निर्माण गरी विभिन्न कामका लागि ऋण लगानी असुली गर्दै जीविकोपार्जन सुधारको प्रयास शुरु गरेका छन् । गाउँपालिका तथा वडाहरुमा आवश्यक समन्वय र सहकार्यको सुरुवात गरिएको छ ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत युवा उद्यमशीलता तालिम लिएका मध्ये ४१ जना युवाहरुले अहिले आफूले बनाएको व्यावसायिक योजनाअनुसार व्यवसाय गरी रहेका छन् । व्यवसायीहरुले बाख्रापालन, लोकल र बोइलर कुखुरापालन, खुद्रा पसल, तरकारीखेती, फलफूलखेती, सिलाइकटाइ, नास्तापसल, कपाल काटने जस्ता कामहरु गरेर हालसम्म २ लाख ४० हजार रुपैया खुद नाफा कमाइएका छन् ।

सामुदायिक समूहका सदस्यहरुको आफ्नो बचतकोषमा ५३ लाख पुगेको छ। बचतकोषबाट ऋण लिएर १६ जनाले पसल, ९ जनाले पशुपालन गरेका छन् । २१ जनाले बाख्रापालन, ९ जनाले ब्रोइलरपालन, ६ जनाले लोकल कुखुरापालन, ३२ जनाले तरकारीखेती, ५ जनाले सिलाइकटाइ, १ जनाले कपाल काट्ने, ९ जनाले टिमुर खेती, ४ जनाले ओखर आँप कागतीजस्ता नगदे विरुवा लगाई आयआर्जनमा वृद्धि गरेका छन् ।

कोशेली कार्यक्रमअन्तर्गत नेपाल गन्धर्व समाज सोरहवा, बर्दियामा ज्योती समूहका २५ घर मध्ये १७ घर परिवारमा आयआर्जनका कामहरुले परिवारको आर्थिक र सामाजिक अवस्था सुधार भएको छ। १३ घर बाख्रापालन, १ घर बंगुरपालन, २ घर भैसीपालन, एकघरले खुद्रापसल गरेर आयआर्जन गरेका छन् । अन्य ८ घरले करेसाबारी तरकारी खेती र मज्दुरी गरेर जीविकोपार्जन गरेका छन् । छोरा छोरीहरुलाई स्कूल पठाउने, सरसफाइ गर्ने, मौसमअनुसारका कपडा लगाउने अवस्थामा सुधार भएको छ। समूहमा बचत गरेर महिलाहरुले आवश्यकता अनुसार पालोपालो ऋण लिएर घरधन्दा चलाएका छन् ।

### ङ) सामुदायिक सुविधा निर्माण तथा मर्मत

जाजरकोटमा सहकर्मी समाजको सहयोग र समर्थनमा बनेका सामुदायिक समूहहरुले आफ्नै श्रम, स्रोत र लगानीमा २०७८ साउन देखि ०७९ असार मसान्तसम्म आफ्नो समस्या र आवश्यक्ताको आधारमा सामुदायिक सुविधा निर्माण तथा मर्मतका कामहरु सम्पन्न भएका छन् । ६० समूहका १ सय ३२ घरपरिवारले १ सय ३२ वटा कच्ची तथा पक्की भाँडा सुकाउने ऱ्याक बनाएका छन् । ४० घरिपरिवारले कच्चि चर्पी भत्काएर पक्कि चर्पी निर्माण गरेका छन् । १० कि.मि. बाटो निर्माण तथा मर्मत, १५ वटा बैठक घर निर्माण, २ वटा चौतारी निर्माण ५ सय मीटर सिँचाई कुलो मर्मत र एक वटा सिँचाइ पोखरी निर्माण, ५ सय मीटर पाइप लाइन व्यवस्थापन, सामुदायिक ढिकी निर्माण र घेरावार १ वटा, १० वटा सुधारिएका गोठ, २० वटा सुधारिएका वाख्रा खोर निर्माण गरी परिचालन भएका छन् ।



समृद्ध समाजमा कोशेली कार्यक्रमअन्तर्गत विभिन्न समुदायमा सामुदायिक सुविधा निर्माण तथा मर्मतका कामहरु सम्पन्न गरिएको छ । ४ वटा समूह वैठक घर निर्माण, १ सय ७० मिटर सिचाँइ कुलो निर्माण, २ सय ५३ घरले नयाँ तथा पुरानो चर्पी निर्माण तथा मर्मत, २७ वटा चौतारो, मन्दिर, विद्यालयको

स्वास्थ्यका भवन सरसफाइ, ५ हजार ६ सय मिटर बाटो ग्राबेल तथा झाडिफडानी, ८ सय ५४ घरले फोहोर फाल्ने खाडल निर्माण, २ सय ८२ घरले भाँडा सुकाउने टाँडी निर्माण गर्ने कार्य सम्पन्न भएको छ । यसबाट गाडीमोटर हिँड्डुल गर्न सहज भएको छ र एकआपसमा राम्रो सम्बन्धको विकास भएको छ ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजालले समुदायको विकास समुदायकै अग्रसरताबाट हुनुपर्दछ, भन्ने मान्यताबाट यहाँका सीमान्तकृत समुदायको विकासमा टेवा पुग्ने खालका काममा समूहका मानिसहरुले विभिन्न योजना निर्माण गर्ने र उक्त योजना कार्यान्वयन गर्दै आएका छन् । एउटा मूलसमिति भवनमा शौचालय तथा पर्खाल निर्माण गरिएको छ । ७ वटा समूह घर निर्माण तथा मर्मत भएको छ । १ सय ३० वटा खानेपानीका मुहान कुवा मर्मत तथा निर्माण गरिएको छ । खानेपानीको मुहान वरिपरि करिब ८ हजार बिरुवा वृक्षारोपण गरिएको छ र ७ वटा मुहानमा तारबार गरिएको छ । ४६ वटा समूहले २३ कि.मि. गोरेटो बाटो र ७ वटा समूहले ११ कि.मि मोटरबाटो मर्मत गरेका छन् । यसबाट मानिसहरुलाई आवात जावतमा सहज भएको छ ।



समूहमा हुने नियमित बैठकमा समस्याको पहिचान विश्लेषण कार्ययोजना निर्माण तथा त्यसको कार्यान्वयनमा समुदायका मानिसहरुको चासो बढ्दै गएको छ । यसबाट सदस्यहरुले ७ सय ५ वटा फोहोर फाल्ने खाडल निर्माण गरेका छन् । ६ सय २० घरले भाडा सुकाउने टाडी वा च्याङ निर्माण गरेका छन् । २१ घरले शौचालय निर्माण गरेका छन् । ५ घरले सिचाईको लागि प्लाष्टिक पोखरी निर्माण गरेका छन् । ६ सय ४५ घरले गोठ सुधार तथा मलखाद व्यवस्थापन गरेका छन् । ५ वटा समूहले ६८ वटा विद्युतको पोल गाडेका छन् । यसबाट हिँडडुल गर्न सहज भएको छ । वातावरण संरक्षण भएको छ । स्वास्थ्य तथा सरसफाइमा वृद्धि भएको छ । विभिन्न सरुवा रोगमा कमी हुँदै आएको छ । मानिसहरुमा एकता बढेको छ । सामाजिक काममा चासो बढेको छ । पशुपालनमा लाग्ने रोगमा कमी भएको छ । समुदायका मानिसहरु स्वच्छ पानी र अर्गानिक तरकारी खान थालेका छन् ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा संस्थामा आबद्ध सामुदायिक समूहहरुले तथा संस्थाले बाटो तथा टोल सरसफाइ ५ वटा, १ हजार ५ सय मिटर, प्रतिक्षलय मर्मत एउटा, बाख्राको गोठ सुधार १५ वटा, बंगुरको गोठ सुधार २० वटा, गाई भैसीको गोठ सुधार १० वटा, फलफूलका विरुवा रोपेको २ हजार ७० वटा, मृगौला पीडित संजिव थारुलाई पैसा सहयोग २ हजार समूहकोष १ करोड २० लाख ५२ हजार ५ सय ६१, सामूहिक भाडा परिचालन एक, समूह सामुदायिक भवन मर्मत एउटा, जनशक्ति विकास समाजको भवनको जगको लागि सहयोग संकलन २ लाख ६५ हजार रहेको थियो ।

त्रिवेणी विकास समाजबाट १२ जना समूह सदस्यहरुलाई जीविकोपार्जन सुधारका लागि.२५ हजारका दरले घुम्तीकोष रकम प्रदान गरिएको छ । सदस्यहरुले ८ लाख ५० हजार आम्दानी गरी उनीहरुको जीविकोपार्जनमा सुधार भएको छ । ३ जना समूह सदस्यहरुलाई बाख्रा तथा बंगुरपालन गर्नमा सहयोगी भूमिका निर्वाह गर्नका लागि गोठसुधार गर्न सहयोग गरिएको छ । ३ जना सदस्यहरुलाई बाख्रा तथा बंगुरको व्यवस्थित गोठ बनाई पशुपालन व्यवसाय गर्न र आम्दानी गर्नमा टेवा पुगेको छ ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत सामुदायिक समूहहरुले समस्या विश्लेषणपछि बाटो २ किलोमिटर निर्माण, ६ किमि बाटो मर्मत, ३३ वटा धारा मर्मत, २३ वटा चर्पी निर्माण तथा मर्मत गरेका छन् । समूहले बैठक बस्नका लागी ६ वटा वैठक घर मर्मत गरेका छन् भने १ वटा समूहले बैठक घर निर्माण गरेको छ । ३ सय २४ वटा फोहर फाल्नका लागि खाडल खनेका छन् । ५ वटा सामूहिक ढिकी बनाएका छन् । ६ वटा चौतारी निर्माण गरेका छन् । सामूहिक रुपमा धान काटेका

छन्, ५ वटा समूहहरुले १५ लाख बजेट ल्याई ६ वटा पोखरी निर्माण गरेका छन् ।

कोशेली कार्यक्रमअन्तर्गत नेपाल गन्धर्व समाज सोरहवा, बर्दियामा सामदायिक समूहहरुले वाटो १ किमी वाटो ब्लक निर्मण २ किमि वाटो कच्ची मर्मत, १ वटा धारा निर्माण, ५ वटा चर्पी र ११ वटा घर निर्माण गरेका छन् । जसबाट सहज रुपमा हिँडडुल गर्न, पानी प्रयोग गर्न, घरमा सुरक्षित बसोबास र खुला दिसापिसाब गर्ने कुरामा कमी आई रोग लाग्नबाट सुरक्षित हुन थालेका छन् ।

### च) सामुदायिक स्वास्थ्य तथा सरसफाइ

कोसेली कार्यक्रमअन्तर्गत जाजरकोटमा सामुदायिक स्वास्थ्य तथा सरसफाइ गुणस्तरीय जीवनको मूल आधार हो भन्ने मान्यताका साथ सामुदायिक समूह तथा टोल विकास संस्थाहरुमा यो आर्थिक वर्षमा २२ वटा मूलसमिति स्तरीय सरसफाइ सम्वन्धी अन्तरक्रिया सम्पन्न भएका छन् । १ सय ६० वटा समूहहरुमा २ पटकसम्म स्वास्थ्य तथा पोषणसम्वन्धी अन्तरक्रियाहरु सम्पन्न भएका छन् । २५ वटा पानीका मुहान सरसफाइ, फिल्टरको प्रयोग, ५ सय ६५ वटा फोहर फाल्ने खाडल निर्माण, समूहमा आवद्ध सबै घरपरिवारले आफ्नो वरिपरि नियमित सरसफाइ, समुदायका मानिसहरुमा धामीझाँक्री प्रतिको विश्वास घट्दै जानु, रोग उपचार तथा स्वास्थ्य परामर्शका लागि स्वास्थ्य चौकी जानेहरुको संख्यामा वृद्धि हुँदै गएको छ ।

समूह तथा टोलविकास संस्थाहरुले चलाएका सरसफाइ अभियानले अहिले समुदायमा सरसफाइ भएको छ । मानिसहरु नियमित सावुन पानीले हात धुने नुहाइ धुवाइमा ख्याल गर्ने, स्वास्थ्यका लागि आवश्यक वस्तुहरुको प्रयोग गर्ने, आनीबानीमा सुधार गर्ने जस्ता परिवर्तन भएका छन् ।

स्वास्थ्य नै धन हो भन्ने मूल नाराका साथ कोसेली कार्यक्रम अन्तर्गत दंगीशरण गाउँपालिकामा व्यक्तिगत, पारिवारीक र सामुदायिक स्वास्थ्य तथा सरसफाइका लागि विगतदेखि नै समुदायका मानिसहरु सचेत गराउने काम नियमित भइरहेको छ । १ सय ७ वटा पानीका मुहानहरु सरसफाइ, पोषण चेतनाका लागि १ वटा होडिङ बोर्ड, ४ सय ६२ घरले पानी उमालेर खान थालेको, ८ सय ४९ घरले करेसाबारी निर्माण, ३७ जनाले नियमित गर्भवती, पाठेघरको चेकजाँच गराउने, बालबालिकाहरुको नियमित खोप लगाउने बच्चाको तौल लिने, ५१ समूहले घरआगन सरसफाइ, २ सय ८२ घरले भाँडा सुकाउने टाँडी निर्माण, ४ सय ४४ जनाले नियमित सावुन पानीले हात धुने, फिल्टर खरिद र प्रयोग ११ घर, ६ सय ३१ जनालाई महिला स्वास्थ्य तथा पोषण सुधार अन्तरक्रियामा सहभागी र ३० जना महिलाई अण्डा वितरण, ७ वटा मूलसमितिमा १ सय ५४ जनालाई पोषण चेतना वृद्धि कार्यशालामा सहभागी भएको, ८ सय १२ घर ३ हजार ९ सय ५ वटा फलफूलका बिरुवा रोपेका छन् । पोषण चेतनाका लागि १ हजार ३ सय ७७ वटा पम्प्लेट वितरण गरिएको छ । यसबाट मानिसहरुले दैनिक खानपानमा ध्यान दिन थालेका छन् । मानवीय स्वास्थ्यमा क्रमिक सुधार आउन थालेको छ ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजाल काभ्रे दाङले सीमान्तकृत समुदायमा रहेका मानिसहरुमा ज्ञान तथा सीपको अभावका कारण मानिसहरुमा स्वास्थ्य तथा सरसफाइका कारण थुप्रै समस्याहरु भोग्दै आएको हुँदा उक्त समस्या समाधान गर्नमा उनीहरुको योजना बनाउने र कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्दै सामुदायको स्वास्थ्य तथा सरसफाइमा महत्वपूर्ण योगदान दिँदै आएको छ । महिनावारी, स्वास्थ्य प्रजनन, पाठेघरको समस्यासम्बन्धी छलफल ८६ वटा, समुदाय तथा समूहहरुमा स्वास्थ्य तथा सरसफाइ अन्तरकृया



सञ्चालन ९० वटा, सामुदायिक विद्यालयहरुमा पोषण तथा सरसफाइ सम्बन्धी अन्तरकृया ५ वटा सञ्चालन भएका छन् ।



विभिन्न छलफल अन्तरकृया पश्चात् भएको योजना निर्माणबाट समुदायका मानिसहरुले विभिन्न काम गर्दै आएका छन् । व्यक्तिगत तथा घरआगन सरसफाइ १ हजार ८ सय ४२ वटा, गोरेटोबाटो तथा मोटरबाटो सरसफाइ २१ किमि, वृक्षारोपण ११ हजार ३ सय ४६ वटा, पानीको मुहान, कुवा, धारा सरसफाइ १ सय ३० वटा फोहोर फाल्ने खाडल निर्माण तथा फोहोर व्यवस्थापन ६ सय २० वटा, भाडा राख्ने च्याङ निर्माण ७ सय ५ वटा, शौचालय निर्माण २१ वटा, मठमन्दिर, विद्यालयको प्राङ्गण सरसफाइ १४ वटा, सामुदायिक वन छटान १८ वटा, फिल्टर खरिद तथा प्रयोग ६ सय ४०, नियमित साबून पानीले हात धुने मास्कको प्रयोग गर्ने नियमित गर्दै आएका छन् । यसबाट मानिसहरुको स्वास्थ्यमा सुधार भएको छ। बच्चाहरुमा कुपोषणको अन्त्य हुन थालेको छ । सुत्केरी तथा गर्भवती महिलाहरुको मृत्युदरमा कमी आएको छ।



त्रिवेणी विकास समाज बाँकेमा ३ सय ५४ जना विद्यार्थीहरुको सहभागितामा ४ वटा विद्यालयमा पोषणसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रम सञ्चालनपछि विद्यार्थिहरुको पोषणयुक्त खाना खाने व्यवहारमा परिवर्तन भएको छ। ८१ जना समूह, मूलसमिति समुदाय तथा स्थानीय तहका पदाधिकारीहरुको सहभागीतामा पालिकास्तरमा पोषण भेला कार्यक्रम कोहलपुर नगरपालिका वडा नं. २ बर्दहवामा सञ्चालन भएको छ । यसबाट पोषणयुक्त खाना व्यवहारमा परिवर्तन, कुपोषणले स्वस्थ्यमा पार्ने नाकारात्मक प्रभाव आदिमा विकास भएको छ। ५ सय ३७ जनाको सहभागितामा समुदायस्तरमा गर्भवती महिला, सुत्केरी महिला, किशोरीहरु, महिला तथा पाठेघर खस्ने सवालमा अन्तरक्रिया ३० वटा सञ्चालन भई गर्भवती तथा सुत्केरी महिला तथा समुदायका अन्य महिलाहरुको पोषिलो खाना खाने व्यवहारमा सुधार भएको छ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा सामुदायिक समूहहरुले व्यक्तिगत तथा स्वास्थ्य सरसफाइमा ध्यानाकर्षण गरेका छन् । गरिरहेको कामलाई व्यवस्थित तथा निरन्तरता गरेका हुन्। मानिस स्वस्थ रहन उसको आहार व्यवहारले प्रभाव पर्दछ। घर परिवारलाई स्वस्थ्य रहनका लागि ताजा र सफा खानालाई व्यवहारमा उर्तान खोजेका छन् । ताजा तरकारीखेती गर्ने करेसाबारीमा तरकारी लाउनेहरु १ सय ५५ जनाले निरन्तरता दिएका छन्। तरकारी नै नलाउने १ सय ६७ जनाले तरकारी लाउने र खाने बानीको विकास भएको छ। विभिन्न रोगबाट बच्नका लागि सामुहिक बाटोघाटो सरसफाइ गर्ने, व्यक्तिगत आ-आफ्नो घर आगन नियमित सफा राखी स्वस्थ्य र सफा रहने घर परिवार संख्यामा वृद्धि भई ९ सय ४ पुगेकोछ। बाटो तथा सामुदायिक श्रोतहरु भवनहरु समूह सदस्यहरु मिलेर सफा गरेका छन् । नियमित साबुन पानीले हात धुने संख्यामा पनि वृद्धि भएको छ। पोषणयुक्त तथा स्थानीय खानालाई महत्व दिने र बजारका खानाको प्रयोगमा कमी आउन थालेकोछ । जंक फुडहरुको प्रयोगमा न्यूनता आएकोछ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत ९५ वटै समूहका सदस्यहरु नियमित रुपमा आफ्नो स्वास्थ्यलाई ख्याल गर्ने, स्वास्थ संस्थामा गएर औषधी उपचार गर्ने, परिवार नियोजनको प्रभावकारिताबारे परामर्श लिने, घर आगन सरसफाइ गर्ने, टोल सरसफाइ गर्ने, फोहर व्यवस्थापन जर्ने, वाटो वरिपरिको झाडी काट्ने, झाडापखाला वारे सचेतना जगाउने गरेका छन्। विश्वमहामारीको रुपमा फैलिएको कोभिड-१९ बारे ६८ वटा समूहमा छलफल भएको छ जसबाट ६ सय ५० भन्दा ज्यादा मानिसहरुले सावधानी अपनाएका छन् । सावधानी अपनाउदा रोगमा कमी आएको छ। आफनो स्वास्थ्यप्रति सजक भएका छन्।

घर आँगन र बाटो वरिपरि सरसफाइले हिडँडुल गर्न सहज र वातावरण सफा भएको देखिन्छ। एउटा समूहले २५ वटा

फिल्टर खरिद गरेको छ । ५ वटा समूहका ११ जना पाठेघर पीडित महिलाहरु छलफल पश्चात स्वास्थ्य संस्थामा गई चेकजाँच गराई परामर्श लिई उपचार गरेका छन् । १६ वटा समूहका २ सय ५३ जनाले घरघरमा फोहोर खाडल निर्माण गरी फोहोर व्यवस्थापन गरेका छन् । १३ वटा समूहले खानेपानी मूल तथा धारा मर्मत गरी स्वच्छ तथा नियमित पानी आउने वनाइका छन् । १२ वटा समूहले १ हजार ४सय मिटर वाटो सरसफाइ गरेका छन् । ६ वटा समूहहरुले एक पटक दुईवटा हेल्थपोष्ट एउटा गाउँपालिकामा सरसफाइ गरेका छन् ।



खानेपानी, स्वास्थ्य तथा सरसफाइ दिगो विकास लक्ष्य प्राप्तिको लागि संचालित खानेपानी, स्वास्थ्य तथा सरसफाइ परियोजना अन्तर्गत सिमाबि नेदरलेण्डको आर्थिक सहयोग लुमन्ती आवासको लागि सहयोग समूहको प्राविधिक सहयोग र सहकर्मी समाजको सहयोग तथा सहजीकरणमा बाँकेका २ वटा पालिका र सुर्खेतको २ वटा पालिका रहेका छन् । बाँकेको कोहलपुर नगरपालिका, बैजनाथ गाँउपालिका र सुर्खेतको भेरीगंगा नगरपालिका र बरहाताल गाउँपालिकामा संचालित "दिगो विकास लक्ष्य प्राप्तिका लागि खानेपानी, स्वास्थ्य तथा सरसफाइ" (WASH SDG) कार्यकमलाई दिगो तथा प्रभावकारी बनाउनको निमित कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिकाहरुको समन्वयमा विभिन्न वार्डहरुमा वास समन्वय समिति गठन, टोल विकास संस्था गठन, आमा समूह, सरसफाइ समूह गठन गरी टोलहरुमा सरसफाइ अभियान सन्चालन गर्नेको लागि मासिक बैठक बस्ने गरेका छ ।

आफ्नो ब्याक्तिगत स्वास्थ्थ तथा सरसफाइदेखि सामूहिक स्वास्थ्य तथा सरसफाइको बारेमा कोड सहजीकरण तथा आईसी समाग्रीहरुद्वारा समूहमा छलफल गर्न, फोहरको वर्गीकरण, यौन तथा प्रजनन, महिनावारी स्वच्छता ब्यवस्थापन, साबुनपानीले हात धुने चरणहरु, पानी शुद्धीकरण गरी पीउने आदिको बारेमा छलफल चलेका छन् । बाँकेमा जम्मा समूह सख्या ४८ वटा रहेका छन् । सुर्खेतमा ४७ वटा वास समूहरुरहेका छन् । सहभागी सख्या १ हजार २ सय जना रहेका थिए । WASH SDG कार्यक्रमगत जम्मा सहभागी सख्या २ हजार ५ सय १० जना जस्मा महिला सहभागी सख्या १ हजार ९ सय २० जना र पुरुष सहभागी सख्या ५ सय ९० जना सहभागी रहेका थिए ।

दिगो विकास लक्ष्य प्राप्तिका लागी पूर्ण सरसफाइसम्बन्धी विभिन्न तालिमहरु सञ्चालन भएका छन्, (WGST) समूह सवलीकरण तालिम, (WCFT) वास सामुदायिक सहयोगी तालिम, (WCOST) वास सामुदायमा आधारित सँगठनात्मक सवलीकरण तालिम, (Water Quality Test training) गुणस्तरीय पानी परीक्षण तालिम, (Leadership & Advocacy training) नेतृत्व विकास तथा जनवकालत तालिम, (Menstrual Hygine management training) महिनावारी स्वास्थ्य ब्यवस्थापन तालिम, सहयोगी तालिम, (Resource management & account training) स्रोत ब्यवस्थापन तथा लेखा तालिम, (Organizational management Sustainable training) संस्थागत दिगोपना तथा ब्यवस्थापन तालिम, सुरक्षित खानेपानीसम्बन्धी अभिमुखीकरण कार्यक्रम गरी कोहलपुर नगरपालिका वडा न. २ मा साना शहरीसँग र बसोबास सहकारीसँग खानेपानीको लागि जडान गर्ने नसक्ने समुदायका लागि बसोबास सहकारीले ऋण लगानी गर्ने र साना शहरीले ५० प्रतिशत अनुदान दिने गरी खानेपानी धारा जडानका लागि सदस्यता लिएको सख्या ८ सय ३९ घरधुरीले खानेपानीको धारा जडान गरेका छन् ।



नौबस्ता खानेपानी उपभोक्ता संस्थामा पनि १ सय ७१ जना घरधुरीले खानेपानी धारा जडान गरेका छन् भने बिराट, संम्सेरगज र वनकटुवा खानेपानीमा सुरक्षित खानेपानी पिउनु पछ भनी जनचेतनामूलक अभियान सञ्चालन भएका छन् । वास अधिकारकोबारे छलफल र समुदाय र बित्तीय संस्थाबीच अन्तरक्रिया कार्यक्रम, सरसफाइ दिवस विश्व हात धुन्ने दिवस, शौचालय दिवस, विश्व पानी दिवसहरु मनाउने काम सम्पन्न गरिएका थिए ।

उपलब्धि तथा प्रभावहरुलाई विश्लेषण गर्दा समुदायमा कोड सहजीकरणले बैजनाथ गाउँपालिकामा बायो स्यान्ड फिल्टर खरिद ९० वटा, कोहलपुर नगरपालिकामा ४० वटा स्टील फिल्टर खरिद गरी पानी पिउन थालेका छन् । पेलाडी खानेपानी उपभोक्ता समितिले २ सय ४० घरधुरीले खानेपानी धारा जडान गरेका छन् । खानेपानी स्वास्थ तथा सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि, महिनावारी सरसफाइको बारेमा खुलेर बोल्न थालेका छन् । प्रयोग गर्ने कपडाहरु घाममा सुकाउन थालेका छन्, सार्वजनिक स्थानहरु घरआगन सरसफाइ गर्ने थालेका छन् । पानी शुद्धीकरण गरेर पिउन थालेका छन् । गाईगोरुहरु बाटोमा बाँध्न कम भएको छ । सरसफाइसम्बन्धी नियमित बैठक बसेका छन् । समूहमा बचत गरी सरसफाइ समाग्री खरिद गरका छन्, शौचालयमा ढोका नभएकोमा ढोका लगाएका छन् , २ खाल्डे चर्पी निर्माण गरेका छन् ।



करेसाबारीमा तरकारी खेती गरका छन् कुहिने र नकुहिने फोहरहरु छुंटाइ फाल्ने गरेका छन् । समुदाय टोलहरुमा समुदायका मानिसहरुलाई सरसफाइ सम्बन्धी जिम्मेवारी बहन भएको छ । हातधुने बानीको बिकास भएको छ ।

कोशेली कार्यक्रमअन्तर्गत नेपाल गन्धर्व समाज सोरहवा, बर्दियामा नियमित स्वास्थ संस्थामा गएर औषधी उपचार गर्ने, परिवार नियोजनको प्रभावकारीतावारे परामर्श लिने, घरआगन, टोल सरसफाई गर्ने, फोहर व्यवस्थापन गर्ने, झाडापखालाबारे सचेतना जगाउने गरेका छन् । आफनो स्वास्थ्यप्रति सजक भएका छन् । घर आँगन र बाटो वरिपरि सरसफाइले हिडँडुल गर्न सहज र वातावरण सफा भएको छ ।

### छ) शैक्षिक गुणस्तर विकास

सहकर्मी समाज कोशेली कार्यक्रमअन्तर्गत पश्चिम जाजरकोट विकास समाज र भेरी सामुदायिक विकास मञ्च जाजरकोटमा बनेका सामुदायिक समूह, मूलसमिति तथा संस्थाहरुले आफ्ना आफ्नो कार्यक्षेत्रमा रहेका विद्यालयहरुमध्ये ५ वटा विद्यालय लिपपोत र सरसफाइ, आफ्ना वालवालिकाहरुको पढाइ प्रगतिको चासो वृद्धि गर्न र प्रभावकारी शिक्षण प्रणाली विकासका लागि विद्यालय र अभिभावकबीच अन्तरक्रिया ४ वटा विद्यालयमा एक एक पटक, अभिभावकहरुले आफ्ना बालबालिकाको पढाईमा हौसला दिन उनीहरुको आवश्यकता परिपूर्तिमा आवश्यक समर्थनजस्ता उल्लेखनीय कार्यहरु सम्पन्न भएका छन् । विद्यालय र समूहहरुको आपसी सहयोग र समर्थनले विद्यालय र टोल विकास संस्थाहरुबीच आपसी सहकार्य र सम्बन्धको विकास भएको छ ।



दंगीशरण गाउँपालिकाको वडा नं २,३, ६ र ७ मा ४ जना विपन्न परिवारका विद्यार्थीहरुलाई छात्रवृत्ति कोष वितरण, एक वटा मूलसमितिमा एकजना विपन्न परिवारको विद्यार्थीलाई २/२ दर्जन कापी र कलम सहयोग गरिएको छ । ११ जना विद्यालयको संचालक समितिमा बसेका छन् भने २ सय ४४ जना विद्यालयको अभिभावक भेलामा सहभागी भएर विद्यालयको गतिविधिको बारेमा जानकारी लिने, आफ्ना कुराहरु राख्ने गर्ने गरेका छन् । यसबाट नियमित विद्यालय जाने बालबालिकाहरु शिक्षकहरुको संख्यामा वृद्धि भएको शिक्षक तथा व्यवस्थापक, संचालक समितिहरूबीचको सम्बन्ध सुमधुर बन्दै गएको छ ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजालले समुदायमा रहेका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि विभिन्न अन्तरकृयाहरु सञ्चालन गर्दै आएको छ । समूहमा भएको छलफल अन्तरकृयाले समुदायका बालबालिकाहरुलाई अभिभावकले विद्यालय पठाउने उनीहरुको पढाइकाबारेमा चासो राख्न थालेका छन् । विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नियमित भेटघाट तथा छलफल १२ पटक, विद्यालयको अभिभावक भेलामा सहभागी हुने र छलफल गर्ने १५ पटक, विद्यालयको प्राङ्गण सरसफाइ १४ पटक, सीमान्तकृत समुदायका मानिसहरुमा भएको गरिबी अन्त्य गर्न र उनीहरुको बालबालीकाको पढाइलाई निरन्तर गर्नको लागि समाज विकास संजालले १ सय ६० जना बालबालिकालाई ६ हजारका दरले छात्रवृति प्रदान गरेको छ । यसबाट १९ जना विद्यार्थीले कक्षा

१२ पास गरेका छन् । भौगोलिक विकटताका कारण स्कुल टाढा भई साना बच्चाहरु जान नसक्ने वातावरण भएकाले समुदायमा छलफल गरी समूदायकै सहयोगबाट ३ वटा बालविकास कक्षाहरु सञ्चालन भएका थिए । जुन विद्यालयलाई अहिले स्थानीय तहले तलब खुवाउने गरी प्राथमिकता दिएको छ ।

भौगोलिक विकटता भएको यस क्षेत्रमा विद्यालय जाने बाटो अविरल वर्षाका कारण क्षत विक्षत हुने, पहिरो जाने भएकाले स- साना बालबालिकालाई स्कुलसम्म जानको लागि सहज वातावरण निर्माण गर्न २३ किमि गोरेटो बाटो र ११ किमि मोटरबाटो मर्मत गरेका छन् । विद्यालयको भौतिक संरचना जीर्ण रहेका विद्यालयहरुको समस्या समाधानका लागि समुदायबाट वडा कार्यलय तथा गाउँपालिकामा पहल गर्दै आएका छन् । स्कुलका शिक्षकहरु विभिन्न कारण देखाएर बिदा बस्ने बालबालिकाको पढाइमा ध्यान नदिने भएकाले विद्यालयको अभिभावक भेलामा शिक्षकलाई नियमित विद्यालय सञ्चालन गर्नमा पहल गरिएको छ । यसबाट विद्यालयको पढाइमा सुधार हुँदै आएको छ । शिक्षकहरु नियमित स्कुल जान थालेका छन् । भौगोलिक विकटताको कारण स-साना बालबालिकालाई स्कुलमा नास्ता खुवाउने सरकारको सहयोगमा स्कुलहरुमा विद्यार्थीलाई पैसा वितरण गर्ने गरेकोमा उक्त पैसाबाट बालबालिकाहरु चाउचाउ बिस्कुटजस्ता खानेकुरा बढी खाने भएकाले विद्यार्थीको स्वास्थ्यमा असर पर्ने भएको हुँदा विभिन्न विद्यालयमा भएको अन्तरकृयापछि विद्यालयमा बालबालिकालाई नास्ता बनाएर खुवाउन थालेका छन् । यसबाट विद्यार्थीको स्कुल जाने सहभागितामा वृद्धि भएको छ ।



कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा शैक्षिक गुणस्तर विकास गर्न सामुदायिक समूहमा विभिन्न किसिमका छलफल भएका छन् । समूह सदस्यहरुले बालबच्चाहरुको पढाइ सुधार गर्न स्कुलका नियमित भेटघाट गर्ने, विद्यालय व्यवस्थापन समितिमा बस्न कोशिस गर्ने गरिरहेका छन् । स्कुलमा बालबालिकाको खाजा घरबाटै पठाउने बानी बस्न थालेकोछ । सकेसम्म बजार तथा बाहिरको खाजा बालबालिकाहरुलाई नखुवाउने अभियानमा लागेका छन् ।

त्रिवेणी विकास समाज बाँकेको कार्यक्षेत्रका सीमान्तिकृत चिडिमार समुदाय तथा अति विपन्न समुदायका बालबालिकाहरु गरी जम्मा ३० जना बालबालिकाको सहभागितामा त्रिवेणी बालसंसार कक्षा साप्ताहिक रुपमा प्रत्येक शनिबार सञ्चालन गरिएको थियो । यसबाट बालबालिकाहरुको आदरसम्मान, साथीबीचको सम्बन्ध, सरसफाइ, सृजनशीलता, आफ्नो काम आफै गर्ने बानीको विकास जस्ता कृयाकलापमा वृद्धि भएको थियो । ४ वटा विद्यालयसँग पोषण अन्तरकृया सञ्चालन गरिएको थियो ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत ५४ वटा समूहले विद्यालयमा आउने सेवा सुविधा तथा छोराछोरीको पढाइकोबारेमा वुझेका छन्, नियमित विद्यालयमा नआउने शिक्षक तथा विद्यार्थीलाई नियमित आउन दबाब सृजना गरेका छन् । ३९ वटा समूहमा केटाकेटीको पढाइ कमजोर वारेमा छलफल गरी घरघरमा नियमित रुपमा आफ्ना नानीबाबुलाई पढाउने योजना तयार पारेका छन् । ७ वटा समूहले विद्यालय वरिपरि सरसफाइ गरेका छन् ।

कोशेली कार्यक्रमअन्तर्गत नेपाल गन्धर्व समाज सोरहवा, बर्दियामा केटाकेटीहरु नियमित स्कुल जान थालेका छन् । विद्यालयमा शिक्षकहरु पनि नियमित विद्यालय आउने पढाउने गरेका छन् । शैक्षिक गुणस्तर सुधार गर्न, सरोकारवालासँग अन्तर्क्रिया गरेका छन् । अभिभावकहरु पनि आफ्ना केटाकेटीको पढाइप्रति सचेत भएका छन् । योगी कायस्थ सरको सहयोगमा ८ जना छात्राले अध्ययन गरिरहेका छन् । उनीहरुले बाख्रापालन समेत गरी शैक्षिक सामग्री प्राप्त गरेका छन् ।

### ज) वन तथा वातावरण संरक्षण

कोसेली कार्यक्रमअन्तर्गत जाजरकोटमा हरियो वन नेपालको धन भन्ने उक्तिलाई सार्थक बनाउन ७५ वटा सामुदायिक समूह,२० वटा मूल समिति तथा २ वटा कार्य सञ्जाल संस्थाहरुमा एक एक पटक वन तथा वातावरणसम्वन्धी छलफल सहजकरण गरिएको छ । १० वटा टोल विकास संस्थाहरुले खाली रहेको आफ्नो सामुदायिक वनमा आफ्नो वरिपरि भएका विरुवा र वन कार्यालय तथा भू तथा जलाधार संरक्षण परियोजनाको सहयोगमा गरी जम्मा १२ हजार ५ सय बोट विरुवा लगाएका छन् । २ वटा समूहले सुक्न लागेका २ वटा मुहान सरसफाइ र मुहानको वरिपरि विरुवा लगाएर मुहान संरक्षण गरेका छन् ।

पश्चिम जाजरकोट विकास समाज अन्तर्गतको जनजागरण समूहले आफ्नो सामुदायिक वनमा खोटो निकाल्ने कार्यलाई वन्द गरेको छ । पश्चिम जारकोट विकास समाजले आफ्नो कार्यक्षेत्रमा सल्लाको खोटो निकाल्ने कामलाई बन्द गर्न समूहमार्फत अभियान सञ्चालन गरेको छ ।



कोसेली कार्यक्रमअन्तर्गत दंगीशरण गाउँपालिकामा वन तथा वातावरण संरक्षणका लागि ३८ समूहको ८ सय ५४ घरले सिसा तथा प्लास्टिक जन्य वस्तुहरुको न्यूनीकरणका लागि खाडलमा व्यवस्थापन गर्दै आएका छन् । ५१ समूह, ७ मूलसमितिक र संस्थाका सदस्यहरुले विभिन्न कार्यक्रम, भेला, अन्तरक्रिया, तालिम, विवाह, पाटी, उत्सवहरुमा प्लास्टिक प्लेटको साटो साल तथा मालुको दुनाटपरीको प्रयोग, प्लास्टिक चम्चाको सत्ता काठको चम्चाको प्रयोग हुँदै आएको छ । ८९ घरमा सुधारिएको चुलो तथा गोबर ग्यासको प्रयोगबाट खाना पकाउने गरेका छन् । ३ हजार ९ सय ५ वटा विभिन्न जातका फलफूलका विरुवाहरु रोपेका छन् । यसबाट आर्थिक खर्चको बचत हुने भएको छ । वातावरण सफा देखिन थालेको छ । यसबाट सामूहिक कोष वृद्धि गर्ने श्रोत पनि बन्दै गएको छ र वातावरण प्रदूषण हुनबाट बचेको छ ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजालले आफ्नो कार्यक्षेत्रमा भएको सामुदायिक समूह तथा मूलसमितिहरुमा वन तथा वातावरण संरक्षणको लागि निरन्तर छलफल, विश्लेषण र अन्तरकृया सञ्चालन गर्दै आएको छ । वन तथा वातावरण संरक्षणका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएको छ । ८८ वटा खानेपानीको मुहान वरिपरि सरसफाइ गरी ११ हजार ३ सय ४० वटा बिरुवा वृक्षारोपण गरेका छन् । सदस्यहरुले प्रत्येकवर्ष घर वरीपरी फलफूलका बिरुवाहरु रोप्दै आएका छन् । यस वर्ष ३ सय ५ घरले २ हजार ५ सय ४६ वटा फलफूलका बिरुवाहरु लगाइ घरबगैंचा व्यवस्थापन गरेका छन् । खालि रहेका जमिनलाई वन तथा वडा कार्यलमाबाट स्वीकृत गराई ८ वटा समूहहरुले समूहको खरबारी बनाई उक्त खरबारीबाट घाँस, खर, दाउरा बेचेर समूहको कोष वृद्धि गरेका छन् । १२ वटा समूहहरुले वडा कार्यलयको सहयोगमा खानेपानीको मुहान वरिपरी तारबार गरी खानेपानीको मुहान संरक्षण गरेका छन् ।



वातावरण संरक्षण तथा प्रवर्द्धनको लागि समाज विकास संजालको, मूलसमिति तथा समूहको प्रत्यक कार्यक्रम, अन्तरकृया, अभियान, साधारणसभामा प्लाष्टिकको प्रयोग शून्य गरिएको छ । प्लाष्टिकको प्लेटको ठाउँमा पातको दुनाटपरी, प्लाष्टिको ब्यानरको ठाउँमा कपडा तथा कागजको ब्यानर, ब्याजको ठाउँमा पिपलको पातको ब्याच, फूलका मालाको प्रयोग गरिएको छ । होटलको खाना नास्ताभन्दा स्थानीयस्तरमा रहेका लोकल नास्ताहरुको प्रयोग गर्दै आएका छन् । समाज विकास संजालले यो अभियान थालेपछि स्थानीय स्तरमा रहेका अन्य संस्थाहरुले पनि यसमा जोड दिन थालेका छन् ।

प्रत्येक वर्ष वनमा लाग्ने आगलागी नियन्त्रणका लागि समूहका मानिसहरु अग्रसर भएका छन् । समूहहरुले आगलागी नियन्त्रण गर्न अग्नी रेखा बनाउने र आगलागी नै हुन नदिनका लागि समूहमा नियमित छलफल अन्तरकृयाहरु सञ्चालन गर्दै आएका छन् । बढ्दो वन फडानी रोक्नको लागि वन हेराला राख्दै आएका छन् । यसबाट वन संरक्षण बन्दै आएको छ । फोहोर मैला व्यवस्थापन गर्न प्रत्येक घरमा फोहोर फाल्ने खाडल निर्माण तथा त्यसको प्रयोग गर्दै आएका छन् । समूहहरुले विभिन्न बाटो तथा चोकहरुमा फोहोर फाल्ने खाडल निर्माण गरेका छन् । यस वर्ष पनि समूहका सदस्यहरुले ७ सय ५ वटा फोहोर फाल्ने खाडल निर्माण गरी फोहोर व्यवस्थापन गरेका छन् । उक्तः कुहिने फोहोरलाई मलमा परिणत गरी करेसाबारी तरकारी खेतिमा प्रयोग गर्दै आएका छन् ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा वन तथा वातावरण संरक्षण गर्न समूह सदस्यहरु व्यक्तिगत तथा लागेका छन् । समूहका सबै सदस्यहरु नियमित

आ-आफ्नो बारीमा वृक्षारोपण गर्ने हरेक वर्ष फलफूलका विरुवा रोप्ने गर्छन् । सामुदायिक वन विनास रोक्न सामुदायिक वन समितिका सदस्यहरुलाई सहयोग गर्दै आईरहेका छन् । विभिन्न वन समितिमा १५ जना सदस्यहरु बसेका छन् । वन संरक्षण गर्न एकआपसमा मिलेर काम गरिरहेका छन् ।



त्रिवेणी विकास समाजको कार्यक्षेत्रमा २ हजार ४ सय वटा विभिन्न फलफूलका विरुवाहरु लगाउने कार्य भएको छ । गत बर्ष लगाइएका उक्त विरुवाहरु मध्ये अंगुर, मेवा, कागती, आँप, अनार आदि फल्न सुरु भएको छ ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत एक घर एक बगैचासम्वन्धी अवधारणालाई पूरा गर्नका लागि १४ वटा समूहले कृषि विकास शाखा र आफ्नै लगानीमा सुन्तला, कागती, एबोकाडो, लिची, ९ वटा समूहका ४२ जना सदस्यहरुले कृषि कार्यालयबाट आँप, लिची, कागती, केरा र सुन्तलाजस्ता फलफूलका विरुवा ११ वटा समूहका ५४ जनाले किमु, बगाईनो, लिप्टिस, मयुरपंखी जस्ता ५ सय ५३ वटा घाँसे विरुवा प्राप्त गरी लगाएका छन् ।

६ वटा समूहमा वनजंगल फडानीसम्वन्धी छलफलबाट जथाभावी रुपमा वन फडानीलाई रोक्नका लागि सामुदायिक वन उपभोक्ता समितिमा निवेदन पेश गरी तुरुन्त वन समितिको बैठक वोलाई वन फडानी रोक्न समितिमा निवेदन पेश गर्दा वन फडानी रोकिएको छ । वनलाई आगलागीबाट वचाउनका लागि समूहमा छलफल चलाई वन समितिसँग परामर्श गरी वनलाई आगलागीको विपत्तिबाट जोगाएका छन् ।

**झ) मेलमिलाप, शान्ति तथा पुनर्मिलन**

कोसेली कार्यक्रमअन्तर्गत जाजरकोट जिल्लामा आवश्यकताको आधारमा समुदायमा विश्लेषण गरिने मेलमिलाप, शान्ति तथा पुर्नमिलन सम्वन्धी बिषय वस्तुले समुदायमा हुने अनावश्यक विवाद र झगडामा कमी आएको छ । आपसी एकता मेलमिलाप सरसहयोगको भावनामा वृद्धि भएको छ । समूहमा बसेका सदस्यहरुको व्यवहारले अहिले समूह भएका समुदाय र सदस्यको घरपरिवारमा देउरानी जेठानी, सासू बुहारी, दाजुभाइ, श्रीमान श्रीमतीकोबीचमा हुने विवाद कम हुदै गएको छ । केही विवाद भयो भने कुरा काट्नुको अलवा आपसी छलफल गरी स्पष्ट हुने र समझदारी गर्ने बानीको विकास भएको छ ।



वर्षौसम्म बोलचाल वन्द भएका ५ घरपरिवार आपसमा वोल्न थालेका छन् । समुदाय तथा समूहमा बनाइने कार्ययोजनामा सहभागिता वद्धि भएको छ । जातीय विभेद, छुवाछुतमा कमी आएको छ । एकआपसमा आदर सम्मान तथा सामूहिक एकतामा वृद्धि भएको छ ।

कोसेली कार्यक्रमअन्तर्गत दंगीशरण गाउँपालिकामा सामुदायिक मेलमिलापबाट १८ समूहले सामूहिक रुपमा धान रोप्ने गहुँ, तोरी, मसुरो काट्ने मल फाल्ने, पराल बोक्ने मिलेर काम गर्ने नियमित रुपमा गर्दै आएका छन् । २३ समूहले देउसी भैलो खेल्ने, माघी नाच नाच्ने, विवाह, पूजा, जन्मउत्सवमा नाचगान गर्ने र सामूहिक कोष वृद्धि गर्ने गरेका छन् । जातजाति, छुवाछुत, लैगिंक विभेदमा कमी आएको छ । आ-आफ्नो जिम्मेवारीको अनुसरण गरी आयआर्जनका श्रोतहरु खोजी गर्ने कुराहरुमा विकास हुँदै गएको छ, शान्ति तथा पुनर्मिलन अन्तर्गत सासु वुहारी, देउरानी जेठानी, श्रीमान् श्रीमती, छिमेकी छिमेकी बीच बोली बाराबार भएका ४ जोडीको सम्वन्धलाई मेलमिलाप गराउने काम सम्पन्न भएको छ, यसबाट एकले अर्कालाई आपत विपद्मा सहयोग आदानप्रदान गरी सुमधुर सम्वन्ध भएको छ । समुदायको दिगो विकासको विस्तारमा वृद्धि, एकआपसमा सीप क्षमतामा साथ सहयोग, हौसला प्रदान भएको छ । प्रयोगहीन संरचनाहरु, श्रोतहरु प्रयोगमा आई संरक्षण भइरहेको छ ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजाल, मूलसमिति, सामुदायिक समूहहरुमा भएको नियमित छलफल अन्तरकृया, अभियानका कार्यक्रमहरु, विभिन्न सीप क्षमता विकाससम्बन्धी

तालिम, सामाजिक समावेशीकरणका छलफल अन्तरकृयाका कारण यहाँमा मानिसहरुको सीप, क्षमता, ज्ञान, सोचविचार, धारणामा परिवर्तन आएको छ।

महिला अधिकार र कर्तव्यका बारेमा सचेत भएका छन्। पारिवारिक मेलमिलापमा वृद्धि भएको छ। स्थानीयस्तरमा भएको श्रोतको पहिचान तथा परिचालनमा वृद्धि भएको छ। स्थानीय रुपमा देखापरेका घरेलु हिसां, अत्याचार, जातीय छुवाछुत, भेदभाव आदिमा परिवर्तन हुदैं आएको छ। समाज विकास संजालले यस वर्ष ८ वटा तिज विशेष तथा अन्तराष्ट्रिय नारी दिवस कार्यक्रम सञ्चालन गरेको छ। संस्था मूलसमिति समूहका प्रत्येक कार्यक्रममा सबै जातजाति, धर्म, विचारका मानिसहरुसँगै बस्ने खाना नास्ता पकाउने, खाने कुराले जातीय विभेदमा कमी आएको छ। ३४ घर परिवारको पारिवारिक कलह मेलमिलाप समूहमा छलफल तथा व्यक्तिगत भेटघाट गरिएको छ। ५६ वटा समूहहरुमा लैङ्गिक समता तथा सामाजिक समावेशीकरण अन्तरकृया सञ्चालन गरिएको छ।

समूह तथा समुदायमा हुने नियमित छलफल तथा अन्तरकृयाले मानिसहरुको सोचविचार र धारणामा परिवर्तन भएको छ। ५ वटा अन्तरजातिय विवाह भएको छ। शान्ति तथा मेलमिलाप भएको छ। श्रीमान् श्रीमतीको झगडा पारिवारिक कलहमा कमी हुँदै आएको छ। जाँड रक्सी, जुवातास, छुवाछुत, विभेदमा कमी आएको छ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा सामुदायिक समूह सदस्य तथा कार्य समितिका सदस्यहरु समुदायमा मिलेर काम गर्ने, एकले अर्कालाई सहयोग गर्ने सहयोग माग्ने गर्दछन्। गाउँ समुदायमा आएका विभिन्न समस्याहरुमा छलफल गरी समाधान गर्न कोशिस गरिरहेका छन्। पारिवारिक तथा सामाजिक विवादहरु गाउँमै मिलाउने गर्छन्। गाउँमा मिलाउन नसकिने भए सम्बन्धित निकायमा पुग्न सहयोग गर्ने गर्दछन्।

त्रिबेणी विकास समाज बाँकेमा समूह, मूलसमिति तथा संस्थाको नियमित बैठकहरुमा छलफल, तथा सहजीकरणले गर्दा समूह पदाधिकारीहरुमा मेलमिलामप, पारस्परिक सहयोगको आदनप्रदान, तथा भाइचाराको विकास भएको छ। एकआपसमा समूह तथा समुदायमा मेलमिलाप तथा शान्ति स्थापना गर्न सहज भएको छ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत ४ वटै पालिकामा गठित सामुदायिक समूह तथा टोलविकास संस्थाहरुमा सञ्चालन भएका छलफलबाट समूह तथा समुदायका मानिसहरु सचेतभई झैझगडामा कमी आएको छ। सामूहिक रुपमा मिलेर जाँडरक्सी जुवातास न्यूनीकरण गरेका छन्। ८ वटा गाउँमा जाँडरक्सी नपार्ने र अन्यत्रबाट ल्याएर नबेच्ने नियम बनाएका छन्। समूहले वालविवाह छुवाछुत हटाउन समुदायमा ऱ्याली सम्पन्न गरेका छन्। समूहको उक्त काममा वडाले पनि आर्थिक सहयोग प्रदान गरेको छ। समुदायमा कम उमेरमा विवाह गर्नुहुदै न भन्ने कुरामा सचेत भएका छन्। समूहका सदस्यहरुका कारण समूह तथा समुदायमा शान्ति स्थापनामा सहयोग भएको छ। समूहको सचेतीकरणका कारण जुवातास विभेदजन्य ब्यवहार तथा घरेलुहिंसामा कमी आएको छ।

### ञ) स्थानीय सरकारसँगको समन्वय, सम्बन्ध निर्माण तथा क्षमता विकास

स्थानीय सरकारसँगको समन्वय, सहकार्य र सम्बन्धलाई दिगो रुपमा स्थापित गर्न सहकर्मी समाज जाजरकोटबाट हुने हरेक कार्यक्रममा स्थानीय सरकारका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सहभागी गराउने प्रयास गरिएको छ। सम्बन्ध विस्तार र समन्वयका लागि यस वर्ष नवनिर्वाचित जनप्रतिनिधलाई बधाई तथा शुभ कामना आदान प्रदान कार्यक्रम २ वटा, कार्यसञ्जाल संस्थाको वार्षिक साधारणसभामा आमन्त्रण १ पटक, वार्षिक समीक्षा १ पटक, समूह तथा मूलसमिति बैठकमा जन प्रतिनिधिहरुलाई सहभागी गराउने र अन्तरक्रिया गर्ने ५ पटक, कार्यक्रमबारेमा आपसी आदान प्रदान आवश्यकता अनुसार निरन्तर गर्दा सहकर्मी समाज र स्थानीय सरकारबीचको सम्वन्ध, समन्वय र सहकार्यमा वृद्धि भई समुदायहरुको स्थानीय सरकारसँगको पहुँचमा वृद्धि भएको छ।



स्थानीय सरकारसँगको समन्वय र सहकार्यको कारण भेरी नगरपालीका र सहकर्मी समाजबीच टोल विकास परिचालन कार्यक्रम सम्झौता भई भेरी नगरपालिकामा टोल विकास परिचालन कार्यक्रम निरन्तरता भएको छ। विभिन्न बीउ विजन, सामुदायिक भवन निर्माणका लागि सहयोग, हाते

ट्याक्टर घुम्ती कोष, विभिन्न दिवसीय कार्यक्रम र शिवालय गाउँपालिका र कृषि शाखाले समूहहरुको उन्नति र प्रगतिको लागि थाला, सिमा र जुँगा थापाचौरमा अस्तित्वमा आएका समूहहरुलाई भटमास, मकै, तरकारी र अदुवाखेती विकासका लागि सहयोग गर्दै आएको छ। यस आर्थिक वर्षमा सामुदायिक समूहहरुकै अग्रसरतामा समूहरुले स्थानीय सरकारबाट यस आर्थिक वर्षमा ७५ लाख वरावरको सहयोग प्राप्त गर्न सफल भएका छन् । स्थानीय सरकारले सहकर्मी समाजको कार्यक्रम विस्तार तथा टोल विकास संस्थाको जीविकोपार्जन सुधारका लागि उल्लेखित रकम तथा सामग्री उपलब्ध गराएको छ।

कोसेली कार्यक्रमअन्तर्गत दंगीशरण गाउँपालिकामा ४ समूहले वडाबाट ११ लाख ४९ हजार वजेट प्राप्त गरी सामुदायिक भवन निर्माण गरेका छन्। एउटा समूहले कृषि ज्ञानकेन्द्रबाट ५० हजार बजेट प्राप्त गरी सामूहिक तरकारीखेती गरेका छन् ३७ समूहले कृषिशाखाबाट २ सय ५९ के.जी घाँसको बिउ प्राप्त गरेका छन्। ५१ समूहले पशु शाखाबाट २२५ सी.सी भिटामीन प्राप्त गरेका छन्। १९ समूहले कृषिशाखाबाट ४ सय ७२ केजी गहुँको बीउ प्राप्त गरेका छन्। १२ समूहले कृषि शाखाबाट ४ सय १३ केजी धानको बीउ प्राप्त गरेका छन्। ५१ समूहले कृषिबाट ४ सय ८ प्याकेट तरकारीको बीउ प्राप्त गरेका छन्। १३ समूहले कृषिशाखाबाट १३ वटा प्लास्टिक टणेल प्राप्त गरेका छन् । १३ समूहले कृषिशाखाबाट ७ सय २६ के.जी. आलुको बीउ प्राप्त गरी रोपेका छन्। ६ समूहले कृषिशाखाबाट ६ वटा स्प्रे टंकी प्राप्त गरेका छन् । १० समूहका १२ जनाले पालिकाबाट व्यवसायिक तरकारी खेतीका लागि अनुदान प्राप्त गरेका छन् । १४ घरले पालिकाबाट टिन प्राप्त गरेका छन् । एउटा समूहले प्रदेश सरकारबाट १० लाख ५० हजार वजेट प्राप्त गरी १ सय ७० मिटर सिचाइ कुलो निर्माण गरेका छन् । १२ समूहले वडाबाट १ सय ६ वटा फलफूलका विरुवाहरु प्राप्त गरेका छन्। एउटा समूह ३ घरले मल्चिङ प्लास्टिक, २४ समूहले कृषिबाट ६ सय १३ पोका च्याउको बीउ, एउटा समूहले कृषिशाखाबाट मकैपकेट खेतीका लागि ७ लाख बजेट प्राप्त गरेका छन्।

कोसेली कार्यक्रमअन्तर्गत स्थानीय सरकारको नीति नियमको पालना गरी सीमान्तकृत समुदायमा रहेका मानिसहरुको पहुँचमा वृद्धि गर्नको लागि स्थानीय सरकारको योजना निर्माण तहमा सहभागीका लागि पहल भएको छ । स्थानीय निकायका कर्मचारी तथा जनप्रतिनिधीहरुसँग समूह, मूलसमिति, तथा संस्थाका प्रतिनिधीहरुसँग नियमित भेटघाट गर्दै आएका छन् । संस्थाले सञ्चालन गरेका कुनै पनि कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरुलाई सहभागी गराउने काम भएको छ। संजालले गरेको कामको योजना तथा प्रगति विवरण स्थानीय सरकारमा नियमित पेश गरिएको छ। समाज विकास संजालले स्थानीय निकायको समन्वय तथा सहकार्यमा विभिन्न कार्यक्रमहरु बनाई त्यसको कार्यान्वयन गर्ने काम गर्दै आएको छ।

घोराही उमनपाको सहयोगमा सैघाका ४ वटा समूहहरुले ३ लाख ५० हजारको मकै मिसन कार्यक्रम सञ्चालन गरेका छन्। कृषि ज्ञान केन्द्रको सहयोगमा ३ वटा समूहले मकै मिसन कार्यक्रम १५ लाख बराबरको काम नियमित गर्दै आएका छन्। विभिन्न समूहहरुले गाउँपालिका, वडा कार्यालय, कृषि शाखाहरुबाट १ लाख ६० हजार बराबरको तरकारीको बीउ तथा सामग्रीहरु सहयोग प्राप्त गरेका छन् । जनउत्थान मूलसमिति सैघामा उमनपाको सहयोगमा सहकारी व्यवस्थापन तालिम सञ्चालन गरिएको छ । विभिन्न दिवस, अभियानमा गाउँपालिका तथा वडा कार्यलयसँगको साझेदारीमा समाज विकास संजाल तथा मूलसमितिले कार्यक्रम सञ्चालन गर्दै आएको छ। मूलसमिति भवन मर्मत, समूह घर निर्माण, शौचालय निर्माणको लागि गाउँपालिकाबाट ४ लाख ५० हजार सहयोग प्राप्त गरी कार्यान्वयन गरेका छन् । समूहका सदस्यहरुले सानो मिल, पोखरी निर्माण, पशुपालनमा सहयोग प्राप्त गर्दै आएका छन्।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा जनशक्ति विकास समाजको पहिचान भएको छ । अन्य संस्थाभन्दा फरक संस्थाको रुपमा चिन्दछन् । स्थानीय सरकार तथा जनप्रतिनिधिहरुले खुलेर प्रशंसा गर्दछन्। स्थानीय सरकारसँग नियमित भेटघाट तथा अन्तरक्रिया भइरहेको छ । नवनिर्वाचित जनप्रतिनिधिहरुसँग चिनजान तथा बधाई तथा शुभकामना दिइएको छ समूह मूलसमिति तथा संस्थाको वार्षिक साधारणसभामा निमन्त्रणा गरी गरेका काम तथा योजनाका वारे सुनाउँदै सल्लाह सुझाव लिइएको छ। विभिन्न विषयमा आयआर्जनका प्रस्तावपत्र वडा तथा गाउँपालिकामा बुझाएर योजना माग गरिएको छ।

स्थानीय निकायका कृषि पशु तथा स्वास्थ्य शाखाबाट विभिन्न तालिममा प्रशिक्षक बोलाई सहकार्य गरिएको छ। कृषकहरुलाई सेवा लिन सहज भएको छ। विभिन्न पाईने सेवाबारे जानकारी पाई सेवा लिईरहेका छन् । समूह तथा संस्थालाई भविष्यमा भवन बनाउन सहयोग गर्ने प्रतिबद्धता दिएका छन्। सामुदायिक समूहहरुको क्षमता विकास गर्न स्थानीय सरकार र जनशक्ति

विकास समाजले विभिन्न कार्यक्रमको योजना बनाउने र मिलेर काम गर्ने योजना रहेको छ। संस्थालाई त चिन्दछन् अब समूह र मूलसमितिहरुलाई चिनजान बढाउँदै सम्बन्ध विस्तार गर्ने काम भइरहेको छ।

त्रिवेणी विकास समाजको कार्यक्षेत्र कोहलपुर नगरपालिका, नेपालगंज उपमहानगरपालिका तथा जानकी गाउँपालिकासँग सुमधुर सम्बन्ध निर्माण भएको छ। समूहहरुले ९ लाख बराबरको तालिम, बीउविजन, हाते ट्र्याक्टर, च्याउका बीउ, बार जाली, आदि प्राप्त गरेका छन्। संस्थाले कोहलपुर नगरपालिकाबाट २ लाख ५० हजार बराबरको कार्यक्रम प्राप्त गरी सञ्चालन गरेको छ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत चारवटै पालिकामा गठित ९५ वटा समूह र युवा मंचको तर्फबाट ४ वटै पालिकामा लक्षित बजेट माग गरेका छन्। वेला वेलामा हुने यस्ता अन्तरकृया, तालिम तथा नियमित भेटघाटबाट सहकर्मी समाजसँगको सम्बन्ध स्थानीय सरकारसँग प्रगाढ हुदै गएको छ। सहकर्मी समाजसँगको समवन्धका कारण समूहको सम्वन्धमा पनि निकै सुधार आएको छ। कुनै वार्षिक दिवस तथा अन्य श्रोत साझेदारीमा समेत समन्वय भई काम हुन थालेको छ। सहकर्मी समाज तथा अन्य साझेदार संस्थाहरुको सहयोगमा संचालित कार्यक्रमबाट स्थानीय सरकारको सीप तथा क्षमतामा वृद्धि भएको छ।

### ट) कोभिड-१९ आपतकालीन प्रतिकार्य नेपाल कार्यक्रम

सहकर्मी समाजले कोर्डएड नेदरल्याण्डको आर्थिक सहयोगमा बाँके र बर्दिया जिल्लाका १८ वटा पालिका र भेरी अस्पताल तथा बर्दिया अस्पतालमा कोभिड-१९ आपतकालीन प्रतिकार्य नेपाल कार्यक्रमअन्तर्गत कोभिड महामारीका विरुद्धमा स्वास्थ्य सामाग्री सहयोग, कोभिड खोप अभियान सहजीकरणलगायत विविध स्वास्थ्य क्षेत्रमा सहयोग गरेको छ।



जोखिममा परेका समुदायहरु, स्वास्थ्य संस्थाहरु र लक्षित क्षेत्रहरुमा फ्रन्टलाइनर स्वास्थ्य सेवा प्रदायकहरुलाई कोभिड संकटको सामना गर्न, अर्को कोभिड संकटको लागि तयारी गर्नका लागि सहयोग आपतकालीन कोभिड-१९ को परीक्षण र उपचारका लागि स्थानीय स्वास्थ्य संस्थाहरुलाई सुदृढीकरण, सरकारी अस्पताल र स्वास्थ्य केन्द्रहरूलाई आकस्मिक स्वास्थ्य सामग्रीहरुको सहयोग, बाँके जिल्लामा रहेको भेरी अस्पताल र बर्दिया जिल्ला अस्पतालमा कोभिड-१९ रोकथाम, परीक्षण, उपचार र खोपका लागि आवश्यक स्वास्थ्य सामग्रीहरु दुई चरणमा वितरण गरिएको छ।




बाँके र बर्दिया जिल्लामा रहेका १६ वटा पालिकामा रहेका स्वास्थ्य शाखाहरुको समन्वयमा आवश्यक स्वास्थ्य सामग्रीहरु तथा उपकरणहरु सहयोग गरिएको छ। कोभिड खोपसम्बन्धी तालिम बर्दिया जिल्लाको राजापुर नगरपालिकामा सम्पन्न भएकोछ। बाँके र बर्दिया जिल्लामा रहेका ४ सय १२ जना महिला स्वास्थ्य स्वयमसेविकासँग अन्तरक्रिया गरी खोप लगाउन नसक्नेहरुका लागि विशेष सहयोग गर्ने प्रतिबद्धता जाहेर गरिएको छ।




बाँके र बर्दिया जिल्लाहरुमा स्थानीय अभियानअन्तर्गत कोभिड खोपसम्बन्धी अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरिएका छन् र

उक्त कार्यक्रममा सहभागिहरुका बीचमा नमुना खोप सर्वेक्षण गरिएको छ। बर्दिया जिल्ला जनस्वास्थ्य कार्यालयको अनुरोधमा कोभिड-१९ को स्थानीय टोलीले बर्दिया जिल्लाका ८ वटै पालिकामा कोभिड खोपसम्बन्धि सर्वेक्षण सम्पन्न गरेको छ।

कोभिड-१९ विरुद्धको एक्ट एलायन्स नेपालको संयुक्त प्रतिकार्य कार्यक्रम लोपोन्मुख तथा सीमान्तकृत समुदायको दिगो जीविकोपार्जनका लागि बाँकेमा मँगता, चिडिमार र कुशबन्धिया समुदाय र दाङ्ग जिल्लामा थारु कुमालहरुको आर्थिक तथा समाजिक जीवनस्तरमा सुधार गर्न एक्ट एलाइन्सको आर्थिक सहयोग तथा कोर्डएडको प्राविधिक सहयोग एवं सहकर्मी समाजको सहजीकरणमा एक्ट एलायन्स नेपालको संयुक्त प्रतिकार्य परियोजना २०२१ अक्टोबरदेखि सञ्चालन भएको थियो।



उक्त परियोजनाअन्तर्गत बाँकेको कोहलपुर नगरपालिका, नेपालगन्ज उपमहानगरपालिका र डुडुवा गाउँपालिका र दाङमा गढवा गाउँपालिका रहेका थिए।




पालिकाको सहकार्यमा छनौट भएअनुसार बाँकेमा ७ वटा विद्यालय, स्वास्थ्य केन्द्र ६ वटा र दाङमा ३ वटा विद्यालय र ३ वटा स्वास्थ्य केन्द्रहरुमा विद्यालयहरुमा पुनर्निर्माण शौचालय, खानेपानी तथा स्वच्छता कार्यक्रम गरिएको थियो। सोही कार्यक्रमअन्तर्गत कोहलपुर वडा नं १४ को एकता समूहमा आबद्व सदस्यहरुलाई पिउने पानीको निकै दुःख थियो। मानिसहरुलाई सबैभन्दा महत्वपूर्ण आवश्यक चिज भनेको गाँस बास र कपास जस्तै पिउने पानी हो। पानी पिउनका लागि मात्र नभएर सरसफाइ गर्न, खाना पकाउन, गाई बस्तुलाई खुवाउन, बोटबिरुवा चहार्न आदि।



त्यहाँका चिडिमार समुदायलाई एउटा मात्र ट्युबेलको पानी प्रयोग गर्न निकै गाहो भएको थियो। एउटा ट्युबेलको पानी करीब २० घरले प्रयोग गर्ने हुँदा भै-झगडा हुने, पानी पर्याप्त मात्रामा नपुग्ने हुँदा सरसफाइमा समस्या थियो। सहकर्मी समाजको रियल परियोजना अन्तर्गत कोहलपुर नगरपालिकासँग सम्पर्क समन्वय गरेर एउटा समरसेल प्राप्त भएको थियो। अहिले एक्ट कोभिड १९ परियोजनाबाट त्यहाँको आवश्यकतालाई ध्यानमा राखेर चिडिमार समुदायलाई पानीको समस्या समाधानका लागि कार्यक्रम गरियो।





समरसेलको पानी १५ जना सदस्यको प्रत्येक घर घरमा जडान गरिएको छ। सदस्यका घर परिवारलाई स्वच्छ पिउने पानीको व्यवस्था गरिएको थियो। माथि उल्लेख गरिएका १५ घर परिवारलाई हाल निकै सुविधा भएको छ। १५ वटा पिउने पानीको धाराहरुको मुख्य गेट भल्भ एकै ठाउँमा राखिएको छ र प्रत्येक घर घरमा धारा र स्विच राखिएको छ आवश्यक परेको बेला पानीको प्रयोग गरीन्छ र अलग अलग मिटरमा बत्तीको रिडिङ्ग हुने गर्दछ। तेस्तै गरी घुम्तीकोष परिचालन, विद्यालयमा बाल क्लब गठन, कोभिडबाट कसरी बच्न सकिन्छ, सोको बारेमा बिद्यालयमा अभिमुखीकरण तथा सामग्रीहरु वितरण गरिएको छ। स्वास्थ्य केन्द्रहरुमा खानेपानी विस्तार, स्वास्थ्य सम्बन्धी सामग्रीहरु वितरण गरिएको थियो।

सफलताको कथा

# वास परियोजनाले समुदायमा ल्याएको परिवर्तन्

सुर्खेत जिल्लाको बराहताल गाउँपालिका वडा नं. ३ र ४ मा आमा समूह र खानेपानी तथा सरसफाइ समूह गरेर ८ वट समूहहरु रहेका छन् । सहकर्मी समाज वास एसडिजी परियोजना लागू भएपछि निष्कृय भएका उक्त समूहहरुलाई नियमित छलफल र सहजीकरणको माध्यमबाट  क्रियाशील बनाउने निरन्तर जारी रह्यो ।



हाल उक्त ठाउँमा क्रियाशील रहेका ८ वटा समूहहरुमध्ये दलित नमूना खानेपानी तथा सरसफाइ समूह सहकर्मी समाजको समर्थनमा अभ्यूदय भएको नयाँ समूह हो । बाँकी समूहहरु सहकर्मी समाजले वास एसडिजी परियोजना लागू गर्नुभन्दा पहिले नै निर्माण भएका तर निष्कृय रहेका समूहहरु हुन् । पहिले निर्माण भएका समूहहरु केवल महिनामा एक दिन बैठक वसेर कोष उठाउने र ऋण लगानी असुली मात्र गर्ने गर्दथे । अरु कुनै छलफल नै नगरी बैठक टुङ्याउने गरिन्थ्यो । सहकर्मी समाजको वास एसडिजी परियोजनाको सहयोगमा वास समूहहरु गठन भइसकेपछि खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी विभिन्न समस्याहरुमा कोड सहजीकरणको माध्यमबाट छलफल तथा विश्लेषण गर्ने कामलाई निरन्तरता दिँदै आएका छन् ।

समूह सदस्यहरुले खानेपानीको मुहान सरसफाइ गर्ने, शौचालय सामग्रीहरुको खरिद तथा प्रयोग गर्ने, घरआगन सरसफाइ गर्ने, भाँडा सुकाउने टाँडी बनाउने, भान्सा व्यवस्थापन गर्ने, भान्साबाट आएको पानीलाई करेसावारीमा प्रयोग गरेर तरकारी उत्पादन गर्ने, गोवरग्याँस जडान गर्ने, भाडा धुने स्ल्याप बनाउने, पानी उमालेर, फिल्टर गरेर खाने र हात नियमित धुने काम गर्दै आएका छन् । समूह कोषबाट ऋण लिएर आय आर्जनको काम गर्नुका साथै वाससम्बन्धी सामग्रीहरु खरिद गरेर प्रयोग गर्दै आएका छन् । यसको साथै समूहहरु सामूहिकरुपमा विभिन्न दिवस, अभियानहरु पनि सञ्चालन गर्नुका साथै वास जनचेतनामूलक सडक नाटक, गीत, अभिनय तथा समूह स्वयंले गर्दै आएका छन् ।

वास साझेदारहरुको अगुवाइमा विश्व खानेपानी दिवस २०२२ को अवसर पारेर मार्च २६ तारेखमा (२०७८ साल चैत्र १२ गते) भेरीगंगा नगरपालिकाको चिन्छु बजारमा सञ्चालन भएको वास मेलामा बराहताल गाउँपालिका वडा नं ३ र ४ का ७ स्वास्थ्य आमा समूहको अग्रसरतामा खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारीसम्बन्धी सूचनामूलक र जनचेतनामूलक नाटक प्रस्तुत् गरेका थिए । उक्त नाटकमा खानेपानी शुद्धीकरणका विधि, घरआगन सरसफाइ, शौचालय सरसफाइ, र महिनावारी सामग्रीको प्रयोग सम्बन्धीका सूचनहरु सहितको प्रस्तुतीकरण गरिएको थियो । सो नाटकमा समूहका २४ जना महिला दिदी बहिनीले भाग लिएका थिए ।

समूहका सदस्यहरु नियमित समूहको बैठक बस्ने, वासलगायतका समुदायका जल्दाबल्दा समस्याहरुको बारेमा छलफल गर्ने, योजना बनाई स्थानीय सरसकारसँग आफ्ना मागहरु पेश गर्दै आएका छन् भने आफैले गर्न सकिने कामको लागि अन्य छिमेकी समुदायसँग समन्वय र सामुहिकरुपमा ऐक्यबद्धता गरेर काम गर्दै आएका छन् । उपरोक्त समूहहरुमा फिल्टर किन्ने, खानेपानी उमालेर पिउने, भाँडा राख्ने आँटी निर्माण गर्ने, टुटीसहितको ड्रम खरिद गर्ने, भान्साबाट आउने पानीलाई करेशाबारीमा प्रयोग गरेर ताजा तरकारी उत्पादन गर्ने, घरआगन, बाटोघाटो, सार्वजनिक धारा र पानीको मुहान सरसफाइ गर्ने, शौचालय मार्टका सामग्रीहरु प्रयोग गर्ने, विद्यालय र सार्वजनिकस्थलहरुमा महिलामैत्री शौचालयको व्यवस्था गर्न सम्बन्धित निकायहरुमा वकालत गर्ने जस्ता कामहरु गर्दै आएका छन् । जसले समूह निरन्तर दिगोरुपमा चल्नका लागि मद्दत मिलेको कुरा दलित नमुना खानेपानी तथा सरसफाइ समूहकी अध्यक्ष कल्पना वि.क.ले बताउनु हुन्छ । हालै बराहताल गाउँपालिका वडा नं. ३ र ४ का वास समूहहरुले गाउँपालिकामा शुद्ध खानेपानीको आपूर्तिको लागि फिल्टर किन्न बजेट छुट्याउनका लागि गाउँपरिषदमा संयुक्तरुपमा वडामार्फत मागपत्र पुऱ्याएका छन् भने गाउँपालिकाले पनि खानेपानी शीर्षकबाट भविष्यमा व्यवस्था मिलाउन सकिने आश्वासन दिएको छ । यसरी समूहहरु आफ्नो हक अधिकार र समस्याहरुप्रति सचेत र सजग हुँदै अगाडि बढेका छन् ।

- विर्मा कठायत

सामुदायिक प्रशिक्षक, वास एसडिजी परियोजन, सुर्खेत

# स्थानीय तहसँगको साझेदारीमा समूहलाई विरुवा वितरण

बाजुरा जिल्लाको जगन्नाथ गाँउपालिकामा सहकर्मी समाजले सशक्तीकरण र दिगोपनामा आधारित जीविकोपार्जन सुधारका लागि सामुदायिक संगठन सवलीकरण कार्यक्रम सञ्चालन २०७८ कार्तिकदेखि सञ्चालन गरेको छ ।



उक्त परियोजनामार्फत जगन्नाथ गाउँपालिकाका ६ वटै वडाहरुमा ४८ वटा समूहहरु निर्माण गरिएका छन् । जसमा १ हजार १ सय ९९ महिला र १ सय ७६ पुरुष गरी १ हजार ३ सय ७५ जना समूहमा आवद्ध रहेका छन् ।

जगन्नाथ गाउँपालिकाका सवै टोलहरु समेटिने गरी स्थानीय सहजकर्ताहरुले समूह गठनमा प्राथमिकता दिएका छन् । जगन्नाथ गाउँपालिकाको कुल घरधुरी १ हजार ८ सय ७ रहेको तथ्याकं गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५ मा उल्लेख भएअनुसार हेर्दा झण्डै ७५% घरपरिवार सामुदायिक समूहमा आवद्ध रहेका छन् ।

जगन्नाथ गाउँपालिकाभित्र गठनभई सक्रिय रहेका सामुदायिक समूहहरुले खानेपानी तथा सरसफाइ, वन तथा वातावरण, शौचालय निर्माण तथा प्रयोग, बाटोघाटो निर्माण, करेसावारी निर्माण लगायतका क्षेत्रमा विभिन्न योजना बनाई कार्यान्वयन गर्दै आइरहेका छन् । समूहहरुले स्थानीय स्रोत र सीपको प्रयोग द्वारा कार्यान्वयन गरिने योजनाहरुको सफलतापूर्वक कार्यान्वयनले समूह सदस्यहरुको जीवनयापनमा सहजता भएको देखिन्छ ।

स्थानीयस्तरमा समूहहरुले स्वत:स्फूत रुपमा सामुदायिक विकासमा सक्रियतापूर्वक सहभागिताले गाँउपालिकाले समुदायमा वितरण गर्ने विभिन्न सेवा तथा सुविधाहरुको वितरणमा समेत सहजता हुने महसुश गरी जगन्नाथ गाउँपालिकाले आव २०७८/७९ को प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरर्गत पकेट परियोजना सञ्चालन कार्यक्रमअन्तरर्गत वितरण गरिने कागती जातका विरुवाहरुको वितरणमा समूहहरुमार्फत् वितरण गरिएको छ ।

पकेट आयोजनाको ७५% अनुदान तथा सहकर्मी समाज कोशेली परियोजनाको २५% अनुदानको लागत साझेदारीमा ७ हजार कागती जातका विरुवा जगन्नाथ गाँउपालिकामा रहेका समूहहरुमा वितरण गरिएको थियो । पालिकाको सबै वडाका टोलहरुमा समूहको सक्रियता रहेको तथा लक्षित समूहका रुपमा समेत रहेका समुदायको सक्रियताका कारण विरुवा वितरणमा सहजता भएको जगन्नाथ गाँउपालिकाका कृषि शाखा प्रमुख मंगल उपाध्यायले बताउनु भएको छ । उहाँका अनुसार समूहमा वैठकहरु हुने र स्थानीय सहजकर्ताको नियमित अनुगमनका कारण विरुवाहरुको संरक्षण तथा हेरचाह नियमित हुन गई उत्पादनमा वृद्धि हुने विश्वास रहेको बताउनु भयो ।



स्थानीय तहले वितरण गर्ने विभिन्न स्रोत साधनहरुको सदुपयोगको सुनिश्चितता नहुने तथा वितरणका लागि उचित सन्यत्र नभएका कारण वितरित स्रोतहरुको सदुपयोगको लागि सामुदायिक समूहमार्फत वितरणले सकरात्मक परिणाम आउने विश्वास रहेको कुरा वडा न. ५ का वडाध्यक्ष गौरी सार्कीले वताउनु भयो । आगामी दिनमा पालिकासँग कृषि, पशुपालन तथा जीविकोर्पाजनका क्षेत्रमा सहकार्य गरी अगाडि बढ्नुपर्ने र त्यसका लागि आफूहरु तयार रहेको समेत जानकारी गराउनु भयो । आव २०७९/८० देखि कृषि शाखाअन्तर्गतका क्रियाकलापहरु सहकर्मी समाजद्वारा गठन गरिएका सामुदायिक समूहहरुमार्फत कार्यान्वयन गर्ने गरी निर्णय भएको जानकारी गराउँदै गाँउपालिका अध्यक्ष कालिबहादुर शाहीले गरेका कामहरुको परिणाममुखी बनाउन सहयोग गर्न सहकर्मी समाजलाई आग्रह गर्नुभयो ।

- रामबहादुर ऐर

जिल्ला कार्यक्रम संयोजक, कोशेली परियोजना, बाजुरा

# सामुदायिक वन हराभरा



सान्नीत्रिवेणी गाउँपालिका वडा न.२ मा रहेको पिटुली सामुदायिक वनबाट विगत ३ वर्षदेखि हुन गरेको काठ चोरी निकासी, जथाभावी वन फडानीको कामलाई समूहको सामूहिक प्रयासबाट आज भोलि सामुदायिक वन हराभरा भएको छ ।

सहकर्मी समाज सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत २०७ साउन महिनामा सान्नीत्रिवेणी गाउँपालिका वडा नम्वर २ मा फूलवारी समूह गठन भएको हो । समूहमा २१ जना महिला सदस्यहरु रहेका छन् । समूह बैठक महिनामा २ पटक बस्ने गरेका छन् । समूहमा वचतकोष रु ५४ हजार रहेको छ । समूह कोषलाई आय आर्जनका काममा लगानी गरेका छन् । समूह बैठकमा स्थानीय समस्याहरुकोबारेमा छलफल गर्ने, समाधानका उपायहरु पत्ता लगाई समाधान गर्ने गरेका छन् ।

समुदायमा बालविवाह रोकथाम गर्न वडाको समन्वयमा अभियान सञ्चालन गरेका, समूह बैठक घर निर्माण गरेका, व्यावसायिक योजना निर्माण गरी २ जनाले कुखुरापालन व्यवसाय सञ्चालन गरी आत्मनिर्भर बन्दै गएका छन् ।

समुदायमा १ सय ३७ हेक्टर क्षेत्रफलमा पिटुली सामुदायिक वन रहेको छ । वनमा लालीगुराँश, वाज, काफलका रुख विरुवा रहेका छन् । वनसमितिमा समूहका ३ जना सदस्यको रुपमा काम गरिरहेका छन् । कुनै समयमा वन निकै हराभरा थियो तर विस्तारै वनबाट लुकिछिपी काठको चोरी, स्याउला र दाउरा ल्याउने कुराले वन उजाड बन्दै गएको बताउछन समूह सदस्य सृजना वयक वडा । उहाँको विचारमा एकदिन समूह बैठकमा वन फडानी सम्बन्धमा छलफल चलायौं । छलफलमा वडा जनप्रतिनिधि, सामुदायिक वनका पदाधिकारीको सहभागिता रहेको थियो । वन रोकथाम गर्न समूहबाट ३ जना चौकीदार राख्ने, नियमित वनको अनुगमन गर्ने, सामुदायिक वन र वडाले समूहलाई वनबाट दाउरा ल्याउने, काचो काठ काटनेलाई क्रमश: ३ सय र १ हजार जरिवाना लगाउने र चौकीदारको खर्च सोही जरिवाना रकमबाट उपलव्ध गराउने निर्णयसहितको सिफारिस समूहलाई प्रदान गरयो ।

फलस्वरुप समूहबाट वनको रोकथाम गर्न नियमित चौकीदार खटाउने, अनुगमनको काम सुरु गरियो । हालसम्म ५० घरपरिवारबाट रु २ ९ हजार जरिवाना रकम उठेको छ सो रकमलाई समूह कोषमा राखेका छन् । अहिले जथाभावी रुपमा वनबाट दाउरा ल्याउने, काठ चोरीमा कमी आएको छ । समूहको उक्त कामले वन रोकथाममा सबैलाई प्रेरणा दिएको छ । आगामी बैठकमा वन रोकथाममा स्थानीय पालिकाको ध्यानाकर्षण गर्न छलफल गर्ने र पालिकामा ज्ञापनपत्र बुझाउने निर्णय गरेका छन् ।

# योजना तर्जुमाबाट प्राप्त बजेटले भवन निर्माण सुरू

योजना तर्जुमा बैठकमा महिला संञ्जालको भवन निर्माणका लागि प्रस्ताव पेशगर्दा ८ लाखको बजेट प्राप्त गरी भवन निर्माण कार्यमा संलग्न भएका छन्, सान्नीत्रिवेणी महिला सञ्जालका महिला सदस्यहरु

अमनादेवी सन्ज्याल सहकर्मी समाजद्वारा गठित एकता समूहकी अध्यक्ष एवं सान्नीत्रिवेणी महिला सञ्जालकी अध्यक्ष पनि हुन् । उहाको घर सान्नीत्रिवेणी गाउँपालिका वडा नं ६ मा पर्दछ । सहकर्मी समाज सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत एकता समूहको गठन भएको हो । समूहमा २४ जना सदस्यहरु रहेका छन् । समूहमा २० हजार बचतकोष रहेको छ । समूहमा स्थानीय समस्याहरुबारे छलफल गर्ने, समस्या समाधान गर्न योजना बनाई कार्यान्वयन गर्ने गरेका छन् । अमनादेवी सन्ज्याल भन्नुहुन्छ, "समूदायमा महिला संजालको भवन निर्माणका लागि योजना तर्जुमा प्रकयामा भाग लियौ । समूहमा व्यापक छलफल पश्चात नियमित वडा, पालिकामा भेटघाट गर्दा ८ लाख बराबर महिला सञ्जालको २ कोठे भवन निर्माणका लागि बजेट प्राप्त भयो ।"

२०७७ वैशाखमा भवन निर्माणका लागि उपभोक्ता समिति गठन गरियो । नेतृत्वदायी पदमा महिलासमेतको उपभोक्ता समिति गठन गरियो । भवन निर्माणको काम ०७८ वैशाखदेखि सुरु गरिएको र भवन निर्माणको काममा समूह र सञ्जालबाट ४ दिनको श्रमदान गरियो । २०७८ माघसम्म भवनको ढलान कार्य सम्पन्न गरियो । वजेटको अभावले भवनको निर्माण कार्यलाई तीव्रता दिन सकिएन । बाँकी रहेको कामलाई पूरा गर्नका लागि वडापालिकामा समन्वय र सहकार्य गर्ने काम भयो । ४ लाख बजेट प्राप्त गर्ने आश्वासन प्राप्त भयो । भवन निर्माणको कामलाई तीव्रता दिइयो । २०७८ फागुनसम्म भवनमा प्लास्टर गर्ने कामको शुरुवात भएको छ । नयाँ वर्षको अवसर पारेर भवन उदघाटन गर्ने निर्णय गरेका छन् ।



समूह र सञ्जालको स्थानीय वडापालिकाको समन्वय र सहकार्य बढ्दै गएको छ । समूह र सञ्जालको उक्त कामले छिमेकी समुदायमा सकारात्मक प्रभाव परेको छ । स्थानीय स्रोत साधनमाथिको पहुँच बढ्दै गएको छ ।

– **चेतराज भट्ट**, जनवकालत अधिकृत, कालिकोट




# संस्थागत क्षमता विकास

सहकर्मी समाज सीमान्तीकृत समुदायले आफ्नो परिवर्तनको रुपरेखा आफैले तयार गर्नसके मात्र उनीहरुको दिगो रुपान्तरण सम्भव छ भन्ने मान्यतामा विश्वास गर्दछ। परिवर्तनको नेतृत्व र स्वामित्व लिने प्रकृयालाई दिगो रुपमा संस्थागत गर्न र स्थानीय सँगठनहरुलाई आफनो समुदायको रुपान्तरणका लागि सक्षम र सवल बनाउन स्थानीय सामुदायिक सँगठनको संस्थागत विकास प्रकृयामा जोड दिइरहेको छ। सामाजिक रुपान्तरणका लागि स्थानीय नागरिकहरुको संगठीत शक्तिलाई विधि र प्रकृया अनुरुप अघि बढ्नका लागि सहकर्मी समाजले योजनाबद्ध रुपमा सहयोग, समर्थन र साझेदारीको प्रकृयालाई निरन्तर रुपमा अघि बढाइरहेको छ।

सीमान्तीकृत समुदायमा सामुदायिक समूहहरुको स-शक्तीकरण पछि समुदायमा आधारित कार्यसञ्जाल संस्था निर्माण गरी त्यस्ता संस्थाहरुको क्षमता विकास गरी सामुदायिक समूहहरुलाई संगठीत र दिगो रुपमा अगाडि बढाउँदै लैजाने रणनीति लिँदै आएको छ। सहकर्मी समाजले बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर, दाङ र जाजरकोटमा २० वटा समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको संस्थागत विकासका लागि विभिन्न किसिमका तालिम, अन्तरक्रियाहरुको सहजीकरण तथा परामर्श प्रदान गर्दै संस्थागत विकासमा समर्थन गरिरहेको छ।

समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुले स्थानीय समुदायको सशक्तिकरण र दिगो जीविकोपार्जनका लागि आफै निरन्तर प्रयास गर्दै स्थानीय श्रोतसाधनहरुको पहिचान, संरक्षण र उपयोग गर्दै स्थानीय समस्याहरुको समाधान आफै खोज्ने प्रयासलाई निरन्तरता दिइरहेका छन् र यो प्रकृयाले उनीहरुको संस्थागत विकास मार्फत सीमान्तीकृत समुदायका मानिसहरुको जीवन सहज बनाउने लक्ष्य पुरा गर्न महत्वपूर्ण योगदान गरेको छ।

सहकर्मी समाजद्वारा संस्थागत क्षमता विकास समर्थन पुऱ्याइएका संस्थाहरु

**सुर्खेत :**

- अन्तरनिर्भर समाज सुर्खेत
- हिमालयन पर्माकल्चर केन्द्र गुमी

**बाँके**

- जनजागरण समाज, खजुरा, बाँके
- त्रिवेणी विकास समाज, हवल्दारपुर, बाँके
- जनएकता समाज हिरमिनिया, बाँके

**दाङ**

- दक्षिण देउखुरी अधिकार मञ्च, गढवा दाङ
- समाज विकास सञ्जाल, काभ्रे दाङ
- समृद्ध समाज दंगीशरण दाङ

**बर्दिया**

- थारु समुदाय विकास मञ्च, भुरीगाउँ, बर्दिया
- जनशक्ति विकास समाज, मैनापोखर, बर्दिया
- जलदीप विकास समाज, राजापुर, बर्दिया
- नेपाल गन्धर्व समाज, सोरहवा बर्दिया

**कैलाली**

- चेतना विकास समाज, हसुलिया कैलाली
- समावेशी विकास समाज, गौरीगँगा कैलाली

**कञ्चनपुर**

- सृजनशील समाज झलारी, कञ्चनपुर
- पुनर्वास विकास मञ्च, पुनर्वास कञ्चनपुर
- कञ्चन सामुदायिक विकास केन्द्र बेल्डाडी, कञ्चनपुर
- जनजागृति विकास समाज, दोधारा, कञ्चनपुर

**जाजरकोट :**

- पश्चिम जाजरकोट विकास समाज, शिवालय, जाजरकोट
- भेरी सामुदायिक विकास मञ्च, जाजरकोट

## संस्थागत सुशासन सवलीकरण



सुशासन र अनुशासन गतिशील संस्थाका आधार स्तम्भहरु हुन । सुशासनले व्यक्ति वा संस्थाको नैतिक पक्षलाई दर्शाउँछ । सामुदायिक संस्थाहरु र त्यहाँ काम गर्ने कर्मचारीको कार्यशैली सुशासित र मर्यादित हुनुपर्दछ । सहकर्मी समाज नेपालले सुशासित समाजको परिकल्पना गरेर लक्षित वर्ग, व्यक्ति, सँगठन र साझेदार संस्थाहरुको सुशासन सवलीकरणका लागि स्थापनाकालदेखि नै थुप्रै प्रयत्नहरु गर्दै आइरहेको छ । सहकर्मी समाजले संस्थागत विकासका लागि विषेश गरी नीति नियमको विकास, संस्थागत अभिलेख तथा दस्तावेजीकरण, कोचिङ्ग तथा मेन्टोरिङ्लगायतका क्षेत्रमा सहयोग, समर्थन र साझेदारी गर्दै आइरहेको छ ।

## नीति नियम विकास

सहकर्मी समाजको समर्थनमा बनेका सामुदायिक समूह, मूलसमिति र कार्यसञ्जाल संस्था सञ्चालनका लागि उनीहरुकै अनुभव, भोगाइ र सहभागिताको आधारमा सँगठन निरन्तरताको लागि आवश्यक नीति नियम निर्माण गर्ने, बनेका




र प्रयोगमा आएका नीतिनियमहरुलाई अनुभवको आधारमा पुनरावलोकन गर्ने काम सम्पन्न भएका छन् । यसवर्ष १ सय ४० वटा सामुदायिक समूह, २२ वटा मूलसमितिको नीति नियम पुनरावलोकन गरी नयाँ नियम निर्माण गरी कार्यान्वयन गर्ने काम सम्पन्न भएको छ । समुदायमा आधारित कार्यसञ्जाल संस्था पश्चिम जाजरकोट विकास समाज र भेरी सामुदायिक विकास मञ्चको पनि नियम पुनरावलोकन गर्ने र नयाँ नीयम बनाउने, जेसी पोलीसी, विपद व्यवस्थापन नीति, बाल सुरक्षा नीति पुनरावलोकन गर्ने काम सम्पन्न भएको छ भने छात्रवृति परिचालन कार्यविधि निर्माण भई कार्यान्वयनमा ल्याइएको छ ।

कोसेली कार्यक्रमअन्तर्गत दंगीशरण गाउँपालिकामा संस्थागत क्षमता विकासका लागि समृद्ध समाजमा विभिन्न नीति निर्माण तथा कार्यविधिहरु निर्माण गरी आधिकारिक रुपमा सञ्चालन तथा परिचालन गरिँदै आएको छ । संस्थाको नीति नियमअन्तर्गत भ्रष्टाचार विरुद्ध नीति, बाल सुरक्षा नीति, खरिद नीति, टाइम सिट नीति, प्रकोप न्यूनिकरण तथा विपद् व्यवस्थापन नीति तथा प्रतिवद्धताहरु, लैङ्गिक समता तथा सामाजिक समावेशीकरण नीति तथा कार्यविधिहरु निमार्ण गरी नीतिहरुको अनुसरण गर्दै आएको छ । सामुदायिक समूह, मूलसमिति, संस्थाको वार्षिक साधारणसभाको आयोजना तथा सम्पन्न गर्ने, समूह, संस्था, दर्ता, नवीकरण, सामाजिक लेखापरीक्षण, कर चुक्ता प्रमाणपत्र लिने, ९ सय ११ जनालाई सदस्यता परिचय-पत्र वितरण सदस्यता दर्ता तथा नवीकरण गर्ने कार्य नियमित भइरहेको छ ।

समाज विकास संजालले विभिन्न नीति निमार्ण गरी कार्यान्वयन गर्दै आएको छ । संस्थामा खरिद नीति, टाईमसिट नीति, भ्रष्टाचार विरुद्धको नीति, बाल सुरक्षा नीति, प्रकोप न्यूनीकरण तथा बिपद् व्यवस्थापन नीति निर्माण गरी कार्यान्वयन गर्दै आएको छ । समाज विकास संजालले आफ्नो संस्थाको विधान निर्माण गरी विधानबमोजिम काम गर्दै आएको छ । मूलसमिति कार्यविधि तयार गरी कार्यान्वयन गरिँदै आएको छ । संस्थामा

लैङ्गिक समता तथा सामाजिक समावेशीकरण नीति तयार गरी कार्यान्वयन गर्दै आएको छ। आर्थिक तथा प्रशासनिक नियमावली निर्माण तथा कार्यान्वयन गर्दै आएको छ। समूह मूलसमिति, तथा संस्थाको बार्षिक साधारणसभा सञ्चालन गर्दै आएको छ। सार्बजनिक लेखा परीक्षण र लेखा परीक्षण कार्य नियमित गर्दै आएको छ। संस्थालाई कानुनी र वैधानिक रुपमा सम्बन्धित निकायमा दर्ता तथा नवीकरण प्रकृयालाई नियमित गर्दै आएको छ। समूहको कृषि विधान तयार गरी सम्बन्धित निकायमा दर्ता तथा नवीकरण प्रकृयालाई नियमित गरेको छ।



कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा समूह मूलसमिति तथा संस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्न नीतिनियमको आवश्यकता पर्दछ। बेलाबेला नीतिनियमको पुनरावलोकन गर्दै फेरबदल गर्ने र आवश्यकता अनुसार नयाँ निर्माण गरिएको छ। सस्थामा अवस्था परिस्थिति अनुसार आवश्यक नीति नियमको विकास गरी कार्यान्वयन भैरहेको छ। संस्थाको मुल विधानको आधारमा विभिन्न नीति तथा कार्यक्रम बन्ने र बनाउने काम भएको छ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमले ओगटेको कार्यक्षेत्रमा रहेका सामुदायिक समूहहरु, मूलसमितिहरु तथा समुदायमा आधारित कार्यसंजाल संस्थाहरुले बेलाबेलामा आफ्नो आवश्यकतामा आधारित रहेर बनेका नीतिनियमका पुनरावलोकन गर्ने, थप नीतिनियमहरु निर्माण गर्ने र बनेका नीतिनियमका संस्थागत गर्ने काम निरन्तर गरिरहेका छन्। जसले गर्दा समूह तथा संस्थाहरुलाई अगाडी बढ्न मद्दत मिलेको छ।

## संस्थागत प्रकृया सवलीकरण

कोशेली कार्यक्रम जाजरकोटले यसवर्ष संस्थागत प्रकृया सवलीकरणका लागि सबै समूह, मूलसमिति र कार्यसञ्जाल संस्थाहरुको नियमित बैठक बस्ने, वार्षिक कार्ययोजना निर्माण, साधारण सम्भा सम्पन्न, लेखापरीक्षण, सार्वजनिक लेखापरीक्षण गर्ने कर चुक्ता लिने र नवीकरण गर्ने कामहरु सम्पन्न भएका छन्।



पश्चिम जाजरकोट विकास समाज र भेरी सामुदायिक विकास मञ्चलाई अझ सक्षम र सवल बनाउन एक एक पटक संस्थागत अवस्था विश्लेषण गरी सुधार गर्नेपर्ने विषयहरु पत्तालगाई सुधार र सफलताका लागि कार्ययोजना वनएर कार्यानवयन गर्ने कोशिष गरिएको छ। भेरी सामुदायिक विकास मञ्चले संस्थाको भवन निर्माणका लागि जग्गाको खोजी कार्यलाई अगाडि बढाएको छ। भेरी सामुदायिक विकास मञ्चमा आबद्ध टोल विकास संस्थाहरु पालिकामा सूचिकृतका लागि टोल बिकास संस्थाको विधान निर्माणको प्रकृया अगाडि बढाइएको छ।

कोसेली कार्यक्रमअन्तर्गत दंगीशरण गाउँपालिकामा सीमान्तकृत समुदायहरुको जीविकोपार्जन सुधार तथा स्तर उन्नतिका लागि समुदायको आवश्यकता र अग्रसरतामा सामुदायिकस्तरमा ५१ वटा समूह, वडा स्तरमा ७ वटा मूलसमिति र केन्द्रीयस्तरमा छाता सँगठनको रुपमा समृद्ध समाज संस्थाको स्थापना गरिएको छ। तदर्थ कार्यसमितिको विघटन गरी ११ जना कार्यसमिति चयन गरी संस्थागत प्रकृया  नियमित रुपमा अगाडि बढिरहेको छ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजालले समुदायमा रहेका साझा समस्याको विश्लेषण गर्ने र उक्त समस्या समाधानका लागि मूलसमिति तथा समूहको नियमित बैठकमा छलफल अन्तरकृया गरी समुदायकै मानिसहरुबाट समुदायमा रहेका श्रोत साधनको अधिकतम परिचालन गर्ने कामको योजना निमार्णमा मद्दत गर्दै आएको छ। योजना कार्यान्व्यन भए नभएको अनुगमन गर्ने आवश्यक सल्लाह परामर्श दिने काममा समर्थन दिँदै आएको छ।

समूह तथा मूलसमितिको कोष व्यवस्थापन तथा आयमूलक काममा परिचालन गर्नमा मद्दत दिने काम गरेको छ। समूह मूलसमिति तथा संस्थाको भवन निर्माणमा जग्गा खरिद गर्ने खोज्ने, भवन निर्माण गर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गरी समुदायमा आधारित काम गर्ने काममा मद्दत दिँदै

आएको छ। विभिन्न नीति तथा कार्यविधि तयार गर्ने त्यसलाई संसोधन गर्ने र कार्यान्वयन गर्दै आएको छ। समूहको विधान तयार गर्ने सम्बन्धित निकायमा दर्ता गर्ने र आवश्यक कार्यक्रम निर्माण गरी सम्बन्धित निकायमा पेश गर्दै आएको छ।

समाज विकास संजाले नियमित सदस्यता नवीकरण संस्था नविकरण गर्दै आएको छ । समूह, मूलसमिति तथा संस्थाको नियमित साधारणसभा गर्ने काम गर्दै आएको छ । साधारणसभामा वर्षभरी भएका कामको प्रगति तथा आर्थिक हिसाब पारदर्शी गर्ने र आगामी योजना निर्माण गर्दै आएको छ। समाज विकास संजालले सहकर्मी समाजसँगको साझेदारीमा सञ्चालन भएको कोशेली कार्यक्रमको सामाजिक लेखा परीक्षण सम्पन्न गरेको छ।

जनशक्ति विकास समाजलाई एक व्यवस्थित र प्रभावकारी संस्था निर्माणका लागि समुदाय स्तरबाटै लागू गरिएको छ। भइरहेका समूहहरुलाई सवल र सक्षम बनाउँदै लैजाने र आवश्यकता अनुसार नयाँ समूह बनाउदै संस्थाको कार्यप्रकृयालाई विस्तार गर्ने काम भएको छ। संस्थाको हरेक कृयाकलापहरुमा छलफल अन्तरक्रिया गरेर व्यवस्थित र प्रभावकारी बनाउन निरन्तर काम भैरहेको छ। एक आपसमा मिलेर काम गर्ने सम्बन्ध बलियो बनाउने यस क्षेत्रकै एक नमुना संस्था बनाउन सबैले आ-आफ्नो जिम्मेवारी लिँदै पूरा गरिरहेका छन्। समूह मूलसमितिहरुलाई संस्थागत रुपमा अगाडि बढाउन विभिन्न किसिमका तालिम तथा कार्यक्रम विस्तार लैजाने काम भएको छ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत सामाजिक रुपान्तरण र दिगो विकासका लागि सहकर्मी समाजले अवलम्बन गरेको प्रकृयामुखी, अधिकारमुखी, सहजीकरण र सशक्तीकरण जस्ता अवधारणाहरुको अवलम्बबाट समाजमा विभिन्न खाले कामहरु भैरहेका छन्। जुन प्रकृयाले सहकर्मी समाजको कामलाई विशिष्ठ बनाइएको छ। सरकारले समेत यस प्रकृयालाई स्वीकारेको छ। दिनप्रति दिन यस प्रकृयाको खाँचो बढ्दै गएको छ। यो कार्य प्रकृया झन झन दिगो र बलियो हुँदै गएको छ।

## अभिलेख तथा दस्तावेजीकरण

कोसेली कार्यक्रमअन्तर्गत जाजरकोट जिल्लामा समूह, मूलसमिति तथा संस्थाले गरेका योजना तथा गतिविधिहरुको प्रतिवेदन तथा दस्तावेजीकरण गरी अभिलेखको रुपमा राख्ने प्रकृयालाइ निरन्तरता दिइएको छ। संगठन तथा संस्थाका आवश्यक निर्णय, विभिन्न नियमावलीहरु, बैठक पुस्तिका तयार गरी व्यवस्थित गरिएको छ। संस्थागत आवश्यक कागजात तथा प्रमाणहरु र नीतिनियमहरुलाई अभिलेखीकरण गरिएको छ। समूहहरुलाई बचत व्यवस्थापन तथा परिचालनका लागि बचत पासवुक, खाता छपाई वितरण गरिएको छ।

कोसेली कार्यक्रमअन्तर्गत दंगीशरण गाउँपालिकामा समूह, मूलसमिति र संस्थाको सम्पूर्ण सदस्य पदाधिकारीहरुको विवरण अभिलेख, निर्माण, छलफलमा गरिएका योजना, आर्थिक आम्दानी, खर्चको अभिलेखहरु नियमित रुपमा दस्तावेजीकरण फाइलिङ गर्ने, संस्थाको साधारण सदस्यता दर्ता तथा नवीकरणको दस्तावेजीकरण र संस्थाका आधिकारिक प्रमाणपत्रहरु सुरक्षितका राख्ने विभिन्न तालिम, अन्तरक्रिया, कार्यशालाको प्रतिवेदन उपस्थित सहभागीहरुको तथ्याकं संकलन, मासिक त्रैमासिक रिर्पोट तयार पार्ने र व्यवस्थितका साथ राख्ने प्रयास गरिएको छ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजालका प्रत्येक समूह मूलसमिति तथा संस्थामा अभिलेख व्यवस्थापनका लागि विभिन्न अन्तरकृया तथा लेखा व्यवस्थापन तालिम सञ्चालन गरिएको छ। संस्था तथा मूलसमिति र समूहहरुमा विभिन्न अभिलेखहरु दस्तावेजीकरण गरिएको छ। समूह मूलसमितिको कोष, परिचालनको तथ्यांक संकलन गरी दस्तावेजीकरण गरिएको छ। संस्थाको आर्थिक अभिलेख तथा अन्य सुचनाहरुको दस्तावेजीकरण गरी व्यवस्थित गरिएको छ। संस्थाको चलअचल सम्पति विवरण, पत्रहरु दर्ता तथा चलानी गरी व्यवस्थित गरिएको छ।

संस्थामा तयार गरिएका नीति नियम, विधानहरुको दस्तावेजीकरण गरिएको छ। संस्थाको वार्षिक रुपमा अवस्था विश्लेषण गरी कमजोर रहेका क्षेत्र पत्ता लगाउने र योजना बनाई कार्यान्वयन गरिएको छ। मूलसमिति तथा संस्थामा लेखा व्यवस्थापन तालिम सञ्चालन गरिएको छ। समाज विकास संजालमा आबद्ध रहेका सदस्यहरुको सदस्यताको अभिलेख व्यवस्थित तरिकाले राखिएको छ। मूलसमिति तथा समूहको तथ्याङ्क संकलन गर्ने र दस्तावेजीकरण गर्ने काम भएको छ। सहकर्मी समाजको सहयोगमा सञ्चालन गरिएको तालिम, गोष्ठी, अन्तरकृयाहरुको प्रतिवेदन, डाटावेश तयार गरी दस्तावेजीकरण गरिएको छ। समूह, मूलसमिति तथा संस्थामा भएका छलफललाई निर्णय गरी दस्तावेजीकरण गरी व्यवस्थित गरिएको छ।

जनशक्ति विकास समाजलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि संस्थामा भएका सबै काम क्रियाकलापहरुको

लिखित अभिलेखलाई दस्तावेजीकरण गर्ने कामले सहयोग गर्दछ। जनशक्ति विकास समाजमा भएका सबै समूह मूलसमिति तथा संस्थाका तथ्यांकहरु तालिम गोष्ठी अन्तरकृया काम र सफलताका कथाहरुको अभिलेखलाई व्यवस्थित तरिकाले हार्डवेयर तथा सफ्टवेयरमा दस्तावेजीकरण गरी राख्ने अभ्यासको थालनी भएको छ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमले ओगटेको कार्यक्षेत्र भित्रका समूह, मूलसमिति तथा कार्यसंजाल संस्थासँग सम्वन्धित अभिलेखहरुको दस्तावेजीकरण गर्ने काम निरन्तर भैरहेको छ। समूह संख्या, समूह सदस्य संख्या, जनसंख्या, अपांग, युवाको संख्यालगायत परियोजना तथा संस्थाको प्रयोजनका लागि आवश्यक अभिलेखहरुको दस्तावेजीकरण निरन्तर भैरहेको छ।

## कोचिङ तथा मेन्टोरिंग

सहकर्मी समाज जाजरकोटको कोशेली तथा टोल विकास संस्था परिचालन कार्यक्रमअन्तर्गत समूह, मूलसमिति तथा संस्थामा आबद्ध भएका सदस्यहरुले भोगेका पीडा तथा जीवनमा बारबार सताइरहेका समस्याहरु जुन सार्वजनिक गर्न वा समुदायस्तरमा सबैको सामु प्रस्तुत गर्न चाहँदैनन त्यस्ता व्यक्तिगत समस्याहरु समाधानका लागि सहकर्मी समाज वा सहकर्मी समाजको सहयोगमा काम गर्दै साझेदार संस्थाका कर्मचारीमार्फत् सम्बन्धित समस्या पीडित व्यक्तिसँग बसेर उनीहरुको समस्यामा केन्द्रित रही विश्लेषण गर्ने र समस्या पीडित व्यक्तिमार्फत् नै समस्या समाधानको उपाय खोज्न मद्दत दिँदै आएको छ। यस प्रकृयाले मानिसलाई सशक्त र आफ्नो समस्या समाधानका लागि आँफैसँग क्षमता छ भन्ने आत्मबल र आत्मविश्वास जगाउन मद्दत गर्दछ। व्यक्तिगत समस्या जस्तै घरेलु हिंसा, श्रीमान श्रीमतिको झगडा, विभिन्न खालका रोगहरु जस्तै पाठेघर खस्ने, यौनरोग आदि जस्ता समस्या समाधानका लागि सहयो तथा परामर्श दिँदै आएको छ।

सीमान्तकृत समुदायका मानिसहरुको विभिन्न समस्याहरुको समाधानका लागि व्यक्तिगत तथा सामूहिक रुपमा कोचिङ्ग तथा मेन्टोरिङ गर्ने काम नियमित भइरहेको छ। व्यक्तिगत र सामूहिक समस्याहरुमा १२ जना महिलाहरुको पाठेघरसम्बन्धी, ८ जना नागरिकता, ५ जोडीले विबाह दर्ता बनाउने सम्वन्धमा, २४ जनाले परिवार नियोजनको प्रयोग सम्बन्धी विषयहरुमा कोचिङ गर्ने काम सम्पन्न गरिएको छ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजालले संजालमा आबद्ध रहेका मूलसमिति, समूहमा रहेका सदस्यहरुको व्यवसाय तथा उनीहरुको दैनिक जीवनमा आईपर्ने समस्याहरुको समाधानका लागि कोचिंङ तथा परामर्श सेवा प्रदान गर्दै आएको छ। मूलसमितिका कर्मचारीहरुको क्षमता विकासका लागि मेन्टोरिंग गर्दै आएको छ। कर्मचारीको स्वमूल्यांकन गर्ने, समुदायमा रहेका साझा समस्याहरु खोज्न र समाधानका विकल्पहरु खोज्नको लागि मद्दत दिने काम भएको छ। समूहमा तथा व्यक्तिले बनाएको योजना कार्यन्वयन भए नभएको अनुगमन गर्ने र पृष्ठपोषण दिने कार्य भएको छ। मूलसमिति तथा संस्थाबाट समूहमा जाने र परामर्श दिने काम भएको छ। समुदायमा भएका व्यक्तिगत समस्यालाई संस्थाका कर्मचारीहरु घरमै गएर व्यक्तिगत परामर्श दिने काम गर्दै आएका छन। स्थानीय तथा बाह्य श्रोतको खोजीका लागि उक्त श्रोत परिचालनका लागि नियमित बैठकहरुमा छलफल गर्रिँदै आएको छ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा व्यक्तिगत तथा सामूहिक रुपमा कोचिंग तथा मेन्टोरिंगले दोधारमा रहेका केहि गर्ने विकल्प नदेख्नेहरुलाई मद्दत दिइरहेको छ। विभिन्न क्रियापलाप गरी आयआर्जन गर्ने निष्कृय रहेका सदस्य तथा समूहहरुलाई सक्रिय बनाउन गरिरहेका कामलाई प्रभावकारी गर्न भोगिरहेका समस्याहरुको समाधानको विकल्पको खोजी गर्न स्थानीय सरकारबाट पाउने सेवा सुविधा बारेमा ३ सय ५० जना सदस्य र २६ वटा समूहलाई निरन्तर कोचिंग गरिएको छ। यसबाट निष्कृय रहेका सदस्य तथा समूहहरु सक्रिय भएका छन्। एक आपसमा मिलेर काम गरेका छन। सरसहयोग आदान प्रदान गरेका छन्। आफ्नो योजना बनाई काम गरिरहेका छन्। स्थानीय सरकारबाट पाउने सेवा सुविधाहरुको पँहुचमा वृद्धि भएकोछ। हरेक तालिम अन्तरकृया गोष्ठीमा काममा सक्रिय सहभागितामा वृद्धि भएको छ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमले ओगटेको कार्यक्षेत्र भित्रका समूह, मूलसमिति तथा कार्यसंजाल संस्थाहरुका सदस्यहरु, पदाधिकारीहरुलगायत आम समुदायलाई आश्यकताका आधारमा बेलाबेलामा कोचिंग गर्ने, परामर्श दिने काम लगातार भैरहेको छ। आवश्यकताका आधारमा अनुगमन गर्ने मेन्टोरिंग गर्ने काम पनि भैरहेको छ।

## संस्थागत सिकाइ तथा सञ्जाल विस्तार

जाजरकोटमा एउटै लक्ष र उद्देश्यमा अस्तित्वमा आएका सामुदायिक समूह, मूलसमिति र कार्यसञ्जाल संस्थाहरुको मासिक, त्रैमासिक तथा वार्षिक रुपमा सिकाइ आदान प्रदान गर्दै

आएका छन् । एक अर्कोले गरेको राम्रो काम, अनुभव र असल अभ्यासको अनुभव आदान प्रदानबाट सिकेका सिकाइहरु आ आफ्नो क्षेत्रमा लागू गर्ने अभ्यासको विस्तार हुँदै गएको छ ।



समृद्ध समाज दाङमा संस्थागत सिकाइ तथा सञ्जाल विस्तारका लागि स्थानीय सरकारका विभिन्न सरोकारवालासँगको सिकाइ तथा अनुभव आदानप्रदान, तालिम, सभा समारोह कार्यशाला, अन्तरक्रियाको आयोजनामा निमन्त्रणा गर्ने, उनीहरुको कार्यक्रममा सहभागी हुने, प्रत्यक्ष वा अप्रत्यक्ष रुपका एकआपसमा अनुभव आदानप्रदान गर्ने, समूह, मूलसमिति र संस्थागतका विभिन्न लेख, रचना, व्यावसायिक, सभा समारोह, तालिमका क्रियाकलाहरुको सूचना संचारकर्मीहरुद्वारा प्रशारण गर्ने कार्य नियमित भएको छ ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास सञ्जालले सामुदायिक समूह, मूलसमिति, संस्था तथा कर्मचारी नियमित बैठकमा अनुभव तथा सिकाइ आदान प्रदान नियमित भएको छ । समाज विकास संजाललगायतका विभिन्न संस्थाहरुको संजाल राष्ट्रिय सामुदायिक संस्था विकास केन्द्रमा आबद्ध हुने राष्ट्रिय सम्मेलनमा सहभागी भई सिकाइ आदान प्रदान नियमित रुपमा भएको छ । सहकर्मी समाजको सहयोग तथा साझेदारीमा गरिएका कामको प्रतिवेदनहरु तयार गर्ने र नियमित सिकाइ तथा अनुभव आदान प्रदान गर्रिंदै आएको छ । समाज विकास संजाल विभिन्न ९२ वटा सामुदायिक समूह तथा ४ वटा मूलसमितिको छाता सँगठनको रुपमा कार्यसंजाल संस्था गठन भएको छ । विभिन्न कार्यक्रममा वडा कार्यालय, गाउँपालिका, विभिन्न संघ संस्था, क्लबहरु, सामुदायिक विद्यालय, अस्पताल, सामुदायिक वन कार्यलयहरुसँगको समन्वय तथा सहकार्यमा कार्यक्रमहरु सञ्चालन हुने, सिकाइ आदान प्रदान गर्ने काम गर्दै आएको छ ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा संस्थाले गरे कामबाट भएका सिकाई तथा अनुभवहरुमा संस्था चल्नका लागि संस्थाको आफ्नै आन्तरिक कार्ययोजना हुनपर्छ । आफ्नै आन्तरिक श्रोतबाट निरन्तर विभिन्न क्रियाकलापहरु गर्दै लैजान सकिन्छ । संस्थाको कर्मचारी र कार्यसमिति बीचको सम्बन्ध नङ र मासुको जस्तो बनायो भने संस्थाका हरेक कामलाई कुनै समस्या विना नै समाधान गर्न सकिन्छ । यदि संस्थाको कार्ययोजना र नीतिअनुसार काम गऱ्यो भने संस्था कहिले पनि असफल हुँदैन् ।

कार्यसमिति कर्मचारी तथा सरोकारवालाहरुसँग स्पष्ट सञ्चार गऱ्यो भने कुनै पनि समस्या आउँदैन । समूह मूलसमिति तथा संस्थामा नियमित आन्तरिक श्रोतहरुको विश्लेषण गरिराख्यो भने परिचालन गर्दै दिगो बनाउन सकिन्छ । समूह मूलसमितिलाई नियमित भेटघाट अवलोकन र अन्तरकृया गर्दै आवश्यक सल्लाह सुझाव दिँदै गऱ्यो भने सम्बन्ध बलियो रहने दिगो बनाउन सकिन्छ । एक आपसमा मिलेर काम गर्नका लागि पर्याप्त मात्रमा छलफल अन्तरकृया र समस्या विश्लेषण गर्न अति आवश्यक छ ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमले ओगटेको कार्यक्षेत्र भित्रका सरकारी तथा गैरसरकारी संघसंस्थाबीच वा संजाल संजालवीच र समूह समूहबीच पनि वा समूह र संघसंस्था वा स्थानीय सरकार र प्रदेश सरकारबीच पनि समय समयमा आश्यकताअनुसार सिकाइ आदान प्रदानका कार्यक्रमहरु नियमित रुपमा भैरहेको छ । कार्यक्षेत्रमा समूह, मूलसमिति र कार्यसंजाल निर्माणको काम भैरहेको छ ।

त्रिवेणी विकास समाजले संस्थागत विकास संजाल ललितपुरसँगको साझेदारीमा सञ्चालन गरेको “सर्वाङ्गीण विकासका लागि महिला तथा बालिकाहरुको सशक्तिकरण परियोजना” अन्तर्गत जानकी गाउँपालिका वडा नं. ३ इन्द्रपुर, वडा नं.४ खजुराखुर्द र वडा नं. ६ गनापुरमा गरी ९/९ जनाका दरले २७ जना साथी शिक्षकहरु र २५/२५ जना बालबालिकाहरुको दरले ७५ जनाको सहभागितामा बाल क्लब गठन गरी संजाल विस्तार गरेको छ ।

साथी शिक्षक किशोर किशोरी तथा बालबालिकालाई नियमित बैठक, बाल विवाह न्यूनीकरणसम्बन्धी सचेतनामूलक अभियान, बृहत् यौनिकता शिक्षा बारे उमेर सुहाउँदो शिक्षा जस्ता क्रियाकलापहरुले बालबालिकाहरुलाई बाल विवाह रोकथाममा सहयोग भएको छ भने जानकी गाउँपालिकालाई २०७८ भदौ २८ गतेका दिन खुला बालविवाह मुक्त पालिका घोषणा भएको छ । त्रिवेणी विकास समाजका कार्यसमिति पदाधिकारी तथा मूलसमितिका पदाधिकारीहरुको सहभागितामा वार्षिक सिकाइ आदानप्रदान कार्यशाला सम्पन्न गरिएको छ ।

## साझेदारी विकास

सहकर्मी समाज साझेदारी विकासमा विश्वास गर्दछ । विकास,परिवतन र सामाजिक रुपान्तरण एक्लै सम्भव छैन भन्ने मान्यता साथ सहकर्मी समाज जाजरकोटले आफू र आफ्ना साझेदारहरु कार्यसञ्जाल संस्था, समूह, मूलसमितिहरुलाई साझेदारी विकासका लागि अग्रसर गराएको छ । भेरी नगरपालिका र सहकर्मी समाजविच टोल विकास संस्था परिचालनका लागि विगत ४ वर्षदेखि हुँदै आएको साझेदारी सम्झौता पुनः निरन्तरताका लागि सम्झौता भएको छ भने वारेकोट गाउँपालिका र कुशे गाउँपालिकासँग साझेदारी विकासका लागि प्रकृया अघि बढिरहेको छ।

शिवालय गाउँपालिका र पश्चिम जाजरकोट विकास समाज बीच घुम्तीकोष परिचालन कार्यक्रमका लागि गाउँपालिकासँग कुराकानी भई कार्यक्रम निर्माण र सम्झौताका लागि प्रकृया अगाडि वढिरहेको छ । शिवालय कृषि विकास शाखा र पश्चिम जाजरकोट विकास समाजबीच साझेदारी विकास गरी समुदायका मानिसहरुलाई फलफूल खेती, तरकारी खेती, खाद्य बाली उत्पादन वृद्धिका लागि आवश्यक समर्थन तथा कृषि तालिमहरु उपलव्ध गराइएको छ । समूह सदस्यहरुको आयआर्जन वृद्धिका लागि TCP GLOBAL FUND र कार्यसञ्जाल संस्थाहरुबीच साझेदारी सम्झौता भई कार्यक्रम सञ्चालन भएको छ।

सहकर्मी समाजको साझेदारीमा विगत दुई वर्षदेखि साभेदारीको रुपमा दंगीशरण गाउँपालिकाको सीमान्तकृत समुदायमा कोशेली कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस समृद्ध समाजको साझेदारी विकासलाई विस्तार गर्नका लागि वडा, पालिका, तथा अन्य सरकारी गैर सरकारी संघ संस्थाहरुमा प्रस्तावपत्र पेश गर्ने कार्य जारी छ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजाल काभ्रे दाङले कार्यक्रमको प्रभावकारी परिचालनको लागि मूलसमिति तथा समूह तथा समुदायको साझेदारी गरी उनीहरुको क्षमता विकासमा समर्थन दिँदै आएको छ । महिला पोषण तथा व्यक्तिगत सरसफाइ, जलवायु अनुकूलन, जीविकोपार्जन सुधार दिगो कृषि बीउ प्रणाली, पशुपालनका लागि साना किसानलाई समर्थन, जेसी, सम्बन्धी विभिन्न तालिम, अन्तरकृयाहरु सञ्चालन गरिएको छ। समूहका सदस्यहरुको जीवनस्तरमा सुधार गर्नको लागि घुम्तीकोष रकम वितरण र त्यसको परिचालनको लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिँदै आएको छ। संस्थाले सहकर्मी समाज नेपालको प्राविधिक सहयोगमा ९ लाख ३० हजार TCP Global fund प्राप्त भएको छ। उक्त रकमको प्रभावकारी परिचालन गरी विभिन्न १ सय ८८ जनाले बाख्रापालन, नगदेबाली, तरकारी खेती, भैँसीपालन, बंगुरपालन जस्ता व्यवसायहरु सञ्चालन गरी आयस्तरमा सुधार ल्याएका छन्।

स्थानीय सरकार वडा कार्यलयहरुसँगको समन्वयमा विभिन्न कार्यक्रमहरु नारिदिवस तिजविशेष र लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन गरेको छ। सहकर्मी समाजको सहयोगमा संचालित ग्लोवल फन्ड समूहहरुको साझेदारीमा कार्यान्वयन गरिँदै आएको छ। कार्यक्रम विकासका लागि विभिन्न कार्यक्रमहरु महिला पोषण तथा स्वास्थ्य कार्यक्रम, खानेपानी तथा वातावरण संरक्षण कार्यक्रम, जीविकोपार्जनसम्बन्धी कार्यक्रम महिला लक्षित कार्यक्रम बनाई सम्बन्धित निकाय वडा कार्यालय, गाउँपालिका, सहकर्मी समाज, सीपीआई, र अन्य संघसंस्थाहरुमा पेश गर्ने काम नियमित हुँदै आएको छ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा साझेदारी विकास गर्दै जनशक्ति विकास समाजलाई दिगो बनाउनका लागि जनशक्ति विकास समाजले विभिन्न विषयमा प्रस्तावपत्र तयार गरी पेश गरेको छ । बढैयाताल गाउँपालिकामा र वडाहरुमा सामाजिक विकास र आयआर्जनका लागि २२ वटा प्रस्तावपत्र पेश गरिएको छ। आगामी वर्षका लागि निरन्तर भेटघाट भईरहेको छ। टिसिपी ग्लोवल फण्डसँग सम्झौता गरी घुम्तीकोष कार्यक्रम शुरुवात भएको छ । अष्ट्रेलियन एमवीसीमा एउटा प्रस्तावपत्र पठाउने काम भयो । अन्य साझेदारी गरी काम गर्न चाहने संस्था खोजी र प्रस्तावपत्र पेशगर्ने योजना रहेको छ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत स्थानीय सरकारसँग नियमित रुपमा संवादहरु गर्ने, आवश्यकता अनुसार भौतिक तथा मानवीय सहयोग गर्ने, ज्ञान सीप तथा श्रोत साधनमा साझेदारी गर्ने काम निरन्तर रुपमा भैरहेको छ। गत वर्ष भेरी नगरपालिका, जुनीचाँदे गाउँपालिका र छेडागाड नगरपालिकासँग टोल विकास संस्था परिचालनका लागि साझदारी भयो भने यस वर्ष पनि भेरी नगरपालिका र जुनीचाँदे गाउँपालिकासँग साझेदारी गर्ने काम निरन्तर रुपमा भैरहेको छ।

त्रिवेणी विकास समाजले कोहलपुर नगरपालिकासँग महिला, बालबालिका, अपांग तथा ज्येष्ठ नागरिक सशक्तीकरण कार्यक्रम र कोरोना भाइरसविरुद्ध जनचेतनामूलक कार्यक्रम गरी

२ वटा कार्यक्रम जम्मा २ लाख ५० हजारको कार्यक्रमका लागि साझेदारी गरी कार्यक्रम सम्पन्न गरेको छ । त्रिवेणी विकास समाजले जीविकोपार्जन, स्वास्थ्य, महिलाहरुको सशक्तीकरण, संस्थागत विकास जस्ता विषयमा ७ वटा प्रस्तावहरु तयार गरी विभिन्न सरकारी, गैरसरकारी दातृ निकायहरुमा पेश गरेको छ।

## श्रोतमाथिको पहुँच तथा दिगोपना

आर्थिक तथा सामाजिक सुधारका लागि श्रोत माथिको पहुँच र दिगोपना अति आवश्यक छ । जाजरकोटका सामुदायिक समूहहरु स्रोत माथिको पहुँच बढाउन सरोकारवाला निकायहरुसँग नियमित भेटघाट छलफल गर्ने, आफूले स्थानीय स्रोत परिचालनबाट गरेका काम र प्रगतिको विषयमा प्रचार प्रसार गर्ने प्रकृयाले समुदायको स्रोत माथिको पहुँचमा वृद्धि भएको छ । समूहहरु स्थानीय तहमा सूचिकृत हुने र कृषि, पशुपक्षि शाखामा दर्ता हुने कार्यले पनि समूह तथा समुदायको स्रोत माथिको पहुँचमा वुद्धि हुने हुँदा पश्चिम जाजरकोट तथा भेरी सामुदायिक विकास मञ्चमा आबद्ध २५ प्रतिशत समूहहरु कृषि शाखामा दर्ता भई कृषिबाट प्राप्त हुने सेवा सुविधा प्राप्त गर्न सक्षम भएका छन् ।



समूह तथा कार्य सञ्चाल संस्थाले स्रोत माथिको पहुँच दिगोपनाका लागि प्राप्त सेवा सुविधा सही सदुपयोग भए नभएको अनुगमन गर्ने, गराउने, सरोकारवालाहरुसँग समीक्षा गर्ने, आफूले स्वामित्व लिने जस्ता जिम्मेवार गतिविधिले सामुदायिक समूहहरुको स्रोत माथिको पहँचमा विस्तार र दिगोपनाका आधार बन्दै गएको छ। आयआर्जनमा सुधार तथा आर्थिक प्रगतिका लागि १ सय ४० वटा समूहहरुले बचत कोष स्थापना गरी उक्त बचत आयमूलक काममा लगानी गरिएको छ र त्यसलाई व्यवस्थापनका लागि पासबुक तथा लेजरको व्यवस्था गरिएको छ।

कोसेली कार्यक्रमअन्तर्गत दंगीशरण गाउँपालिकामा सीमान्तकृत समुदायका मानिसहरुको सीप क्षमताको विकासका लागि नियमित समर्थन गर्दै आएको छ । समुदायमा रहेका विद्यमान समस्याहरुको छलफल तथा विश्लेषण गर्ने र समाधानका लागि स्थानीय श्रोत साधनको प्रयोग तथा संरक्षणमा वृद्धि भएको छ, समाधान गर्न जटिल समस्या समाधानका लागि सम्बन्धित निकायमा पेश गर्ने, पहल गर्ने कार्य नियमित भएको छ । श्रोतमाथि पहुँच वृद्धि तथा दिगोपनाका लागि स्थानीय सरोकारवाला र समुदायवीच नियमित अन्तरक्रिया, सहकार्य, भेटघाट सम्वाद गर्ने आफ्ना योजनाहरु पेश गर्ने कार्य नियमित हुँदै गएको छ । श्रोतमाथिको पहुँचमा वृद्धि भई लगभग ३५ लाख बराबरी कृषि, भौतिक संरचना निर्माण, जीविकोपाजर्न सुधारका लागि स्थानीय तथा प्रदेश सरकारबाट सरकारी बजेट प्राप्त गरी विभिन्न योजनाहरु कार्यान्वयन गरेका छन् ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास सञ्जालले सीमान्तकृत समुदायका मानिसहरुको श्रोतमाथिको पहुँच वृद्धि गर्न र दिगो बनाउनको लागि समूह तथा मूलसमितिमा नियमित रुपमा परामर्श दिने, योजना निर्माणमा सहयोग गर्ने, योजना कार्यन्वयन भए नभएको अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण दिने काम गर्दै आएको छ। अन्य संस्थाबाट प्राप्त श्रोतको हिसाब पारदर्शी गर्ने, मितव्ययी हुने र श्रोतको दिगो व्यवस्थापनका लागि पहल गर्दै आएको छ।

गाउँपालिका तथा वडा कार्यालयले सञ्चालन गरेको विभिन्न तालिम अन्तरकृया, गोष्ठी, तथा सेवा सुविधाहरुमा नियमित जाने र सहभागि हुने काम निरन्तर भएको छ। विभिन्न स्थानीय तह तथा अन्य शाखाहरुबाट बजेट विनियोजन गर्ने उक्त बजेटको उचित प्रयोग गरिँदै आएको छ। स्थानीय श्रोतमा सीमान्तकृत समुदायको पहुँच वृद्धि गर्नको लागि गाउँपालिकामा ३४ वटा समूहहरु दर्ता गरिएको छ। करिब ५७ वटा व्यक्तिगत फर्म दर्ता गर्नमा समर्थन गरिएको छ।

श्रोत प्राप्तिका लागि २२ वटा समूह तथा मूलसमितिले विभिन्न ४० वटा कार्यक्रम बनाई पेश गरेका छन। वडा तथा गाउँपालिका र अन्य संघसंस्थाहरुसँगको नियमित भेटघाट भएको छ । समाज विकास संजालले सञ्चालन गरेका प्रत्येक कार्यक्रममा जनप्रतिनिधिहरु सहभागी गराउने काम नियमित भएको छ । यसबाट स्थानीय सरकारसँग समन्वय र सम्बन्ध विस्तार भएको छ । समाज विकास संजालले मानवीय विकासमा समर्थन गर्दै आएको छ। जबसम्म विपन्न तथा सीमान्तकृत समुदायका मानिसहरुमा चेतनाको वृद्धि हुँदैन तबसम्म उनीहरु श्रोत प्राप्त गर्न सक्दैनन् । मानवीय विकासमा श्रोतमाथि पहुँच बढाउन समाज विकास संजाल निरन्तर प्रयत्नशील रहेको छ।

कोशेली कार्यक्रमअन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा समूह मूलसमिति तथा संस्थाको आफ्नै श्रोतहरु छन् । समूह मूलसमिति तथा संस्थाको दिगोपनाका लागि आफ्नै आन्तरिक श्रोतको पहिचान तथा परिचालन गर्ने प्रयास गरिएको छ । स्थानीय सरकारसँग मिलेर काम गर्न विभिन्न अभ्यास भैरहेको छ । समूहमा रहेको समूह बचतकोषबाट विभिन्न योजना बनाउने काम गर्ने गरेका छन् । आफ्नो विकास आफैबाट गर्नुपर्छ भनेर विकासका हरेक काममा सामुदायिक सहभागितामा वृद्धि भएको छ । स्थानीय सरकारसँग नियमित भेटघाट गर्दै योजना माग गर्ने बानीको विकास हुन थालेको छ । भैरहेका विकास निर्माण काममा चासो बढेको छ ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत सहकर्मी समाजको कार्यप्रकृया र सामुदायिक समूहहरुको काम गर्ने तरिकाले गर्दा दिनप्रतिदिन सामुदायिक समूह, मूलसमिति र साझेदार संस्थाहरुले सरकारी सेवा सुविधा माथिको पहुँचमा वृद्धि गरेका छन् । यो वर्ष मात्र १ करोड बराबरका ४६ वटा योजनाहरु प्राप्त गरेका छन् । प्राप्त श्रोतको सामुदायिक समूहहरुले अधिकतम सदुपयोग गरेका छन् ।

## पैरवी तथा क्षमता विकास

समुदायका समस्या, अभाव, कुलत, कुसंस्कार, विभिन्न विभेद, भ्रष्टाचारविरुद्ध र राज्यद्वारा प्रदत्त हक अधिकारका सन्दर्भमा संस्था, मूलसमिति र समूहमा गरिएका छलफल विश्लेषणबाट समुदायका मानिसहरुमा सरोकारवालाहरुसँग बहस पैरवी गर्न सक्ने क्षमताको विकास भएको छ । आफ्ना समुदायको समस्याका वारेमा सरोकारवाला स्थानीय निकायहरुसँग वहस गरी सेवा प्राप्त गर्ने समूह संख्यामा वृद्धि भएको छ । पैरवी तथा क्षमता विकासका लागि समूहमा आवद्ध समुदायका मानिसहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ र बजेट विनियोजनका शिर्षक तथा क्षेत्रको बारेमा अध्ययन गरी सोहीअनुसार भए नभएको सूचना, जानकारी लिने र सचेतनाका लागि अग्रसर हुन थालेका छन् ।



दंगीशरण गाउँपालिकामा समूह, मूलसमिति र संथाको नियमित बैठकबसी समुदायका साझा समस्याहरुको पहिचान छलफल, विश्लेषण, बहस गरी उपयुक्त योजना बनाइ सम्बन्धित ठाउँमा वकालत गर्ने जस्ता कार्यहरु समुदायका मानिसहरुको अग्रसरतामा वृद्धि भएको छ । समृद्ध समाजमा समूह, मूलसमिति र संस्थाका पदाधिकारीहरुलाई जनवकालत सीप विकास तालिम र लेखन सीप विकास तालिम सम्पन्न गरिएको छ ।

कोसेली कार्यक्रमअन्तर्गत समाज विकास संजाल काभ्रेले आफ्नो पहिचान स्थापित गर्न र संस्थागत विकासमा मद्दत दिन समूह तथा मूलसमितिलाई पैरवी तथा क्षमता विकासको लागि आवश्यक परामर्श दिदै आएको छ । चुनढुङ्गा उत्खनन तथा ओसारपसारले समुदायमा पर्न गएको असरलाई न्युनीकरण गर्नका लागि विभिन्न संघ संस्था वडा कार्यालय, गाउँपालिकासँग सहभागि भई संम्बन्धित निकायमा ध्यानाकर्षण गर्ने कार्य सम्पन्न गरेको छ । विभिन्न जाँड रक्सी जुवातासलाई रोक्नका लागि समूह तथा समुदायका मानिस परिचालनमा परामर्स दिँदै समर्थन गरेको छ ।

स्थानीय सरकारको कामको प्रभावकारी परिचालन गर्न र समुदायको चासो अनुरुप काम गर्नमा सम्बन्धित निकायलाई पहल गर्दै आएको छ । समुदायमा भएका साझा समस्याको पहिचान गर्ने र समूह मूलसमिति तथा संस्थाको साधारणसभामा स्थानीय सरकार विभिन्न संघसंस्थाका प्रतिनिधिहरुलाई बोलाएर सम्बोधन गर्ने काम नियमित भएको छ । समाज विकास संजालले स्थानीयस्तरमा रहेका सरोकारवालालाई बोलाएर समन्वय बैठक सञ्चालन गरेको छ । स्थानीयस्तरमा रहेका समस्या तथा चुनौतीको समाधानका लागि कहाँबाट कसरी पहल गर्ने भन्ने कुरामा बहस गरिन्छ । समाज विकास संजालबाट सामुदायिक समूह, मूलसमितिहरुमा नियमित जनवकालत तथा पैरवी सम्बन्धी छलफल अन्तरक्रियाहरु सञ्चालन गर्दै आएको छ ।

कोशेली कार्यक्रम अन्तर्गत जनशक्ति विकास समाज मैनापोखर, बर्दियामा सामुदायिक समूहहरुले भोगिरहेका साझा सवाल तथा समस्याको पहिचान गरी समाधानका लागि बहस छलफल तथा पैरवी गरी समुदायको क्षमता विकास गर्न निरन्तर गरिरहेको छ । साझा सवाल र समस्याको विषयमा अगुवाइ समुदायका अगुवा नेतृहरु तयार गरी जनशक्ति विकास समाजले सहजीकरण गर्ने काम गर्दै आएको र भविष्यमा निरन्तर गर्ने प्रतिबद्धता गर्दछ ।

सुशासनमा नागरिक सशहभागिता कार्यक्रमअन्तर्गत सामुदायिक समूह तथा मूलसमिति एवं कार्यसंजाल संस्थाहरुले विभिन्न

सवालहरुमा निरन्तर रुपमा पैरवी गरिरहेका छन् । चाहे त्यो योजना तर्जुमाका बेला होस् या कुनै कार्यालयमा श्रोत वितरणको वेला विज्ञापन गर्दा होस यात कुनै रोजगारका कार्यक्रम गर्दा होस् । अधिकारमुखी पद्धतिलाई अवलम्बन गदै पैरवी सीपको विकास भएको छ । विभिन्न तालिम, गोष्ठी, छलफल, अन्तरकृयाले समूह तथा संजाल एवं पालिका समेतको पनि पैरवी तथा अन्य सीपमा पनि विकास भएको छ ।



कोशेली कार्यक्रमअन्तर्गत नेपाल गन्धर्व समाज सोरहवा, बर्दियामा विभिन्न किसिमका तालिम र कार्यशालाबाट ज्ञान, सीप र धारणाको विकास भई समुदायका मान्छेको पैरवी क्षमतामा विकास भएको छ । विकास निर्माण, बाटोघाटो, अन्याय, विभेद जस्ता सवालमा वकालत तथा पैरवी गर्न थालेका छन । वकालत गरेर केही सफलता हासिल गर्न थालेका छन् । नेपाल गन्धर्व समाज समाज, सोरहवा बर्दियाले बढैयाताल गाउँपालिका बर्दिया र प्रदेश सरकारसँग समुदायका साझा सवालहरुमा माग तथा ज्ञापन पत्र दिनेकाम गरेका छन् । समुदायका साझा सवाल सम्बोधनका लागि लुम्बिनी प्रदेशका शहरी विकास मन्त्रीसहितको टोली गन्धर्व बस्तीमा पुगी ज्ञापनपत्रअनुसारको समाधानका लागि विकल्पसहितको सल्लाह दिनु भएको थियो । बाटो, खानेपानी, बालशिक्षा, रोजगारी, आयआर्जन र कृर्षि क्षेत्रमा सहभागी हुन समुदायका मानिसहरु सक्रिय भएर सीप, क्षमताअनुसार काममा लाग्नुपर्ने, स्थानीय सरकारले आफै गर्नसक्ने काम आफै गर्ने, नसक्ने कामका लागि प्रदेश सरकारसँग सिफारिस गर्ने सुझाव मन्त्रीले दिनु भएको थियो ।

सफलताको कथा

# शिला पुनको सफलता

तरकारी खेतीमा रमाउने शिला पुनले आफ्नो बारीमा विभिन्न तरकारी लगाउनुभएको छ । उहाँ कोहलपुर नगरपालिका वडा नं. ८ झर्कट्टी गाउँमा बस्दै आउनुभएको छ । उहाँ त्रिवेणी विकास समाजमा आवद्ध रहेको चेतना समूहमा आबद्ध हुनुहुन्छ । शिला पुन ६० बर्षको हुनुहुन्छ । उहाँको परिवारमा ४ जना हुनुहुन्छ । तरकारी खेतीलाई मुख्य आम्दानीको श्रोत बनाउनुभएको शिला पुन चेतना समूहको स्थापनाकालदेखि नै करिब १९ बर्षदेखि चेतना समूहमा सकृयताकासाथ आबद्ध हुनुहुन्छ ।

पहिला पहिला घरमा खानाका लागि अलिअलि तरकारी लगाउने गर्नुहुन्थ्यो भने प्राय: तरकारी बजारबाट किन्ने गर्नुहुन्थ्यो । जब समूहसँग आवद्ध हुनुभयो, त्यतिबेलादेखि नै विभिन्न छलफल, बैठकमा बस्दै जानुभयो । तरकारी खेती गरी आम्दानी गर्न सकिने रहेछ भन्ने कुरा सिक्दै जानुभएको कुरा सुनाउनुहुन्छ । समूहले एकातिर चलाख बनायो भने अर्कोतिर आम्दानीको वैकल्पिक उपायहरु सिकाउने माध्यम बन्यो । अन्तत: तरकारीखेती गरी मनग्ये आम्दानी गर्ने कृषकको रुपमा चिनाउने अवसर त्रिवेणी विकास समाजले जुराईदियो भन्ने कुरा बताउनुहुन्छ शिला पुन ।



त्रिवेणी विकास समाजले सहकर्मी समाजको प्राविधिक सहयोग र विकास कोष नर्वेको आर्थिक सहयोगमा सञ्चालन गर्दै आएको "जीविकोपार्जनमा आधारित दिगोपन र सशक्तिकरणका लागि सामुदायिक परिचालन "कोशेली" कार्यक्रमको पहिलो वर्ष २०२१ मा शिला पुनलाई समूहबाट निर्णय गरी दुई दिनको तरकारी बेर्ना उत्पादन तथा नर्सरी व्यवस्थापन सम्बन्धि तालिममा पठाईएको थियो । तालिम पश्चात उहाँले तरकारी खेतीलाई अझ सशक्त रुपमा अगाडी बढाउनुभयो । तालिमबाट सिकेको ज्ञान सीप उहाँले आफ्नो बारीमा प्रयोग गर्नुभयो । समूहबाट २ लाख ऋण माग गरी उहाँले बीउ, बे

बाँकी पेज नं. ५४ मा



# फेष्ट अवधारणा विकास तथा बिस्तार

सहकर्मी समाज उपेक्षित तथा सीमान्तीकृत समुदायको सशक्तीकरण तथा सामाजिक रुपान्तरणका लागि प्रतिबद्ध गैरसरकारी संस्था हो । सहकर्मी समाजले विगत २५ वर्षदेखि उपेक्षित तथा सीमान्तीकृत समुदायको क्षमता विकासका माध्यमबाट सीमान्तीकृत समुदायलाई आफनो लक्षित समुदाय बनाएर क्रियाशील रहेका सरकारी तथा गैरसरकारी संस्थाहरुको मानव श्रोत विकास र संस्थागत क्षमता विकास र संस्थागत सुशासनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ।

आवश्यकता तथा अनुरोधमा देशका विभिन्न जिल्लाहरुमा सहकर्मी समाजले विभिन्न फेष्ट अवधारणामा आधारित तालिम, अन्तरक्रिया, कार्यशालाहरु र परामर्शका लागि काम गर्दै आइरहेको छ । समुदायका मानिसहरुसँग ज्ञान, सीप, अनुभव र क्षमता छ भन्ने कुरामा विश्वास गर्दै सहकर्मी समाजले सशक्तीकरण तथा सामाजिक रुपान्तरणका लागि सहजीकरण Facilitation for Empowerment and Social Transformation [FEST] अवधारणामा काम गर्दै आफ्नो असल अभ्यास र सिकाईहरुलाई आदान प्रदान गर्दै आइरहेको छ।

समुदायका मानिसहरुभित्र रहेको अन्तरनिहीत क्षमताको उजागर गर्ने वातावरण निर्माणका लागि सहजीकरण गर्ने, आलोचनात्मक चेतना विकास गरी विश्लेषणात्मक क्षमता र विकल्प छनौट गर्नका लागि अवसर प्रदान गर्दछ । आत्मविश्लेषण तथा भोगाइहरुको विश्लेषण गर्दै विभिन्न विकल्पहरुको छनौट गरी स्थानीय श्रोतसाधनको पहिचान, परिचालन र संरक्षण र उपयभोगको योजना बनाई कार्यान्वयन गर्ने प्रकृया अवलम्बन गर्नका लागि उचित वातावरण गरी विकासलाई दिगो र जीवन उपयोगी बनाउनका लागि निरन्तर प्रयासरत रहेको छ।

सीमान्तीकृत समुदायले देखेको सपनाका आधारमा आफ्नै वरिपरि रहेका स्थानीय श्रोतसाधनहरुको पहिचान र परिचालन मार्फत् जीवन सहज बनाउने प्रयास र प्रयत्नहरुको शुरुवात गर्न सहजकरण प्रकृयाले योगदान गर्दै विकास के हो ? विकास किन आवश्यक छ ? विकास कस्का लागि ? विकास कस्ले गरिदिन्छ ? जस्ता सवालहरुको तथ्यपरक विश्लेषण गराउँदै समुदायका मानिसहरुमा आफनो जीवनप्रतिको आशावादी बनाउने र निराशा, हीनतालाई चिर्दै हामी गर्न सक्छौ भन्ने महसुसले मानिसको जीवनलाई गतिशील बनाउन सहजीकरण प्रकृयाले योगदान गर्दै आएको छ।



मानिसहरुमा सकारात्मक सोच र धारणाको विकास तथा व्यवहारमा परिवर्तनका लागि सहजीकरण गर्दै उनीहरुमा विकास भनेको आफनो जीवन सहज बनाउनका लागि आवश्यक रहेको धारणा ल्याउँदै विकास अभियानमा सहभागिता बढाउँदै सरकारी सेवा सुविधाहरुको प्रकृया बुझ्ने र श्रोतप्राप्तिका लागि आवश्यक चासो राख्ने वातावरण निर्माण गर्दै आईरहेको छ।

सीमान्तीकृत समुदाय आफैले मिलेर सामूहिक रुपमा गरेका विकास निर्माणका उत्तम अभ्यासहरु छन्, त्यस्ता अभ्यासहरुलाई प्रोत्साहित गर्दै उनीहरुका अनुभव र भोगाइमा आधारित भएर गरिने गहन छलफल विश्लेषण र अन्तरक्रियाहरुले उनीहरुको जीवनमा सकारात्मक सोचको विकाससँगै आफना लागि आफै भन्ने भावना प्रवल रुपमा विकास भई जीवनप्रति उत्साह सृजना हुँदै आएको छ।

आफूले गरेका कामहरुमा स्वामित्वको महसुस गर्ने, जीवन सहज भएको महसुस गर्ने र आफैले गरेका कामहरुको उपभोग र संरक्षणका क्षेत्रमा उनीहरुको सहभागितामा वृद्धि हुने र सामूहिक रुपमा गरिने काम स्वाभाविक रुपमा गुणस्तरीय र दिगो हुने विश्वास सृजना भएको छ। हरेक विकास प्रकृयाले मानिसको जीवन सहज हुने कुरालाई महसुस गरी सामूहिकतामा विश्वास गर्ने कुराको थालनी हुँदै प्राप्त ज्ञान, सीप, क्षमता र अनुभवहरुको पुनः प्रयोग गर्दै जीवन सहज बनाउने अभ्यासहरुको थालनी भएको छ।

फेष्ट अवधारणाअन्तर्गत सरकारी तथा गैरसरकारी संस्थाका लागि उनीहरुकै माग बमोजिम सहकर्मी समाजले सहजीकरण सीप विकास, नेतृत्व सीप विकास, संस्थागत विकास, सामुदायिक सुशासन सवलीकरण, रणनैतिक योजना विकास, आवधिक योजना विकास, जनवकालत जस्ता विभिन्न तालिम तथा कार्यशालाहरुको सहजीकरण गर्दै आइरहेको छ। सहकर्मी समाजले फेष्ट अवधारणा विस्तार तथा संस्थागत दिगोपनाका लागि सहकर्मी तालिम तथा अनुसन्धान केन्द्र स्थापना गरी कार्य गदै आएको छ। यो सहकर्मी समाजको आफ्नै संस्थागत परियोजना हो । यस तालिम केन्द्रमा आवासीय सुविधायुक्त भवन निर्माण भई परिचालनमा समेत आएको छ। त्यसैगरी सहकर्मी ट्रेनिङ्ग तथा रिसर्च सेन्टरका माध्यमबाट सीमान्तीकृत समुदायको क्षमता विकास सँगसँगै उनीहरुका विविध सवालहरुमा अध्ययन अनुसन्धानका कामहरुलाई क्रमशः अघि बढाइरहेको छ र भविष्यमा यसलाई अझ प्रभावकारी बनाउने योजना बनाइएको छ।

आर्थिक वर्ष २०७८/०७९ मा सहकर्मी समाजले फेष्ट अवधारणा विकास तथा विस्तारका लागि सम्पन्न गरिएका क्रियाकलापहरु निम्नानुसार रहेका छन्।

### क) नीति तथा कार्यप्रकृया विकास तथा विस्तार

सहकर्मी समाजले संस्थाको संस्थागत विकास तथा फेष्ट अवधारणाको विकास तथा विस्तारका लागि आवश्यक पर्ने नीति तथा कार्यप्रकृया विकास गरी लागू गर्दै आइरहेको छ। संस्थाका कतिपय नीतिहरुमा संशोधन गरी समयानुकूल परिमार्जन गरेको छ।





### ख) क्षमता विकास तालिम

यो अवधिमा सहकर्मी समाजले व्यवस्थापन तहका दुइटा कार्यशालाहरुको आयोजना गरी काम तथा क्रियाकलापहरुको समीक्षा गर्दै कार्ययोजना निर्माण गरी कार्यान्वयन गरेको छ भने कर्मचारीहरुको क्षमता विकासमा यी कार्यशालाहरुको महत्वपूर्ण योगदान रहेको छ । राजापुर नगरपालिका बर्दिया र गौरीगंगा नगरपालिका कैलालीका जनप्रतिनिधिहरु र विषयगत शाखाका प्रमुख कर्मचारीहरुका लागि जनकेन्द्रित विकास अवधारणा कार्यशालाहरु सम्पन्न गरिएका थिए ।

सहकर्मी समाजले सहकर्मी ट्रेनिंग तथा रिसर्च सेन्टर कोहलपुरमा आफ्नै कर्मचारीहरुका लागि दुईवटा सशक्तिकरण र सामाजिक रुपान्तरणका लागि सहजीकरण (फेष्ट) १३ दिने आधारभूत तालिम सञ्चालन गरेको थियो । ती तालिमहरुमा बाजुरा, दाङ, कैलाली, बांके, बर्दिया र जाजरकोटका प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

### ग) कोचिंग तथा परामर्श

सहकर्मी समाजको समर्थनमा निर्माण भएका बांके, बर्दिया, दाङ, जाजरकोट, कैलाली, कञ्चनपुर र बाजुरामा सञ्चालनमा रहेका समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरु, मूल समिति र सामुदायिक समूहहरुको संस्थागत विकासका लागि नियमित रुपमा कोचिंग तथा परामर्श सेवा सञ्चालन गरिएको थियो ।

ती संस्थाहरुको नियमित वैधानिक प्रकृया अनुरुपका वार्षिक साधारणसभाहरुको आयोजना तथा संस्थागत सुशासन सवलीकरणका लागि विभिन्न नीति निर्माण, संशोधन तथा कार्यविधिहरु निर्माण र कार्यान्वयनका सवालहरुमा नियमित रुपमा कोचिंग तथा परामर्श दिने कार्य गरिएको थियो ।

### घ) प्रकाशन तथा सूचना सम्प्रेषण :

यो अवधीमा सहकर्मी समाजले वार्षिक प्रतिवेदन २०७७/०७८, सहकर्मी गोजीपात्रो २०७९, देहात कि चिराग अंक ३८ र ३९, कोभिड कोरोना भाईरससम्बन्धि हातेपर्चा, होम क्वारेन्टाइन जानकारी सम्बन्धि हातेपर्चा, भेष्ट, टोपी र झोला लगायतका सामग्रीहरुको प्रकाशन तथा वितरण गरेको छ ।












सफलताको कथा

पेज नं. ५० को बाँकी

## शिला पुनको सफलता

मौसमी तरकारी खेतीका लागि प्लाष्टिक टनेल खरिद गरी धारा तथा मोटर जडान गरी तरकारीखेती गर्नमा अग्रसर हुनुभयो । जसमा परिवारका सदस्यहरुको पनि सहयोग तथा समर्थन पर्याप्त मात्रामा रहदै आएको छ ।



शिला पुनको बारीमा विभिन्न जातका तरकारीहरु टमाटर, सिमी, फर्सी, काउली, काँक्रा, खुर्सानी आदि फलाउने गर्नुभएको छ । बेमौसमी तरकारीहरु फलाएर स्थानीय तरकारी हाट बजार हवल्दारपुरमा हप्ताको २ दिन बिक्री गर्दै आउनुभएको छ । तरकारी विक्रीबाट खर्च कटाएर वार्षिक ७० हजार आम्दानी गर्नुभएको कुरा उहाँले सुनाउनुहुन्छ । आफ्नै घरमा उत्पादित तरकारी खानाले पारिवारिक स्वस्थ्य, तथा आर्थिक बचत बचत हुने गरेको छ । उहाँको तरकारी उत्पादनमा मेहनत र प्रगती देखेर समूहका अन्य सदस्यहरुले पनि तरकारी खेती गरी आम्दानी गर्न थालेको कुरा सुनाउनुहुन्छ ।

**– मीना बुढा,**
सामुदायिक प्रशिक्षक, त्रिवेणी विकास समाज, बाँके

## बढ्दै गएको हौसला निशा थारूको

बढैयाताल गाउँपालिका ३ दौलतपुर निवासी निशा थारु चेतना विकास समूहको कोषाध्यक्ष हुन् । उनको घरमा २ छोरी र श्रीमान हुनुन्छ । श्रीमान् नेपाल प्रहरीमा जागिर गर्नुहुन्छ भने उनी खेती किसान गर्छिन् ।

उनी चेतना समूहमा २०६५ सालदेखि बस्दै आईरहेकी छन् । समूहमा बसेदेखि विभिन्न तालिम गोष्ठि अन्तरकृयामा सहभागी हुने गर्छिन । उनी वडा स्तरीय ३ नं. वडाको समाज जागरण मूल समिति र जनशक्ति विकास समाजको पनि सदस्य हुन् । समूह मूलसमिति तथा संस्थाको हरेक क्रियाकलापहरुमा सक्रिय रुपमा सहभागी हुन्छिन् । उनको समूहमा २५ जना सदस्य छन् । समूहका सबै सदस्यहरुलाई समूहको हरेक काममा सकृय बनाउने मिलाएर लैजाने गर्छिन् । समूहमा आएका समस्याहरुको समाधानमा अगुवाइ गर्छिन् । समूह सदस्यहरुलाई आयआर्जनका काममा अग्रसर हुन हौसला बढाउँछिन् भने आफूले पनि आयआर्जनका कामगर्दै आईरहेकी छन् । जनशक्ति विकास समाजले आयोजना गर्ने सबै कार्यक्रममा सहभागी हुन मिल्ने मा सकृय सहभागीता देखाउछिन् ।

जनशक्ति विकास समाजले आयोजना गरेको तरकारी नर्सरी स्थापना र उद्यमशीलता विकास तालिममा सहभगी भई तालिम पश्चातका काम गरिरहेकी छन् । तरकारी नर्सरी स्थापना तालिमपछि खुर्सानीको बेर्ना बेचेर मात्र २ हजार रुपैयाँ आम्दानी गरिन् र घरको करेसाबारी १० धुर जतिमा खुर्सानी र साग लगाएकी छन् । काउलीको बेर्ना उमार्न जग्गा तयार गरिराखेकी छन् । करेसाबारी नियमित तरकारी लगाउने गर्थिन तर तालिम पछि त्यस कामलाई व्यवस्थित गरेर लगाउने सोच अनुसार गरिरहेकी छन् । उद्यमशीलता विकास तालिम लिएपछि बंगुर पालन गर्ने योजनाअनुसार जनशक्ति विकास



समाजको घुम्तीकोष २५ हजार पाएर १ बंगुर र २ बाख्रा खरिद गरी पालिरहेकी छन् । बंगुरको खोर बनाउने मिस्त्री नपाएर अहिले तेत्तिकै रहेको र धान काटेर सक्ने बित्तिकै दुई कोठाको खोर बनाउने र अर्को बंगुर थप्ने योजना रहेको उनी बताउँछिन् ।

पहिले खेतको काम सकेपछि तेसै बस्ने हुन्थ्यो अहिले बाख्रा र बंगुरको काममा व्यस्त हुन्छु । खर्सानीको बेर्ना २ हजारको बेचे त्यसबाट हौसला बढेकोछ । बंगुरपालन व्यवसायलाई व्यवस्थित रुपमा लैजान खोर बनाउने र शुरुवात गर्ने श्रीमान्को जागिर पेन्सन भएपछि दुवै जना मिलेर बंगुर व्यवसाय नै गर्ने सल्लाह भएको छ । अहिले देखि नै तयारी गर्ने सोचमा छौं । म खुशी छु मेरो पहिचान पहिले भन्दा बढेको छ । गाउँमा केही समस्या आयो भने तैले सक्छेस् गर भन्छन कोसिस गर्छु ।

**– ज्योति थापा,**
कार्यक्रम व्यवस्थापक, जनशक्ति विकास समाज




# सहकर्मी समाजका संस्थागत विकास गतिविधिहरू

सहकर्मी समाजले स्थापना कालदेखि नै उपेक्षित तथा सीमान्तीकृत समुदायको सामुदायिक सशक्तीकरण, सामुदायिक सुशासन सवलीकरण, जीविकोपार्जन सुधार, संस्थागत विकास, मानवअधिकार र कर्तब्य प्रवर्द्धन, शान्ति तथा मेलमिलाप, स्वास्थ्य तथा सरसफाइ आदि क्षेत्रमा काम गर्दै आएको छ। सहकर्मी समाज सशक्तिकरण र सामाजिक रुपान्तरणका लागि सहजकरण (फेष्ट) अवधारणामा विश्वास गर्ने गैर सरकारी संस्था हो । उपेक्षित तथा सीमान्तीकृत समुदायलाई आफ्नो लक्षित वर्ग बनाई काम गर्ने विभिन्न सरकारी, गैरसरकारी संघसंस्थाहरु तथा समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुको क्षमता विकासका लागि तालिम, अन्तरक्रिया, परामर्श तथा मेन्टोरिंग आदि सेवा निरन्तर रुपमा प्रवाह गर्दै आइरहेको छ।

सहकर्मी समाजले यसको परिकल्पना, मूल्य मान्यता अनुसारका क्रियाकलापहरु सञ्चालन गर्दै विभिन्न संस्थागत गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ। आर्थिक वर्ष २०७८/०७९ मा संस्थागत विकासका लागि गरेका गतिविधिहरु निम्नानुसार छन् :

### क) २१ औं वार्षिक साधारणसभा :

सहकर्मी समाजको २१ औ वार्षिक साधारणसभा २०७८ पुष ४ गते सुर्खेत स्थित होटल शुभमा सम्पन्न भएको थियो। सहकर्मी समाजका अध्यक्ष रत्नबहादुर गाहामगरको अध्यक्षतामा सम्पन्न उक्त साधारणसभाको उद्घाटन कर्णाली प्रदेश प्रमुख माननीय तिलक परियारले एक समारोहबीच गर्नु भएको थियो।

२१ औं वार्षिक साधारणसभाले उपाध्यक्षमा मिठ्ठु कार्की, महासचिव दिपकराज भण्डारी, सचिव रमा लम्साल, कोषाध्यक्ष बखतबहादुर के.सी., सदस्यहरु रेनुराज भट्राई, ज्ञानु केसी, टिका रोकाय र थीरबहादुर सुनारलाई निर्वाचित गरेको थियो।

### ख) सहकर्मी समाज कार्यसमितिको बैठक :

यो अवधिमा सहकर्मी समाज कार्य समितिका नियमित बैठकहरु सम्पन्न भई सहकर्मी समाजका विभिन्न परियोजनाहरुको कार्यान्वयनको अवस्था, विभिन्न नीतिहरुको निर्माण तथा पुनरावलोकन गर्ने काम सम्पन्न गरिएको थियो।

### ग) कार्यक्रम विकास तथा कार्यान्वयन

सहकर्मी समाजले यो अवधिमा विभिन्न कार्यक्रमको विकास गरी दाताहरुसमक्ष प्रस्तुत गरिएका छन । यो अवधिमा द एसिया फाण्डेशन, ईयू, सेफ/आईरिस एड, सिमावी, यूएनडीपी लगायतका दातृ निकायहरुमा कार्यक्रम विकास गरी पठाउने काम गरिएको छ।

### घ) अनुभव आदान प्रदान

सहकर्मी समाजले यो अवधिमा लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेश सरकारहरुसँग संस्थाका गतिविधिबारे अनुभव आदान प्रदान गरिएका छन्।

### च) स्थानीय सरकारहरुसँगको नियमित समन्वय र सहकार्य

सहकर्मी समाजले यो अवधिमा लुम्बिनी,कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानीय तहसँग नियमित सम्पर्क, सम्वाद, समन्वय र सहकार्यलाई तीव्रता दिएको छ। कर्णाली, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेश सरकार, प्रदेशसभा सदस्यहरुसँग अन्तरक्रिया सम्पन्न गरिएको थियो।

# सहकर्मीबारे जनप्रतिनिधिहरू



सिपि घर्ती, नगरप्रमख,
भेरी नगरपालिका, जाजरकोट

## सामुदायिक सुशासन सवलीकरणमा योगदान

शासनमा नागरिकहरूको अर्थपूर्ण सहभागिता बिना गरिएको विकास दिगो हुन सक्दैन, नागरिकहरूलाई संगठित गरी उनीहरूलाई विभिन्न माध्यमबाट नागरिक शिक्षा प्रदान गर्दै नागरिकहरूलाई उनीहरूको अधिकार र कर्तब्यकोबारेमा सचेतना बनाउने, सामूहिक रुपमा मिलेर काम गर्ने र विकास प्रकृयालाई जीवन उपयोगी बनाउनका लाागि तयार पार्ने कामले मानवीय विकास अघि बढाउछ ।

स्थानीय शासन प्रकृयामा आम उपभोक्ताहरूलाई सुशासन संस्कृतिको निर्माण गर्न सकेमात्रै जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई सुशासित गराउन सकिन्छ । आम उपभोक्ताले नियमानुसार काम गर्ने गराउने अभ्यासको थालनी आवश्यक छ । स्थानीय सरकारको कार्य प्रकृयालाई अवलम्बन गर्दै नियमकानुन, कार्यप्रकृया र कार्यविधि विपरीत जसरी पनि काम गराउन खोज्ने प्रवृत्तिले भ्रष्टाचारलाई गोडमेल गर्दछ ।

सहकर्मी समाजले स्थानीय सीमान्तिकृत समुदायलाई संगठित गर्ने, उनीहरूलाई नागरिक शिक्षालगायत स्थानीय सरकारका नीति कार्यक्रम, कार्यविधिहरू र कार्य प्रकृयाहरूकोबारेमा जानकारी दिने, सामूहिक रूपमा स्थानीय श्रोतसाधनहरूको पहिचान, परिचालन र उपयोग गर्ने सामुहिक अभ्यासमा निरन्तर क्रियाशील रहने कार्यप्रकृयाले स्थानीय रुपमा सामुदायिक सुशासन सवलीकरण गर्न योगदान गरेको छ र हामी मिलेर गर्न नसक्ने काम केही हुदै न भन्ने विश्वास सृजना गर्नका लागि भेरी नगरपालिकामा टोल विकास संस्थाहरूको निर्माण र परिचालनमार्फत सहजीकरण गर्दै आईरहेको छ ।

आफ्ना क्रियाकलापहरूलाई विभिन्न अन्तरक्रियात्मक रूपमा आदान प्रदान गर्ने र स्थानीय सरकारसँगको सहकार्यमा काम गर्ने अभ्यासले सहकर्मी समाजल आफूलाई गैरसरकारी संस्थाहरूको बीचमा छुट्ट पहिचान गराउन सहज भएको छ । सहकर्मी समाजले भेरी नगरपालिकासँग विगत कार्यकालदेखि नै सहकार्य गर्दै आईरहेकोछ । भविष्यमा स्थानीय सरकारका सब काम कारबाहीहरूमा सहयोगी भूमिका खेलदै स्थानीय सुशासन सवलीकरण, नागरिक शिक्षा र सामुदायिक परिचालनको अभियानमा सहकर्मी समाजले निरन्तर काम गरिरहेको हामीले पाएका छौ ।

स्थानीय विकास प्रकृयामा मानवीय र भौतिक विकासको सन्तुलन बनाएर आम नागरिकहरूको जीवन सहज बनाउने अभ्यासमा स्थानीय सरकारका रूपमा आफूले निरन्तर प्रयास गरिरहेको र हाम्रो प्रयासमा गैरसरकारी संस्थाको तर्फबाट सहकर्मी समाजले सञ्चालन गरेको संगठित समुदाय परिचालन र सचेतीकरणको काम गरी सघाएको महसुस गरेका छौ । भविष्यमा निरन्तर रूपमा सहकार्य, समन्वय र श्रोतको आदान प्रदानको क्षेत्रमा सहकर्मी समाजले आफनो भूमिका बढाउन सकोस, शुभकामना ।



शेरबहादुर शाही
अध्यक्ष, शिवालय गाउँपालिका जाजरकोट

सहकर्मी समाजको समर्थनमा सञ्चालित पश्चिम जाजरकोट विकास समाजलाई छोटो समयमा राम्रोसँग चिन्ने मौका प्राप्त भयो । यस संस्थाले समुदायमा रहेका कमजोर व्यक्तिहरूको जनचेतनामा वृद्धि, सामूहिक सहभागिता, र आयआर्जनमा वृद्धिका लागि काम गरेको पाईयो । संस्थाले ज्यादै कम लगानीमा धेरै काम सम्पन्न गर्ने गरेको र समाजमा रहेका सामुदायिक समूहहरूमा मेलमिलाप, आपसी सहयोग र सदभावको भावना बढेको पाइयो । यस संस्थाले गर्ने क्रियाकलापहरूमा पारदर्शिता, इमान्दारिता र सक्रिय सहभागिताले मलाई निकै हर्षित बनाएको छ । म नवनिर्वाचित शिवालय गाउँपालिकाको अध्यक्षको आफ्नो कार्यकालामा यस पश्चिम जाजरकोट विकास समाजसँग सहकार्य, समन्वय गरी अगाडि बढ्ने र

प्रदेशसँग पनि यस संस्थाको बारेमा आवश्यक पहल गर्नेछु । यस संस्थामा कार्यरत कर्मचारी ब्यवहार र कार्यालय ब्यवस्थापनप्रति मा ज्यादै खुशी छु । यस संस्थालाई जाजरकोटको पश्चिम क्षेत्रकै एक उत्कृष्ट संस्थाको रूपमा परिचित गराउने कुरामा सक्रिय रूपमा सहयोग गर्ने छु । आगामी दिनहरूमा यस पालिकाबाट सञ्चालन हुने सबै कार्यक्रमहरूमा साझेदारी र सहकार्य गराउँदै संस्थालाई अगाडि बढाउने मेरो चाहना छ ।



## नरेन्द्रकुमार शाही

**पूर्वअध्यक्ष, शिवालय गाउँपालिका**

सहकर्मी समाजको समर्थनमा स्थापित पश्चिम जाजरकोट विकास समाज शिवालय गाउँ पालिकामा स्थापित स्थानीय संस्थाको रूपमा परिचित संस्था हो । यसले शिवालय गाउँपालिकामा रहेका कमजोर समुदायका व्यक्तिहरूलाई एकताबद्ध गरी सामुदायिक समूहहरू निर्माण गरेको छ । सामुदायिक समूहहरूले सामुदायिक मेलामिलाप, सरसफाइ, एकताको भावनालागायत पालिकाबाट सञ्चालित विभिन्न योजना आयोजनाहरूको निर्माणमा सहयोग, सहजीकरण र आवश्यक सललाह दिने काम गरीरहेका छन । गाउँपालिका अध्यक्षको हिसावले गाउँपालिकाले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरूमा यस संस्थालाई प्रत्यक्ष रूपमा सहभागि गराउने र संस्थाले आयोजना गरेका क्रियाकलापहरूमा सहभागी भएर आवश्यक सर सललाह दिने काम गर्दै सँगसँगै अगाडि बढने काम भयो । मेरो कार्यकालमा संस्थाको सामुदायिक भवन निर्माणका लागि आवश्यक जग्गा र केहि रकम उपलब्ध गराई सस्थाको सामुदायिक भवन निर्माण गर्ने काम सम्पन्न भयो । हाल आएर यस संस्थाले गर्ने क्रियाकलापबाट गाउँपालिकालाई पनि सहयोग मिलेको छ । यो संस्थाले शिवालय गाउँपालिकाको शोभा पनि बढाएको छ । संस्थाको निरन्तर प्रगतिको कामना गर्दछु ।



## कुमारी थापा

**पूर्वउपाध्यक्ष, शिवालय गाउँपालिका जाजरकोट**

पश्चिम जाजरकोट विकास समाज र मेरो एकदमै नजिकको सम्बन्ध रहेको छ । यस संस्थाले शिवालय गाउँपालिकाका सबै वडाका विकट बस्तीमा रहेका कमजोर समुदायका सदस्यहरूलाई समेटेर बनाएका समूहहरूमा म प्रत्यक्ष रूपमा अनुगमन र समूह बैठकमा गएर बुझ्ने मौका पाए । समुदायका दिदीबहिनीहरूसँग संस्थाले मलाई बेलाा बेलाामा भेटघाट र झन परिचित गराउँने मौका प्रदान गरेको थियो ।

समुदायका कमजोर वर्ग तथा पढाइ लेखाइ नभएका महिला र कमजोर समुदायका व्यक्रिहरूलाई एकताबद्ध रूपमा अगाडी बढाएको देख्दा मलाई ज्यादै खुसी लाग्थ्यो । संस्थाले आयोजना गरेका कार्यक्रमहरूमा मलाई सहभागिता गराइन्थ्यो । समयको उचित सदुपयोग गर्ने र भनेकै समयमा उपस्थित हुने, निश्चित समयमा कार्यक्रम सम्पन्न गर्ने यस संस्थाको नियम मलाई ज्यादै राम्रो लाग्ने गर्दथ्यो । शिवालयका दिदीबहिनीहरू सक्रिय भएको र एकताबद्ध रूपमा लागेको देख्न पाएकोमा मलाई गौरव लागेको छ । सरकारले गर्ने काम र पश्चिम जाजरकोट विकास समाजले गरेको महशुस हुने गर्दथ्यो । दिदीबहिनीहरू त्यहि समूहमा बसेर आफूले खानेछाक कटाएर त्यही रकम समूहकोषमा जम्मा गरेर चारपाँच लाखसम्म समूहमा बचत भएको र यसैबाट कुखुरापालन, बाख्रापालन, भैसीपालन जस्ता व्यवसाय सञ्चालन गरेको मैले देख्ने मौका पाएँ । यस्ता व्यवसाय गर्दै आएका मानिसहरूलाई गाउँपालिकाको तर्फबाट आफूले कसरी सहयोग गर्न सकिन्छ भन्ने विचार गरेर अन्तमा पश्चिम जाजरकोट विकास समाजले गठन गरेका समूहमा आबद्ध सदस्यहरू र अन्य थप केही दलित, कमजोर महिला दिदीबहिनीहरूको आयआर्जन वृद्धि गर्ने र उनीहरूको कामको बोझलाई केही हदसम्म कम गरी व्यवसायी बनाउने उद्देश्यले महिला समूहहरूलाई उपाध्यक्ष घुम्तीकोष कार्यक्रम भनेर गाउँपालिकाबाट ९ लाख रूपयाँ छुट्याउने काम गरेकी छु । पालिकाले त्यसको कार्यविधि निर्माण नगरेकोले उक्त कार्यक्रम कार्यान्वयनमा ढिलाइ भयो । अर्को नवनिर्वाचित उपाध्यक्षलाई निरन्तरता दिन सललाह दिएकी छु । म अहिले यस संस्थाले गठन गरेको नवज्योति समूहमा आबद्ध भएकी छु । संस्थाले गरेका असल कामहरूको उच्च सम्मान गर्दै संस्थाको प्रगतिको कामना गर्दछु ।



**जस्बिर वली,** वडा अध्यक्ष
शिवालय -८, जाजरकोट

पश्चिम जाजरकोट विकास समाज संस्था बन्नुभन्दा अघि सहकर्मी समाजले काम गर्दादेखि नै निरन्तर रूपमा सँगै हिड्ने र संस्थाको विषयमा जान्ने मौका प्राप्त भएको थियो । हाल म पहिलो पटक देशमा सम्पन्न भएको स्थानीय निर्वाचनमा म शिवालय गाउँपालिका वडा नं. ८ को वडा अध्यक्षको रूपमा निर्वाचित भए । मेरो पाँच वर्षको कार्यकालमा पनि पश्चिम जाजरकोट विकास समाजले आयोजना गरेका कार्यक्रमहरूमा निरन्तर सहभागि हुने र यसका विषयमा अध्ययन र आवश्यक सरसललाह दिने कामहरू हुदै आए । दोस्रो कार्यकालमा निर्वाचित हुदाँसम्म हामीसँगै रहका छौ । पश्चिम जाजरकोट विकास समाजले ज्यादै महत्वपूर्ण र समाज रूपान्तरणको असल कार्य गर्दै आएको छ । यस मध्ये मलाई संस्थाले गरेका केही असल कामहरूले समाजमा एक फरकपन लयाएको छ । पहिले समाजमा हुने विभिन्न कार्यक्रमहरूमा पुरुषमात्र सहभागि हुने र महिलाहरू घरको काममा सिमित हुन्थे । यस संस्थाले समूहमा गर्ने नियमित छलफल र अन्तरक्रियाहरूबाट अहिले अन्य कार्यक्रमहरूमा महिलाको सहभागिता बढन थालेको छ । समाजमा रहेका विपन्न परिवारका व्यत्रिक्तहरू सक्रिय भई आयआर्जनको बाटोमा लागेका छन । यस संस्थाले मानिसहरूको चेतना वृद्धि गरी तरकारीखेती, बाखापालन, कुखुरापालन, पसल व्यवसाय सामाजिक सरसफाइका कामहरू गरिरहेका छन । परम्परागत खेति प्रणालीलाई कम गर्दै आधुनिक र नगदे बाली खेतिगर्न प्रेरित गरेकोछ । यस संस्थाले सुरूवात गरेको अर्को काम विभेदको न्यूनिकरण पनि हो । म शिवालय गाउँपालिका वडा नं. ८ को वडा अध्यक्षको हिसावले संस्थासँग सहकार्य र समन्वय गर्दै संस्थाका कामहरूलाई सहजीहरण र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै यस संस्थाले गरेका कामहरूको उच्च सम्मान गर्दछु ।

## सफलताको कथा

# गृहणीबाट अग्रणी नेतृत्वमा पोवित्रा

पोवित्रा जिसीको जिम्मेवारीको उचाइ बढ्दै गएको छ । आफ्नै टोलमा समूह सदस्य भएकी उनी क्रमश: समूह अध्यक्ष, मूलसमिति अध्यक्ष र कार्यसंजाल संस्थाको सदस्य हुँदै २०७४ को स्थानीय निर्वाचनमा बंगलाचुली गाउँपालिका वडा नं. ५ मा महिला सदस्यमा भारी मतले विजय भइन् र कार्यपालिका सदस्यमा पनि छनोट भइन् । पोवित्राले समाजमा रहेका साझा सवालहरुमा पैरवी तथा वकालत गर्ने काममा अगुवाइ गर्थिन् ।



कहिले महिला शोषणका कुरा, कहिले महिला हिंसाका कुरा त कहिले समुदायमा रहेका खानेपानी, शिक्षा, स्वास्थ्य र जीविकोपार्जनका कुरामा आवाज उठाउने काम गरिन् । सामाजिक रुपान्तरणका सवालमा उनी सधै क्रियाशील छन् । पहिला घरको चुलो चौकोमा सिमीत पोवित्राको अहिले सामाजिक सम्बन्ध र जिम्मेवारीको दायरा निकै फराकिलो हुँदै गएको छ ।

पोवित्रा जिसीको घर बंगलाचुली-५ झेल्नेटा दाङमा पर्छ । उनी ४२ वर्षकी भईन । ७ वर्षको उमेरमा स्कुल भर्ना भएकी पवित्राले ३ महिनामै पढाइ छो डिन् । त्यो बेलामा छोरीलाई पढाउने कुरा प्राथमिकताको विषय थिएन ।

पोवित्रा ९ वर्षकी हुँदा उनका बुबा भारतीय सेनामा भर्ती भए तर भर्ति भएको ३ बर्षमै लडाईमा ज्यान गुमाए । बुवाको मृत्युपछि उनको घरमा संकट आइपऱ्यो । आमाले समस्याहरुसँग जुध्दै उनीहरुलाई हुर्काईन । १३ बर्षको कलिलो उमेरमा विवाह बन्धनमा बाँधिएकी पोवित्राले ७ वर्षसम्म घरको चुलो चौकोमै जीवन काटिन् ।

उनका श्रीमानले स्थानीय झेल्नेटा बजारमा खुद्रा पसल सुरु गरे । सुरु गर्ने बित्तिकै देशमा संकटकाल लाग्यो । उनीहरुले पसल पनि बेचे । संकटकाल कम भएपछि फेरि घर भाडामा लिएर पसल सुरु गरे ।

सहकर्मी समाज नेपालले २०६६ सालमा गाउँबस्तीमा समूह गठन गर्दै थियो । पोवित्रा परिवर्तन समूहको सदस्य बन्ने मौका पाइन् । समुदायका साझा समस्यालाई समुदायले नै समाधान गर्नुपर्ने कुरामा उनी डटेर लागिन् । समूह परिचालनले समाजमा सामाजिक एकता, सहयोग र मेलमिलाप वढ्यो । समूह बचत संकलन र परिचालनले आर्थिक अवस्थामा सुधार आयो ।

बैठक, तालिम र अन्तरक्रियाले महिलाहरुको क्षमतामा क्रमिक वृद्धि भयो । पोवित्राको सामाजिक सक्रियता देखेर उनको पार्टीले चुनावमा उमेदवार बनायो । पोवित्रा आफ्नो वडामा सवैभन्दा वढी मत पाएर निर्वाचित भइन् ।

सामाजिक काममा निकै रुचि राख्ने पोवित्राको अग्रसरताले उनी मूलसमितिको अध्यक्ष हुन सफल भइन् । उनको क्रियाशीलता देखेर गाउँमा हुने सभा समारोह, बैठकहरुमा बोलाउने र विचारहरु राख्न दिए जसले गर्दा पोवित्रा झन खारिदै र परिपक्क बन्दै गइन् । आफ्नै वडाको कार्यवाहक वडाध्यक्ष भएर काम गर्दा पनि पोवित्राले धेरै सिकेको बताउँछिन् । उनको ६ जनाको परिवार छ । महिलाहरु घरको काममा मात्र सिमित नभै सामाजिक काममा अगाडि बढ्नु पर्ने पोवित्राको अनुभव छ ।

# Sahakarmi Samaj
## Birendranagar, Surkhet
## Balance Sheet
### As on 31st Ashad 2079 (15th July, 2022)

| Sources of Funds | Annexure | As at 31st Asadh 2079 Amount Rs. | As at 31st Asadh 2078 Amount Rs. |
|---|---|---|---|
| **Capital Funds** | | | |
| SS Capital Fund | | 27,142,251.93 | 19,114,676.55 |
| Add : This year SS Capital Fund | | - | 8,027,575.38 |
| | | **27,142,251.93** | **27,142,251.93** |
| **Reserves and Surplus** | | | |
| Previous Year's Balance | 1 | 6,367,573.67 | 7,323,123.02 |
| Add: Surplus (Deficit) | | (1,492,006.67) | (955,549.35) |
| **Accumulated Surplus** | | **4,875,567.00** | **6,367,573.67** |
| **Current Liabilities** | | | |
| Account Payables | 2 | 4,786,275.55 | 1,952,456.44 |
| Unspend Donors' Funds | 2 | 51,886,731.62 | 85,507,829.73 |
| **Current Liabilities** | | **56,673,007.17** | **87,460,286.17** |
| **Total Sources of Funds** | | **88,690,826.10** | **120,970,111.77** |
| **Application of Funds** | | | |
| **Fixed Assets** | 3 | | |
| a Cost Price | | 18,256,162.57 | 19,114,676.55 |
| b. This Year Addition | | - | - |
| c. Accumulated Depreciation | | 798,592.38 | 858,513.98 |
| **Written Down Value** | | **17,457,570.19** | **18,256,162.57** |
| **Current Assets** | | | |
| Inventory | | - | - |
| Advance and Deposit | 2 | 43,843,395.03 | 45,003,732.50 |
| Cash and Bank Balances | 2 | 27,389,860.88 | 57,710,216.70 |
| **Total Application of Funds** | | **88,690,826.10** | **120,970,111.77** |

Annexure 1 to 19 forms an integral part of this financial statement
Date: 2079/07/17
Place: Kohalpur, Banke

As per our report of even date

Admin/Finance Advisor
Lal Bahadur Malla

Executive Director
Ammar Bdr. Air

Treasurer
Bakhat Bdr. Khadka

Chairperson
Mitthu Kumari KC

CA Tanka Prasad Paneru
T.Paneru & Co.
Chartered Accountants

WORKING TOGETHER FOR CHANGE THROUGH EMPOWERMENT — SAHAKARMI SAMAJ — सहकर्मी समाज

T. PANERU & CO. — NEPAL — CHARTERED ACCOUNTANTS

# Sahakarmi Samaj

## Birendranagar, Surkhet

### Income & Expenditure Statement for the FY 2078/079

**For The Period Ending 31st Asadh 2079 (15th July, 2022)**

| Particulars | Annexure | As at 31st Asadh 2079 Amount Rs. | As at 31st Asadh 2078 Amount Rs. |
|---|---|---|---|
| **Income** | | | |
| sahakarmi samaj internal income | | 135,580.78 | - |
| Li-bird Pokhara for SFF/ ERC-19 | | - | 905,484.00 |
| EU / ICCO for REAL Program | | 2,572,522.74 | 5,839,892.77 |
| SHEP Ireland for PCGS Program | | - | 96,687.00 |
| DF Norvey for COSELI Program | | 23,901,081.00 | 13,533,253.51 |
| EU/IM/Tdh (ECPSNGG Program) | | 43,294,745.69 | 25,979,912.46 |
| Irish Aid & DF (Matual Fund) | | 3,877,619.00 | 3,303,470.59 |
| Irish Aid /SHEP (NCESLG Program) | | 8,695,326.64 | 9,813,380.82 |
| Wild Gesee (Change the Game Academy) | | 436,536.00 | 4,067.96 |
| SIMAVI (WASH Program) | | 9,742,697.00 | 5,245,327.66 |
| Local Govt. (TCCB Program Jajarkot) | | 4,002,049.00 | 1,992,616.00 |
| FASTENOFER for CAPFS | | 1,946,937.00 | - |
| Cordiad CERN - COVID 19 | | 18,311,516.00 | - |
| ACT Alliance - COVID 19 | | 11,197,136.00 | - |
| Staff Contribution for Schoolarship | | 247,417.40 | 1,360,046.42 |
| **Total Income** | | **128,361,164.25** | **68,074,139.19** |
| **Expenditure** | | | |
| Pro: Sahakarmi Institutional Development Fund | 4 | 289,469.00 | 63,635.00 |
| Pro: SFF/Economics Response to Covid - 19 | | - | 803,383.00 |
| Pro: Community Organizing for Sustainable and Empowerment based Livelihood Improvement (COSELI) Program | 5 | 23,901,081.00 | 13,583,367.00 |
| Pro: Right to Earn A Living (REAL) Program | 6 | 3,075,905.21 | 6,358,828.00 |
| Pro: Promoting Community Governance through Strenthening (PCGS) | 7 | - | 96,687.00 |
| Pro: WASH SDG Program | 8 | 9,742,697.00 | 5,274,763.00 |
| Pro: Irish Aid & DF Matual Fund | 9 | 3,877,619.00 | 3,333,775.00 |
| Pro: NCESLG Program | 10 | 8,695,326.64 | 9,865,536.50 |
| Pro: ECPSNGG Program | 11 | 43,294,745.69 | 26,783,850.06 |
| Pro: Change the Game Academy | 12 | 436,536.00 | 8,295.00 |
| Pro: Tole Committee Capacity Building | 13,14 15,16 | 3,995,610.00 | 1,999,055.00 |
| Pro: Community let Agroecological practices for Sovereignty | 17 | 1,946,937.00 | - |
| Pro: Covid 19 Emergency Response in westren Nepal (CERN) | 18 | 18,311,516.00 | - |
| Pro: ACT Covid 19 response NPL211 | 19 | 11,197,136.00 | - |
| Pro: SS- Staff Welfare Fund | | 290,000.00 | - |
| Depreciation | 3 | 798,592.38 | 858,513.98 |
| **Total Expenditure (b)** | | **129,853,170.92** | **69,029,688.54** |
| **Surplus (Deficit) During the year** | | **(1,492,006.67)** | **(955,549.35)** |

Annexure 1 to 19 forms an integral part of this financial statement
Date: 2079/07/17
Place: Kohalpur, Banke

As per our report of even date

| Admin/Finance Advisor | Executive Director | Treasurer | Chairperson | CA Tanka Prasad Paneru |
|---|---|---|---|---|
| Lal Bahadur Malla | Ammar Bdr. Air | Bakhat Bdr. Khadka | Mitthu Kumari KC | T.Paneru & Co. Chartered Accountants |